यौनशिक्षा-५

पिसाबसम्बन्धी रोगहरू

सङ्कलन एवं नेपालीमा भावानुवाद : मोहनप्रसाद सापकोटा

विषयसूची

खण्ड १

मूत्रकृच्छ्र रोगको परिभाषा, कारण र प्रकार

Painful micturition of dysurea

नेपाली परिभाषा

(क) के.यन.स्वामी (मूत्रकृच्छ्र) :

पत्थरी, प्रमेह आदिबाट हुने मूत्रेन्द्रियको एक रोग, जसमा पिसाबले च्याप्ने तर पिसाब थोपा थोपा हुने वा नहुने हुन्छ ।

(ख) नेपाली बृहत् शब्दकोश (मूत्रकृच्छ्र) :

रोकिईरोकिई थोरथोरै पिसाब हुने र पिसाब गर्दा ज्यादै दुख्ने एक रोग; मूत्रक्षरण ।

प्राचीन ग्रन्थका वचन

(क) अष्टाङ्ग हृदय :

वस्ति वस्तिशिरो मेढ्र कटी वृषणपायवः । एकसम्बन्धनाः प्रोक्ता गुदास्थिविवराश्रयाः ॥

मूत्राशय, मूत्राशयको माथिल्लो भाग, जननेन्द्रिय, कम्मर, अण्डकोश र मलद्वार : यी सबै अङ्ग दिसासम्बन्धी हाडको खोप्लो भित्र रहेका हुन्छन् र एकआपसमा सम्बन्धित हुन्छन् ।

अधोमुखोऽपि वस्तिर्हि मूत्रवाहिसिरामुखैः । पार्श्वेभ्यः पूर्यते सूक्ष्मैः स्यन्दमानैरनारतम् ॥
यैस्तैरेव प्रविश्यैनं दोषाः कुर्वन्ति विंशतिम् । मूत्राघातान् प्रमेहांश्च कृच्छ्रान् मर्मसमाश्रयान् ॥

मूत्राशयको मुख तलतिर फर्केको हुन्छ । यसबाट पिसाब बाहिर निस्कने गर्दछ । यो मूत्राशयको भित्तो वा कोख पिसाब बहने मसिना नसाहरुबाट आएको पिसाब बहने नसाका मुखले भरिई रहने गर्दछ । यी नसा मार्फत् मूत्राशयमा सधैँ पिसाब आइरहने गर्दछ । यिनै ससाना नसाको मुख हुँदै वात, कफ आदि दोष मूत्राशयमा छिर्दछन् र बीस प्रकारका मूत्राघात र बीस प्रकारका प्रमेह रोग उत्पन्न गर्दछन् । यी रोगको मूत्राशय नामक मर्मस्थल आश्रय हुने गर्दछ ।

(ख) गरुडपुराण :

वस्तिवस्तिशिरोमेढ्रकटीवृषणपायु च ॥
एकसंवरणाः प्रोक्त्वा गुदास्थिविवराश्रयाः ।
अधोमुखोऽपि वस्तिर्हि मूत्रवाहिशिरामुखैः ॥

पार्श्वेभ्यः पूर्यते श्लक्ष्णै (सूक्ष्मैः) स्यन्दमानैरनारतम् ।
तैस्तैरेव प्रविश्यैवन्दोषान्कुर्वन्ति विंशतिम्॥
मूत्राघातः प्रमेहश्च कृच्छ्रान्मर्म समाश्रयेत् । वस्तिवङ्क्षणमेढ्रास्थियुक्तमल्पं मुहुर्मुहुः ॥

(हे सुश्रुत !) अब यसपछि मूत्रघात रोगको लक्षण बताउने छु । नाइटो मुनी र मूत्रद्वारको बीचको भाग (वस्ति), मूत्रबहने नसा (वस्तिशिर), जननेन्द्रिय, कम्मर, अण्डकोष र मलद्वार ...। यि (छ अङ्ग) एकआपसमा जेलिएका र एकठाउँमा सम्बन्ध गाँसिएका हुन्छन् । यि सबैको आश्रय फिलामा हुने एक हाड विशेषको प्वालमा रहेको हुन्छ (यि सबैको अन्तर्सम्बन्ध रहने स्थल) । मूत्राशय घोप्टो परेको हुन्छ र यसका चारैतिर मसिना नसाका मुखबाट रसहरू बहिरहने गर्दछ । यसरी रसाउँदै गर्दा मूत्राशयको भागप्रायः पिसाबले भरिने गर्दछ । यिनै मसिना नसाहरु हुँदै वात, पित्त आदिका दोष पनि मूत्राशयमा छिर्ने गर्दछन् । यही कारणले गर्दा शरीरको यस भागमा बीस थरीका रोगहरू हुने गर्दछन् । यस मर्मस्थलमा हुने मूत्राघात, प्रमेह आदि जस्ता रोगहरू बल्लतल्ल निको हुने गर्दछन् । (यि रोगहरूले रोगीलाई अति नै कष्ट दिने गर्दछन्) । मूत्राशय, तिघ्राका जोर्नी (वङ्क्षण) र जननेन्द्रिय पनि दुख्ने गर्दछ । कष्टले गर्दा गुप्ताङ्ग हुँदै अलिअलि मूत्र पटकपटक गरी निस्कने गर्दछ ।

(ग) चरक संहिता, योग रत्नाकर, वङ्गसेन आयुर्वेद :

व्यायामतीक्ष्णौषधरूक्षमद्यप्रसङ्गनित्यद्रुतपृष्ठयानात् ।
आनूपमत्स्याध्यशनादजीर्णात् स्युर्मूत्रकृच्छ्राणि नृणामिहाष्टौ ॥

व्यायाम, तिक्खर ओखती, रुखो मदिरा, नित्य वेगिला घोडा आदिको ढाडमा चढेर गरिने सवारी, आनूप क्षेत्रका पशुपंक्षीको मासुको अत्यधिक सेवन, माछाको मासु सेवन, पहिले खाएको खानपिन नपची पुनः खानपिन गर्ने कार्य र अजीर्णले गर्दा मानिसलाई आठ किसिमको मूत्रकृच्छ्र रोग हुने गर्दछ । (वातजन्य, पित्तजन्य, कफजन्य, त्रिदोषजन्य, पत्थरीजन्य, शर्कराजन्य, शुक्रजन्य र रगतजन्य) ।

पृथङ्मलाः स्वैः कुपिता निदानैः सर्वेऽथवा कोपमुपेत्य बस्तौ ।
मूत्रस्य मार्गं परिपीडयन्ति यदा तदा मूत्रयतीह कृच्छ्रात्॥

आआफ्ना कारणले बेग्लाबेग्लै अथवा सबै मिलेर दूषित भएका वात आदि दोषले जब मूत्राशयमा पुगी पिसाबको बाटो अवरुद्ध पार्दछन् तब मानिसलाई कष्टपूर्ण तरिकाले पिसाब हुने गर्दछ ।

(घ) भावप्रकाश संहिता, रस रत्नसमुच्चय :

व्यायामतीक्ष्णौषधरूक्षमद्यप्रसङ्गनृत्यद्रुतपृष्ठयानात् ।
आनूपमत्स्याध्यशनादजीर्णात् स्युर्मूत्रकृच्छ्राणि नृणां तथाऽष्टौ ॥१॥
(तीक्ष्णौषधम्-राजिकासूरणादिकयुक्तम् । रूक्षेति मद्यविशेषणम् । प्रसङ्गः-सन्ततं सेवा । नृत्यम्-नर्तनम् । नित्येति द्वितीयः पाठः । द्रुतपृष्ठयानात्-अश्वादिना गमनात् । आनूपम्-

प्रचुरजलदेशसम्भवम् । अष्टौ वातिकपैत्तिकश्लैष्मिकसान्निपातिकशल्यजपुरीषजशुक्रजाश्मरीजानि ।) ।

धेरै व्यायाम गर्नाले, रायो आदि तिक्खर पदार्थका ओखती, रुखो मदिरा धेरै पिउनाले, धेरै नाच्नाले, नित्य वेगिला घोडा आदिको ढाडमा चढेर दौडनाले, पानी धेरै हुने क्षेत्रका पशुपंक्षीको मासु वा माछाको मासु सेवन गर्नाले, पहिले खाएको खानपिन नपची पुनः खानपिन गर्ने कार्य र अजीर्णले गर्दा मानिसलाई आठ किसिमको मूत्रकृच्छ्र रोग हुने गर्दछ । (वातजन्य, पित्तजन्य, कफजन्य, त्रिदोषजन्य, पत्थरीजन्य, शर्कराजन्य, शुक्रजन्य र रगतजन्य) ।

(ङ) माधव निदान :

व्यायामतीक्ष्णौषधरूक्षमद्यपसङ्गनित्यद्रुतपृष्ठयानात् ।
आनूपमांसाध्यशनादजीर्णात्स्युर्मूत्रकृच्छ्राणि नृणां तथाऽष्टौ ॥
पृथङ्मलाः स्वैः कुपिता निदानैः सर्वेऽथवा कोपमुपेत्य बस्तौ ।
मूत्रस्य मार्गं परिपीडयन्ति यदा तदा मूत्रयतीह कृच्छ्रात् ॥

अति धेरै व्यायाम गर्नाले, तिक्खर खालका ओखती धेरै खानाले, रुखो पदार्थ धेरै खानाले, धेरै मदिरा पिउनाले, छिटो हिँड्ने घोडा आदि सवारीमा दिनहुँ चढेर हिँड्नाले, सीमसार क्षेत्रमा बस्ने जीवजन्तुको मासु लगातार खाइरहनाले, अपच हुनेगरी धेरै खाने गर्नाले र अजीर्णले मानिसलाई आठ प्रकारका (वातजन्य, पित्तजन्य, कफजन्य, त्रिदोषजन्य, हतियार वा चोटपटक जन्य, दिसाजन्य, शुक्रजन्य र पत्थरीजन्य) मूत्रकृच्छ्र रोग हुन्छन् । आआफ्ना कारणले उत्तेजित र विकृत भएका वायु, पित्त आदि बेग्लाबेग्लै वा मिलेर मूत्राशयमा पुगी पिसाब हने बाटो खुम्च्याउने, दबाउने वा रोक्ने कार्य गर्दछन् । यसपछि मानिसलाई पिसाब गर्न कष्ट हुन थाल्दछ । (यसलाई मूत्रकृच्छ्र रोग भनिन्छ) ।

मारुतेऽनुगुणे बस्तौ मूत्रं सम्यक् पवर्तते । विकारा विविधाश्चात्र प्रतिलोमे भवन्ति च ॥

मूत्राशयमा गएको वायु सुल्टो हिँड्न थाल्दासम्म पिसाब आदि निर्विकार हुने गर्दछ । तर जब यो वायु उल्टो हिँड्न थाल्दछ तब मूत्राशयसँग सम्बन्धित अनेक थरी रोग हुने गर्दछ ।

(च) राज निघण्टु :

कृच्छ्र र मूत्रकृच्छ्र पर्यायवाची नाम हुन् ।

(छ) शार्ङ्गधर संहिता :

मूत्रकृच्छ्राणि चाष्टौ स्युर्वातपित्तकफैस्त्रिधा ॥ सन्निपाताच्चतुर्थं स्याच्छुक्रकृच्छ्रञ्च पञ्चमम् ।
विट्कृच्छ्रं षष्ठमाख्यातं घातकृच्छ्रञ्च सप्तमम् ॥ अष्टमं चाश्मरीकृच्छ्रं.... ।

मूत्रकृच्छ्र वात, पित्त, कफ, सन्निपात, शुक्र, विण्, घात र अश्मरीजन्य गरी आठ प्रकारका हुन्छन् ।

व्याख्या : चिरफार गर्दा मूत्रवाहिनी स्रोतमा घाउ भएपछि हुने मूत्रकृच्छ्रलाई घात-मूत्रकृच्छ्र भनिन्छ ।

(ज) सुश्रुत संहिता :

वातेन पित्तेन कफेन सर्वैस्तथाऽभिघातैः शकृदश्मरीभ्याम् ।
तथाऽपरः शर्करया सुकष्टो मूत्रोपघातः कथितोऽष्टमस्तु ॥

वातजन्य, पित्तजन्य, कफजन्य, त्रिदोषजन्य, अभिघातजन्य, दिसाजन्य, पत्थरीजन्य र शर्कराजन्य गरी कष्टदायक आठ प्रकारका मूत्रकृच्छ्र रोग हुने गर्दछ ।

(झ) हारीत संहिता :

पित्तप्रकोपनैर्द्रव्यैः कट्वम्ललवणैस्तथा । गौरास्त्रीसेवनेनापि रक्तं वापि प्रवर्त्तते ॥
मद्यपानेन चोष्णेन श्रमव्यायामपीडितैः । पित्तं प्रकोपयेच्छीघ्रं करोति मूत्रकृच्छ्रकम् ॥
तेन मूत्रयते कृच्छ्रं चोष्णधारा प्रवर्त्तते । मूत्रस्रोतश्च हरति रक्तं चापि प्रवर्त्तते ॥

शरीरभित्र रहेको पित्तलाई उत्तेजित र विकृत पार्ने कुरा, पिरो, अमिलो र नुनिलो धेरै खानाले तथा गोरा स्त्री धेरै सेवन गर्नाले इन्द्रियमा रगत प्रवेश गर्दछ । तातो मदिरा पिउनाले, थकाईले र कसरतले पनि चाँडै पित्त उत्तेजित र विकृत हुने गर्दछ र मूत्रकृच्छ्र रोगलाई जन्माउँदछ । यो रोग भएपछि तातो तातो पिसाब हुन थाल्दछ पिसाबको वेग बन्द हुन्छ । अलि पछि पिसाबबाट रगत आउन थाल्दछ ।

अव्यायामे शुभं भोज्ये शीतावगाहिता नरे । एतैस्तु कुपितो वायुर्मूत्रद्वारं प्ररुन्धति ॥

कसरत नगर्नाले, मिठामिठा कुरा धेरै खानाले तथा चिसो पानीमा धेरै पौडी खेल्नाले शरीर भित्रको वायुले उत्तेजित र विकृत भई पिसाब बहने बाटो रोक्ने गर्दछ ।

(झ) हंसराज निदान :

अनूपमांसाशनमद्यसेवनैः कषायतीक्ष्णोष्णविदाहिभोजनैः ।
व्यायामघर्माध्यशनाध्वजागरैः स्यान्मूत्रकृच्छ्रं बहुकष्टदं नृणाम् ॥

पानी धेरै हुने स्थानका पशुपंक्षीको मासु खाइरहने गर्नाले, नियम नमानी मदिरा पिउने गर्नाले, टर्रो स्वादका पदार्थ धेरै खानाले, तिक्खर स्वादका पदार्थ धेरै खानाले, उष्णवीर्यका वा गर्मीगर्ने खालका पदार्थ धेरै खानाले, शरीर भित्र डाह गर्ने खालका पदार्थ धेरै खाने गर्नाले, शरीरको क्षमता विचार नगरी कसरत गर्ने कारणले, अत्यधिक मात्रामा शरीरमा घाम पर्नाले, अपच हुनेगरी खाना खाने गर्नाले, धेरै पैदल हिँड्ने गर्नाले र रातमा नसुत्ने गर्नाले मानिसलाई अति कष्टदायक आठ प्रकारका मूत्रकृच्छ्र रोग हुने गर्दछ ।

प्रपीडयत्यधो गत्वा मार्गं रुद्ध्वा कफादयः । मूत्रं मुहुर्मुहुः स्वल्पं सकृच्छ्रं कारयति ते॥

शरीर भित्र रहेका कफ, पित्त आदि दोष तल गई पिसाबको बाटो छेकेर दुखाउन थालेपछि मानिसलाई कठिनतापूर्वक पटकपटक अलिअलि गरेर पिसाब हुन थाल्दछ । यसलाई "मूत्रकृच्छ्र" रोग भनिन्छ ।

मूत्रकृच्छ्रम्भवेद् घातात्संरोधान्मूत्रशुक्रयोः । शल्यात्पातात्क्षतात्कष्टाद्बस्तिमेहनशूलकृत्॥

पिसाब र वीर्य रोक्ने गर्नाले, चोटपटक लागेर, केही कुरा बिझेर, लडेर, घाउ भएर र कष्टले गर्दा मूत्राशय र जननेन्द्रिय दुखाउन खालको मूत्रकृच्छ्र रोग हुने गर्दछ ।

वातजन्य मूत्रकृच्छ्रको लक्षण

(क) अष्टाङ्ग सङ्ग्रह :

तत्राल्पशो मुहुर्मुहुर्बस्तिमेढ्रवङ्क्षणेषु तीव्रशूलः कृच्छ्रान्मूत्रयति वातकृच्छ्रे॥

कठिनतापूर्वक पटकपटक अलिअलि गरेर पिसाब निस्कने र पिसाब हुँदा तल्लोपेट, अण्डकोश र कण्डेउलो (हिप) कडासँग दुख्ने रोगलाई वातजन्य मूत्रकृच्छ्र भनिन्छ ।

(ख) अष्टाङ्ग हृदय :

वस्तिवङ्क्षणमेढ्रार्तियुक्तोऽल्पाल्पं मुहुर्मुहुः ।

वातजन्य मूत्रकृच्छ्रमा मूत्राशय, कण्डेउलो र जननेन्द्रिय दुख्दछ । अलिअलि गरेर पटकपटक पिसाब हुन्छ ।

(ग) गरुडपुराण :

मूत्राणि वाते कृच्छ्राय...।

वातजन्य मूत्रकृच्छ्रमा अति कष्टपूर्ण तरिकाले पिसाब हुने गर्दछ ।

(घ) चरक संहिता, योग रत्नाकर, वङ्गसेन आयुर्वेद :

तीव्रा हि रुग्वङ्क्षणबस्तिमेढ्रे स्वल्पं मुहुर्मूत्रयतीह वातात् ।

वातजन्य मूत्रकृच्छ्र रोगमा कण्डेउलोको भाग, मूत्राशय र जननेन्द्रियमा कडा पीडा हुने गर्दछ । रोगीले कष्टपूर्ण तरिकाले अलिअलि गरेर पटक पटक पिसाब गर्दछ ।

(ङ) माधव निदान :

तीवार्तिरुग्वङ्क्षणबस्तिमेढ्रे स्वल्पं मुहुर्मूत्रयतीह वातात् ।

वातजन्य मूत्रकृच्छ्र रोगमा कण्डेउलो, मूत्राशय र जननेन्द्रियमा अति नै पीडा हुन्छ । पटक पटक अलि अलि पिसाब हुने गर्दछ ।

(च) सुश्रुत संहिता :

अल्पमल्पं समुत्पीड्य मुष्कमेहनबस्तिभिः । फलद्भिरिव कृच्छ्रेण वाताघातेन मेहति ॥

वातजन्य मूत्रकृच्छ्रमा वायुले गर्दा अण्डकोश, जननेन्द्रिय र मूत्राशयलाई फाटेको जसरी दुखाउँदै कठिनतापूर्वक अलि अलि पिसाब पिसाब हुने गर्दछ ।

(छ) हंसराज निदान :

मुहुर्मुहुः कष्टतरेण तुच्छं मूत्रं भवेत् पीतनिभं सशूलम् ।
मेढ्रे च बस्तौ महती प्रपीडा तन्मूत्रकृच्छ्रं पवनात् प्रसूतम् ॥

पटकपटक अलिअलि पिसाब हुने, पहैँलो पिसाब हुने, पिसाब गर्दा दुख्ने तथा अण्डकोश र जननेन्द्रियमा धेरै पीडा हुने मूत्रकृच्छ्र रोगलाई वातजन्य मूत्रकृच्छ्र रोग भनिन्छ ।

वातजन्य मूत्रकृच्छ्रको उपचार

(क) चक्रदत्त, भैषज्य रत्नावली, योग रत्नाकर, वङ्गसेन आयुर्वेद :

अभ्यञ्जनस्नेहनिरूहवस्तिस्वेदोपनाहोत्तरवस्तिसेकान् ।
स्थिरादिभिर्वातहतहरैश्च सिद्धान्दद्याद्रसांश्चानिलमूत्रकृच्छ्रे ॥

वातजन्य मूत्रकृच्छ्र रोगमा रोगीलाई वायुनाशक तेल आदि दलेर मालिस गर्न लगाउनु, चिल्ला पदार्थ पिउन दिनू, निरूहवस्ति दिनू, पसिना निकाल्ने खालका लेप दल्न लगाउनू, उत्तरवस्ति दिनू, सेकताप गर्न लगाउनू तथा वातविकार नाश गर्ने साकिनु आदि ओखती हालेर पकाइएको मासुको रस पिउन दिनू ।

(ख) चरक संहिता :

अभ्यञ्जनस्नेहनिरूहबस्तिस्नेहोपनाहोत्तरबस्तिसेकान् ।

स्थिरादिभिर्वातहरैश्च सिद्धान् दद्याद्रसांश्चानिलमूत्रकृच्छ्रे ॥

साकिनो आदि क्षुद्रपञ्चमूल, मालिस, चिल्लो पिउने कार्य, निरूहवस्ति, चिल्लो उपनाह, उत्तरवस्ति, पखाल्ने तथा वातविकार नाश गर्ने गणका ओखती हालेर पकाइएको मासुको रस वातजन्य मूत्रकृच्छ्र रोगमा दिनु पर्दछ ।

एतानि चान्यानि वरौषधानि पिष्टानि शस्तान्यपि चोपनाहे ।
स्युर्लाभतस्तैलफलानि चैव स्नेहाम्लयुक्तानि सुखोष्णवन्ति ॥

यी तथा अन्य जेजस्ता वातविकार नाशक ओखतीहरू छन् ती पनि पिसेर उपनाहका माध्यमले प्रयोग गराउनु पर्दछ । जे जे तेलहन पाइन्छ ती तथा तेल आदि चिल्लो तथा काँजी आदि अमिलो पदार्थ उपनाहमा मिलाउनु पर्दछ । उपनाह सहँदो मनतातो हुनुपर्दछ ।

(ख) चरक संहिता, वङ्गसेन आयुर्वेद :

पुनर्नवैरण्डशतावरीभिः पत्तूरवृश्चीरबलाश्मभिद्भिः ।
द्विपञ्चमूलेन कुलत्थकोलयवैश्च तोयोत्क्वथिते कषाये ॥
तैलं वराहर्क्षवसा घृतं च तैरेव कल्कैर्लवणैश्च साध्यम् ।
तन्मात्रयाऽऽशु प्रतिहन्ति पीतं शूलान्वितं मारुतमूत्रकृच्छ्रम् ॥

पुनर्नवा, अँडिरको जरा, कुरिलो, पत्तूर (शालिञ्च साग), सेतो पुनर्नवा, बलुको जरा, पाषाणभेद, दशमूल, गहत, बयर र जौ हालेर पकाइएको काँढापानीमा तिलको तेल, बनेलको बोसो, भालुको बोसो र घिउ अनि पाँच थरी नुन आलेर विधिपूर्वक स्नेहपाक गरी (चौथाई तोलादेखि आधा तोलासम्म) प्रयोग गर्नाले शूल सहितको वातजन्य मूत्रकृच्छ्र रोग शान्त हुन्छ । (यो ओखतीलाई पुनर्नवाद्यमिश्रक भनिन्छ) ।

(ग) चक्रदत्त :

अमृतां नागरं धात्री वाजिगन्धा त्रिकण्टकान् । प्रपिबेद्वातरोगार्तः सशूली मूत्रकृच्छ्रवान् ॥

शूल सहितको वातजन्य मूत्रकृच्छ्रका रोगीले गुर्जो, सुठो, अमला, अश्वगन्धा र ओदानेकाँडो मिसाएर काँढापानी पकाई पिउनु पर्दछ ।

(घ) योग रत्नाकर :

अमृतां नागरं धात्री वाजिगन्धा त्रिकण्टकान् । निष्क्वाथ्य प्रपिबेत्क्वाथं मूत्रकृच्छ्रे समीरजे ॥

वातजन्य मूत्रकृच्छ्रका रोगीले गुर्जो, सुठो, अमला, अश्वगन्धा र ओदानेकाँडो मिसाएर काँढापानी पकाई पिउनु पर्दछ । (सबै ओखती एक एक भाग जम्मा दुई तोला, पानी ३२ तोला, आठ तोला बाँकी भएपछि झिक्ने) ।

(च) रस रत्नाकर :

स्वेदाभ्यञ्जनसेकादिनिरूहोत्तरबस्तयः । स्थिराद्यैर्मारुतघ्नैश्च क्वाथाद्या वातकृच्छ्रिणाम् ॥

स्वेदन, मालिस, सेकताप, निरूहबस्ति, उत्तरबस्ति, वातनाशक साकिनु आदिको काँढापानी आदि वातजन्य मूत्रकृच्छ्र रोग भएका मानिसका लागि हितकर हुन्छ ।

तैलकुचकमूलं पिष्ट्वा व्युषितेन वारिणा तस्य । स्वरसो निपीत मात्रः शमयति मूत्रस्य संरोधम् ॥

तैलकुचक (गोलकाँक्री, कन्दूरी, क्ष्वथ नयगचम) को जरा बासी पानीमा पिसेर खाने गर्नाले पिसाब रोकिने रोग नाश हुन्छ ।

अश्वगन्धामृताशुण्ठीधात्रीगोक्षुरजं जलम् । वातजं मूत्रकृच्छ्रञ्च शूलञ्चाशु विनाशयेत् ॥

अश्वगन्धा, गुर्जो, सुठो, अमला र ओदानेकाँडो हाली पकाइएको काँढापानी पिउनने गर्नाले वातजन्य मूत्रकृच्छ्र र शूल नाश हुन्छ ।

एरण्डतैलसिन्धूत्थरुबुक्वाथं सवातिके ॥

अँडिरको काँढापानीमा अँडिरको तेल र सिँधेनुन हाली पिउने गर्नाले वातजन्य मूत्रकृच्छ्र रोग नाश हुन्छ ।

एर्वारुबीजकल्को वा काञ्जिकेन च सैन्धवः ॥

काँक्रो विशेषका बियाँ काँजीमा पिसेर सिँधेनुन मिसाई पिउने गर्नाले वातजन्य मूत्रकृच्छ्र रोग नाश हुन्छ ।

(छ) वङ्गसेन आयुर्वेद :

अमृतां नागराधात्री वाजिगन्धात्रिकण्टकान् ।
प्रपिबेद्वातरोगार्तः शूलवान्मूत्रकृच्छ्रवान् ॥१३॥

वातविकार, शूल र मूत्रकृच्छ्रका रोगीले गुर्जो, सुठो, अमला, अश्वगन्धा र ओदानेकाँडो मिसाएर काँढापानी पकाई पिउनु पर्दछ ।

(ज) सुश्रुत संहिता :

**श्वदंष्ट्राश्मभिदौ कुम्भीं हपुषां कण्टकारिकाम् । बलां शतावरीं रास्नां वरुणं गिरिकर्णिकाम् ॥
तथा विदारिगन्धादिं संहृत्य त्रैवृतं पचेत् । तैलं घृतं वा तत् पेयं तेन वाऽप्यनुवासनम् ॥
दद्यादुत्तरबस्तिं च वातकृच्छ्रोपशान्तये ।**

ओदानेकाँडो, पाषाणभेद, जलकुम्भी, हपुषा, कण्टकारी, बलु, कुरिलो, फ्याक्सेकन्द, सिप्लिकान, अपराजिता र विदारिगन्धादि गणका ओखती जम्मा पारी त्रैवृत तेल वा त्रैवृत घिउ (बोसो, मासी तेल वा घिउ) पकाउनू । यो घिउ वा तेल पिउनू, यसैले अनुवासन वस्ति दिनू र उत्तरवस्ति दिनू । वातजन्य मूत्रकृच्छ्र रोग शान्त हुन्छ ।

श्वदंष्ट्रास्वरसे तैलं सगुडक्षीरनागरम् ॥ पक्त्वा तत् पूर्ववद्योज्यं तत्रानिलरुजापहम् ।

ओदानेकाँडोको रसमा सक्खर, दूध र सुठो हाली विधिपूर्वक तेल पकाउनू । यो तेललाई पिउन, अनुवासन वस्ति दिन र उत्तरवस्ति दिन प्रयोग गर्नू । यसले वातजन्य मूत्रकृच्छ्रको पीडा शान्त पार्दछ ।

कफजन्य मूत्रकृच्छ्रको लक्षण

(क) अष्टाङ्ग सङ्ग्रह :

बस्तिमेढ्रयोर्गौरवं शोफो मूत्रं च सपिच्छं मेहति कफकृच्छ्रे ॥

मूत्राशय र जननेन्द्रिय भारी हुने, सुन्निने र लेस्याइलो पिसाब हुने रोगलाई कफजन्य मूत्रकृच्छ्र भनिन्छ ।

(ख) अष्टाङ्ग हृदय :

...कफजे वस्तिमेढ्रगौरवशोफवान् । सपिच्छं सविबन्धं च...।

कफजन्य मूत्रकृच्छ्रमा मूत्राशय र जननेन्द्रिय भारी हुन्छ र सुन्निन्छ । लेस्याइलो पिसाब रोकिई रोकिई हुने गर्दछ ।

(ग) गरुडपुराण :

...कफजे वस्तिमेढ्रगौरवशोथवान् ॥ सपिच्छिलं पिङ्गलञ्च ...।

कफजन्य मूत्राघातमा वस्ति र जननेन्द्रिय भारी हुने र सुन्निने गर्दछ । पिसाबमा चिल्लोपना मिसिएको हुन्छ र रातो भाव सहितको कैलो हुने गर्दछ ।

(घ) चरक संहिता, योग रत्नाकर, वङ्गसेन आयुर्वेद :

बस्तेः सलिङ्गस्य गुरुत्वशोथौ मूत्रं सपिच्छं कफमूत्रकृच्छ्रे ।

कफजन्य मूत्रकृच्छ्रमा मूत्राशय र जननेन्द्रिय भारी भई सुन्निने गर्दछ तथा लेस्याइलो पिसाब हुने गर्दछ ।

(ङ) माधव निदान :

बस्तेः सलिङ्गस्य गुरुत्वशोथौ मूत्रं सपिच्छं कफमूत्रकृच्छ्रे ।

कफजन्य मूत्रकृच्छ्र रोगमा मूत्राशय र जनननेन्द्रिय भारी हुन्छ र सुन्निन्छ । केही लेस्याइलो पिसाब हुने गर्दछ ।

(च) सुश्रुत संहिता :

स्निग्धं शुक्लमनुष्णं च मुष्कमेहनबस्तिभिः । संहृष्टरोमा गुरुभिः श्लेष्माघातेन मेहति ॥

कफजन्य मूत्रकृच्छ्रमा शरीर रोमाञ्चित हुन्छ; अण्डकोश, जननेन्द्रिय र मूत्राशय भारी हुन्छ तथा चिल्लो, सेतो र हल्का तातो पिसाब हुने गर्दछ ।

(छ) हंसराज निदान :

मूत्रं सिताभं परिबुदबुदान्वितं सपिच्छिलं मेदुरमार्तिदं गुदे ।
लिङ्गे च योनौ बहुशोफगौरवं तन्मूत्रकृच्छ्रङ्कफसम्भवं त्यजेत् ॥

सेतो पिसाब हुने, पिसाबमा फिँज वा फोका उठ्ने, लेस्याइलो र चिल्लो पिसाब हुने, मलद्वार दुख्ने, जनननेन्द्रिय धेरै सुन्निने तथा शरीर भारी हुने खालको मूत्रकृच्छ्र रोगलाई कफजन्य मूत्रकृच्छ्र रोग भनिन्छ ।

कफजन्य मूत्रकृच्छ्रको उपचार

(क) चरक संहिता :

व्योषं श्वदंष्ट्रत्रुटिसारसास्थि कोलप्रमाणं मधुमूत्रयुक्तम् ।

पिबेत्त्रुटिं क्षौद्रयुतां कदल्या रसेन कैटर्यरसेन वाऽपि॥

सुठो, कालो मरिच, पिप्ला, ओदानेकाँडो, सुकुमेल र सारसको हाड : यी ओखतीको धूलो एक कोल लिई मह र गहुँतसँग (कफजन्य मुत्रकृच्छ्र रोगमा) पिउन दिनू । अथवा सुकुमेलको धूलो केराको जराको रससँग वा पर्वतीय नीमको रससँग रोगीले पिउने गर्नू ।

(ख) चरक संहिता, भावप्रकाश संहिता, भैषज्य रत्नावली, वङ्गसेन आयुर्वेद :

क्षारोष्णतीक्ष्णौषधमन्नपानं स्वेदो यवान्नं वमनं निरूहाः ।
तक्रं सतिक्तौषधसिद्धतैलमभ्यङ्गपानं कफमूत्रकृच्छ्रे॥

कफजन्य मूत्रकृच्छ्र रोगमा क्षार; उष्णवीर्यका र तिक्खर ओखती र खानपिन; पसिना निकाल्ने कार्य, जौका परिकार, बान्ता गराउने कार्य, निरूहवस्ति, मोही तथा तिता ओखती हालेर पकाइएको तेल दल्ने र पिउने कार्य गर्नु पर्दछ ।

(ग) चरक संहिता, योग रत्नाकर :

सप्तच्छदारग्वधकेबुकैला धवं करञ्जं कुटजं गुडूचीम् ।
पक्त्वा जले तेन पिबेद्यवागूं सिद्धं कषायं मधुसंयुतं वा॥

छतिवनको बोक्रा, राजवृक्ष, बेतलौरीको जरा, सुकुमेल, धयैँरो, करञ्ज, ठूलोकुरोको बोक्रा, र गुर्जो पानीमा पकाएर विधिपूर्वक यवागू बनाएर रोगीले खानू । अथवा यिनै ओखतीको काँढापानी सेलाएपछि मह मिसाएर रोगीले पिउनू ।

(घ) चरक संहिता, भावप्रकाश संहिता, योग रत्नाकर, वङ्गसेन आयुर्वेद :

तक्रेण युक्तं शितिवारकस्य बीजं पिबेत्कृच्छ्रविघातहेतोः ।
पिबेत्तथा तण्डुलधावनेन प्रवालचूर्णं कफमूत्रकृच्छ्रे॥

मूत्रकृच्छ्र रोग नाश गर्नका लागि सिरिवारी झार (सुनिषण्णक) का बीजको धूलो मोहीसँग खाने गर्नू । अथवा कफजन्य मूत्रकृच्छ्रमा मुगाभस्म चौलानीसँग खाने गर्नू (मात्रा-दुई रत्ती) ।

(ङ) भावप्रकाश संहिता, योग रत्नाकर, रस रत्नाकर, वङ्गसेन आयुर्वेद :

मूत्रेण सुरया वाऽपि कदलीस्वरसेन वा । कफकृच्छ्रविनाशाय सूक्ष्मां पिष्ट्वा त्रुटिं पिबेत्॥

कफजन्य मूत्रकृच्छ्र नाश गर्न सुकुमेलको धूलो गहुँत वा सुरा वा केराको (गानुको) रसमा मिसाएर पिउने गर्नू ।

(च) योग रत्नाकर, वङ्गसेन आयुर्वेद :

क्षारोष्णतीक्ष्णौषधमन्नपानं स्वेदो यवान्नं वमनं निरूहः ।
तक्रं च तिक्तोषणसिद्धतैलं बस्तिश्च शस्तः कफमूत्रकृच्छ्रे ॥

कफजन्य मुत्रकृच्छ्र रोगमा क्षार, तातो र तिक्खर ओखती र खानपिन; पसिना निकाल्ने कार्य, जौको पिठोले बनेका खानेकुरा, बान्ता गराउने कार्य, निरूहवस्ति, मोही तथा तितो र मरिच आदि उष्णवीर्यका ओखती हालेर पकाइएको तेलले मालिस गर्ने र त्यही तेलले वस्ति दिने गर्नु फाइदाजनक हुन्छ ।

(छ) रस रत्नाकर :

शुण्ठीगोक्षुरतोयं वा कफकृच्छ्र विनाशनम्॥ (यवक्षारं प्रक्षिपन्ति वृद्धाः) ।

सुठो र ओदानेकाँडो हाली पकाइएको काँढापानीमा जवाखार हाली पिउने गर्नाले कफजन्य मूत्रकृच्छ्र नाश हुन्छ ।

वातकफजन्य मूत्रकृच्छ्रको उपचार

(क) भैषज्य रत्नावली :

क्रिया हिता त्वश्मरिशर्करायां या मूत्रकृच्छ्रे कफमारुतोत्थे ।

वायु र कफ मिलेर हुने मूत्रकृच्छ्र रोगमा पत्थरी तथा शर्करा रोगमा बताइएका उपचार विधिको प्रयोग गर्नू ।

पित्तजन्य मूत्रकृच्छ्रको लक्षण

(क) अष्टाङ्ग सङ्ग्रह :

सदाहं सरुजं रक्तं पीतं कृष्णं वा पित्तकृच्छ्रे ॥

डाह र पीडा सहित पहेँलो, कालो वा रातो पिसाब हुने रोगलाई पित्तजन्य मूत्रकृच्छ्र भनिन्छ ।

(ख) अष्टाङ्ग हृदय :

मूत्रयेद्वातजे कृच्छ्रे पैत्ते पीतं सदाहरुक्॥ रक्तं वा ...।

पित्तजन्य मूत्रकृच्छ्रमा पहेँलो, डाह गर्ने र दुख्नेगरी पिसाब हुने गर्दछ । अथवा पिसाबमा रगत समेत मिसिएर आउने गर्दछ ।

(ग) गरुडपुराण :

...पित्ते पीतं सदाहरुक् । रक्तं वा ...।

पित्तजन्य मूत्रकृच्छ्र हुँदा पिसाबको रङ्ग पहेँलो वा रातो (रगत मिसिएको) र फेर्दा अति कष्ट हुने गर्दछ । यसमा मूत्राशयमै पिसाब थुनिने कारणले गर्दा रोगीलाई अत्यन्त पीडा हुने गर्दछ ।

(घ) चरक संहिता, योग रत्नाकर, वङ्गसेन आयुर्वेद :

पीतं सरक्तं सरुजं सदाहं कृच्छ्रान्मुहुर्मूत्रयतीह पित्तात्॥

पित्तजन्य मूत्रकृच्छ्र रोगमा पित्तका कारण रोगीलाई अति पहेँलो, रगत सहित, दुखाउँदै, डाह गराउँदै, बल्लतल्ल र पटकपटक पिसाब हुने गर्दछ ।

(ङ) माधव निदान :

पीतं सरक्तं सरुजं सदाहं कृच्छ्रं मुहुर्मूत्रयतीह पित्तात्॥

पित्तजन्य मूत्रकृच्छ्र रोगमा पहेँलो र कहिलेकाहीँ रगत मिसिएको पिसाब हुन्छ । पिसाब गर्दा दुख्दछ र डाह हुन्छ ।

(च) सुश्रुत संहिता :

हारिद्रमुष्णं रक्तं वा मुष्कमेहनबस्तिभिः । अग्निना दह्यमानाभैः पित्ताघातेन मेहति॥

पित्तजन्य मूत्रकृच्छ्रमा अण्डकोश, जननेन्द्रिय र मूत्राशयमा आगोले पोलेजसरी डाह हुन्छ तथा बेसार जस्तो पहेँलो, तातो वा रातो पिसाब हुने गर्दछ ।

(छ) हंसराज निदान :

मुत्रं भवेद्दाहयुतं मुहुर्मुहुः पीतारुणाभं रुधिरेण सम्प्लुतम् ।
तप्तं सकष्टं गुदमेढ्रयोर्व्यथा तन्मूत्रकृच्छ्रङ्किल पित्तजं वदेत्॥

पिसाब गर्दा डाह हुने, पटकपटक पिसाब हुने, पहेँलो-अरुण मिसिएको रङको पिसाब हुने, रगत मिसिएको पिसाब हुने, पिसाब तातो हुने, पिसाब गर्दा दुख्ने, बल्लतल्ल पिसाब हुने तथा मलद्वार र अण्डकोश दुख्ने खालको मूत्रकृच्छ्र रोगलाई पित्तजन्य मूत्रकृच्छ्र रोग भनिन्छ ।

पित्तजन्य मूत्रकृच्छ्रको उपचार

(क) चरक संहिता, भैषज्य रत्नावली, योग रत्नाकर, वङ्गसेन आयुर्वेद :

सेकावगाहाः शिशिराः प्रदेहा ग्रैष्मो विधिर्बस्तिपयोविरेकाः ।
द्राक्षाविदारीक्षुरसैर्घृतैश्च कृच्छ्रेषु पित्तप्रभवेषु कार्याः ॥

पित्तजन्य मूत्रकृच्छ्र रोगमा शीतल परिषेचन, स्नान, स्वेदन, ग्रीष्म ऋतुका लागि बताइएका विधि, वस्ति, दूधको प्रयोग, विरेचन तथा दाख, बिरालेलहरो, उखुको रस र घिउको प्रयोग गर्नुपर्दछ । (कतै पयोविकाराः लेखिएको छ त्यसको अर्थ दूधजन्य पदार्थ हुन्छ) ।

शतावरीकाशकुशश्वदंष्ट्राविदारिशालीक्षुकशेरुकाणाम् ।
क्वाथं सुशीतं मधुशर्कराभ्यां युक्तं पिबेत् पैत्तिकमूत्रकृच्छ्री ॥

पित्तजन्य मूत्रकृच्छ्रका रोगीले कुरिलो, काँसको जरा, कुशको जरा, ओदानेकाँडो, बिरालेलहरो, शाल (सालधूप वा सालको जरा वा मार्सी धानको चामल ?) को जरा, उखुको जरा र कसेरु (जम्मा दुई तोला) हाली पकाइएको काँढापानी (३२ तोला पानी ८ तोला बाँकी बनाउने) सेलाएपछि मह र सक्खर मिसाएर पिउने गर्नू ।

एर्वारुबीजं मधुकं सदार्वि पैत्ते पिबेत्तण्डुलधावनेन ।
दार्वीं तथैवामलकीरसेन समाक्षिकां पित्तकृते तु कृच्छ्रे ॥

पित्तजन्य मूत्रकृच्छ्र रोगमा लामो घिरौँलोजस्तो काँक्राका बियाँ, जेठीमधु र चुत्रोका बोक्रा बराबर मिसाई बनाइएको धूलो चौलानीसँग पिउने गर्नू (मात्रा-दुई मासा) । अथवा चुत्रोका बोक्राको धूलो अमलाको रससँग मह मिसाएर खाने गर्नू (मात्रा-चार रत्ती वा एक मासा) ।

(ख) चरक संहिता, योग रत्नाकर :

पिबेत्कषायं कमलोत्पलानां शृङ्गाटकानामथवा विदार्याः ।
दण्डैरकाणामथवाऽपि मूलं पूर्वेण कल्पेन तथा सुशीतम् ॥

पित्तजन्य मूत्रकृच्छ्रमा कमल र नीलकमलको अथवा सिँगडाको अथवा बिरालेलहराको गानुको अथवा दण्डैरक (दण्डोत्पल, झारविशेष ?) को जराको काँढापानी पकाई सेलाएपछि मह र सक्खर मिसाएर पिउने गर्नू ।

(ग) भैषज्य रत्नावली :

विदारी गोक्षुरं यष्टी केशरं च समं पचेत्। तत्कषायं पिबेत्क्षौद्ररसभस्मयुतं पुनः॥
मूत्रकृच्छ्र हरेत्सर्वं सप्ताहात्पित्तसम्भवम्॥

बिरालेलहरोको गानु, ओदानेकाँडो, जेठीमधु र नागकेशर बराबर मिसाई काँढापानी पकाउनू । सेलाएपछि मह र प्रशोधित पारोभस्म हाली पिउने गर्नू । सात दिनमा नै पित्तजन्य मूत्रकृच्छ्र रोग नाश हुन्छ ।

कुशः काशः शरो दर्भ इक्षुश्चेति तृणोद्भवम्। पित्तकृच्छ्रहरं पञ्चमूलं वस्तिविशेधनम्॥

कुश, काँस झार, रामशर (निगालो), सानो जातको कुश र उखुको जरा हाली काँढापानी पकाएर पिउने गर्नाले पित्तजन्य मूत्रकृच्छ्र रोग नाश हुन्छ र मूत्राशय सफा हुन्छ ।

(घ) भैषज्य रत्नावली, योग रत्नाकर, रस रत्नाकर, वङ्गसेन आयुर्वेद :

शतावरीकाशकुशश्वदंष्ट्राविदारिकेक्ष्वामलकेषु सिद्धम्।
सर्पिःपयो वा सितयो विमिश्रं कृच्छ्रेषु पित्तप्रभवेषु योज्यम्॥

कुरिलो, काँस, कुश, ओदानेकाँडो, बिरालेलहरो, उखु र अमला बराबर हाली पकाइएको काँढापानीमा घिउ र वा दूध पकाएर त्यसमा मिश्री हालेर पिउने गर्नाले पित्तजन्य मूत्रकृच्छ्र नाश हुन्छ ।

(ङ) योग रत्नाकर, वङ्गसेन आयुर्वेद, वैद्य रहस्य :

कुशः काशः शरो दर्भ इक्षुश्चेति तृणोद्भवम्। पित्तकृच्छ्रहरं पञ्चमूलं वस्तिविशेधनम्॥
एतत्सिद्धं पयः पीतं मेढ्रगं हन्ति शोणितम्॥

कुश, काँस झार, रामशर (निगालो), सानो जातको कुश र उखुको जरा हाली काँढापानी पकाएर पिउने गर्नाले पित्तजन्य मूत्रकृच्छ्र रोग नाश हुन्छ र मूत्राशय सफा हुन्छ । यदि यो ओखती हालेर दूधमा हालेर पकाई पिउन दिने हो भने जननेन्द्रियबाट रगत बहन बन्द हुन्छ ।

(च) रसरत्न समुच्चय :

विदारीं गोक्षुरं यष्टीं कसेरुं च समं पचेत्॥
तं कषायं पिबेत्क्षौद्रं रसभस्म युतं तथा। मुत्रकृच्छ्रहरं ख्यातं सप्ताहात्पित्तसम्भवम्॥

बिरालेलहरोको गानु, ओदानेकाँडो, जेठीमधु र कसेरु बराबर भाग लिई चार भागको एक भाग बाँकी रहने गरी काँढापानी पकाउनू । त्यो काँढापानी सेलाएपछि मह र आधा रत्ती पारोभस्म मिसाएर पिउने गर्नू । यसले पित्तजन्य मूत्रकृच्छ्र रोग एक हप्तामा नै नाश हुन्छ ।

(छ) रस रत्नाकर :

**सेकावगाहाः शिशिरप्रदेहाः स्नेहोविधिर्वस्तिपयोविकाराः ।
द्राक्षाविदारीक्षरसैर्युतैश्च कृच्छ्रेषु पित्तप्रभवेषु कार्या ॥**

सेकताप, अवगाहन, शीतल लेप, स्नेहन, बस्तिकर्म, दूधका विकार, दाखको रस, बिरालेलहरोको रस र उखुको रस : यी सबै उपचार पित्तजन्य मूत्रकृच्छ्रमा गर्नुपर्दछ ।

**कुशः काशः शरोदर्भइक्षुश्चेति तृणाह्वयम् । पित्तकृच्छ्रहरं पञ्चमूलं बस्तिविशोधनम् ॥
एतत्पीतं पयः सिद्धं मेढ्रगं हन्ति शोणितम् ॥**

कुश, काँस, रामशर, सानो जातको कुश र उखु : यी पाँचको जरालाई तृणपञ्चमूल भनिन्छ । यसले पित्तजन्य मूत्रकृच्छ्र नाश गर्दछ र मूत्राशयलाई शुद्ध पार्दछ । यही पञ्चमूललाई दूधमा पकाएर पिउनाले जननेन्द्रियबाट रगत निस्कन बन्द हुन्छ ।

**शतावरीकासकुशश्वदंष्ट्राविदारिशालूककशेरुकाणाम् ।
क्वाथं सुशीतं मधुशर्कराभ्यां पिबञ्जयेत्पैत्तिक मूत्रकृच्छ्रम् ॥**

कुरिलो, काँस, कुश, ओदानेकाँडो, बिरालेलहरो, कमलको गानु र कसेरु मिसाई काँढापानी पकाउनू । सेलाएपछि मह र मिश्री हालेर पिउने गर्नू । पित्तजन्य मूत्रकृच्छ्र नाश हुन्छ ।

**यष्टीगोक्षुरकं पथ्या विदारी च कसेरुकम् । कषायं स सिता क्षौद्रं रसभस्म्मयुतं पिबेत् ॥
मूत्रकृच्छ्रं हरत्याशु सप्ताहात्पित्तसम्भवम् ॥**

जेठीमधु, ओदानेकाँडो, हर्रो, बिरालेलहरो र कशेरु हाली काँढापानी पकाएर सेलाएपछि मह र पारोभस्म मिसाई पिउने गर्नाले सात दिनमा पित्तजन्य मूत्रकृच्छ्र रोग नाश हुन्छ ।

(ज) सुश्रुत संहिता :

तृणोत्पलादिकाकोलीन्यग्रोधादिगणैः कृ(श्रृ)तम् ॥ पीतं घृतं पित्तकृच्छ्रं नाशयेत् क्षीरमेव वा ।

तृणोत्पलादि, काकोल्यादि, न्यग्रोधादि गणका ओखती हालेर पकाइएको घिउ वा दूधले पित्तजन्य मूत्रकृच्छ्र रोग नाश गर्दछ ।

दद्यादुत्तरबस्तिं च पित्तकृच्छ्रोपशान्तये ॥

यही ओखतीले रोगीलाई रोग शान्त पार्न उत्तरवस्ति पनि दिनू ।

एभिरेव कृतः स्नेहस्त्रिविधेष्वपि बस्तिषु । हितं विरेचनं चेक्षुक्षीरद्रा क्षारसैर्युतम् ॥

यिनै ओखती हालेर पकाइएको स्नेहले निरूहवस्ति, अनुवासन वस्ति र उत्तरवस्ति दिनु हितकर हुन्छ । साथै, उखु, दूध र दाखको रस हालेर बनाइएको ओखती खुवाई दिसा लगाउनु उत्तम हुन्छ ।

(झ) हारीत संहिता :

पानं मूत्रनिरोधेषु पित्ताद्वा लवणाम्लिकम् । पाटला टुण्टुका चैव निम्बगोक्षुरकं तथा ॥
एलात्वक् च तथा पत्रं क्वाथस्त्रिफलयान्वितः । गुडेन संयुतं पीतं हन्ति मूत्रनिरोधकम् ॥

पित्तजन्य मूत्ररोधमा सिँधेनुन र काँजी पिउनु हितकर हुन्छ । पाडरी, टटेलो, नीम, ओदानेकाँडो, अलैँची, दालचिनी, तेजपात र त्रिफला हालेर पकाइएको काँढापानीमा सक्खर मिसाएर पिउने गर्नाले मूत्ररोध रोग नाश हुन्छ ।

कफ-पित्तजन्य मूत्रकृच्छ्रको उपचार

(क) रस रत्नाकर :

यवान्नक्षारतीक्ष्णोष्णं तैलाज्यं तिक्तकैः श्रृतम् । मुत्रेण सुरया वापि कदली स्वरसेन वा ॥
कफपित्तविनाशाय श्लक्ष्णं पिष्ट्वा त्रुटिं पिबेत् । (त्रुटिं सूक्ष्मैलाम्) ।

जौ, जवाखार आदि क्षार, तिक्खर पदार्थ, उष्णवीर्यका पदार्थ, तेल, घिउ र तिता पदार्थ हाली पकाइएको काँढापानी पिउने गर्नाले अथवा गहुँत वा सुरा वा केराको गानुको रसमा सुकुमेल पिसी पिउने गर्नाले कफजन्य र पित्तजन्य मूत्रकृच्छ्र नाश हुन्छ ।

त्रिदोषजन्य मूत्रकृच्छ्रको लक्षण

(क) अष्टाङ्ग सङ्ग्रह :

सर्वलक्षणसन्निपातेन सन्निपातकृच्छ्रे । स च कृच्छ्रतमः ॥

कफजन्य, पित्तजन्य र वातजन्य तीन वटै दोष मिलेर हुने मूत्रकृच्छ्ररोगलाई सन्निपातजन्य मूत्रकृच्छ्र भनिन्छ ।

(ख) अष्टाङ्ग हृदय, गरुड पुराण :

...सर्वैः सर्वात्मकं मलैः ॥

त्रिदोषजन्य मूत्रकृच्छ्रमा वातजन्य, पित्तजन्य र कफजन्य मूत्रकृच्छ्र सबैको लक्षण देखिन्छ ।

(ग) चरक संहिता, भावप्रकाश संहिता, माधव निदान, योग रत्नाकर, वङ्गसेन आयुर्वेद :

सर्वाणि रूपाणि तु सन्निपाताद्भवन्ति तत्कृच्छ्रतमं हि कृच्छ्रम्॥

त्रिदोषजन्य मूत्रकृच्छ्रमा वात आदि तीन वटै मूत्रकृच्छ्रका लक्षणहरू पाइन्छन् । यो अति दुःखदायक र निको हुन कठिन हुन्छ ।

(घ) सुश्रुत संहिता :

दाहशीतरुजाविष्टो नानावर्णं मुहुर्मुहुः ।
ताम्यमानस्तु कृच्छ्रेण सन्निपातेन मेहति॥

त्रिदोषजन्य मूत्रकृच्छ्रमा रोगीलाई डाह, जाडो, पीडा, अनेक रङको पिसाब, पटकपटक अन्धकारमा छिरेजस्तो हुने तथा अति कष्टपूर्ण तरिकाले पिसाब हुने गर्दछ ।

त्रिदोषजन्य मूत्रकृच्छ्रको उपचार

(क) चरक संहिता, भावप्रकाश संहिता, भैषज्य रत्नावली, वङ्गसेन आयुर्वेद :

सर्वं त्रिदोषप्रभवे तु वायोः स्थानानुपूर्व्या प्रसमीक्ष्य कार्यम् ।
त्रिभ्योऽधिके प्राग्वमनं कफे स्यात् पित्ते विरेकः पवने तु वस्तिः॥

त्रिदोषजन्य मूत्रकृच्छ्र रोगमा रोगीको बल आदि विचार गरी सबभन्दा पहिला वातविकारको उपचार गर्नुपर्दछ । यसपछि पित्त वा कफको उपचार गर्नुपर्दछ । यो विधि तीन वटै दोष बराबर हुँदा गर्नुपर्दछ । त्रिदोषमध्ये कफको प्रभाव बढी भए पहिले बान्ता गराउनू, पित्तको प्रभाव बढी भए दिसा लगाउनू र पित्तको प्रभाव बढी भए वस्तिको प्रयोग गर्नू ।

(ख) भावप्रकाश संहिता, रस रत्नाकर, वङ्गसेन आयुर्वेद :

बृहतीधावनीपाठायष्टीमधुकलिङ्गकाः ।
पाचनीयो बृहत्यादि कृच्छ्रदोषत्रयापहः॥
(धावनी पृश्निपर्णी) ।

बिहीँ, साकिनु, गुन्दरगानु, जेठीमधु र इन्द्रजौ हालेर पकाइएको काँढापानी पिउने गर्नाले त्रिदोषजन्य मूत्रकृच्छ्र नाश हुन्छ । यो ओखतीलाई बृहत्यादि पाचन भनिन्छ ।

(ग) योग रत्नाकर :

सर्वं त्रिदोषप्रभवे च कृच्छ्रे यथाबलं कर्म समीक्ष्य कार्यम् ।
तत्राधिके प्राग्वमनं कफे स्यात्पित्ते विरेकः पवने च वस्तिः ॥

त्रिदोषजन्य मुत्रकृच्छ्र रोगमा सबै उपचार रोगीको बल हेरी गर्नुपर्दछ । विशेषतः दोषको अवस्था विचार गरी मिश्रित उपचार गर्नुपर्दछ । त्रिदोषजन्य मूत्रकृच्छ्रमा कफको प्रभाव बढी भए बान्ता गराउने, पित्तको प्रभाव बढी भए दिसा लगाउने र वायुको प्रभाव बढी भए वस्ति दिने कार्य गर्नुपर्दछ ।

बृहतीधावनीपाठायष्टीमधुकलिङ्गकान् । पक्त्वा क्वाथं पिबेन्मर्त्यः कृच्छ्रे दोषत्रयोद्भवे ॥

त्रिदोषजन्य मूत्रकृच्छ्रमा बिहीँ, पृश्निपर्णी, गुन्दरगानु, जेठीमधु र इन्द्रजौ हाली काँढापानी पकाएर पिउने गर्नू ।

(ङ) रस रत्नाकर :

सरक्ते मूत्रकृच्छ्रे तु पैत्तिकं विधिमाचरेत् ॥

रगत मिसिएको पिसाब हुने मूत्रकृच्छ्र रोगमा पित्तजन्य कूत्रकृच्छ्र रोगको जस्तै उपचार गर्नू ।

दिसाजन्य मूत्रकृच्छ्रको लक्षण

(क) भावप्रकाश संहिता, माधव निदान, योग रत्नाकर, वङ्गसेन आयुर्वेद :

शकृतस्तु प्रतीघाताद्वायुर्विगुणतां गतः ॥ आध्मानं वातशूलं च मूत्रसङ्गं करोति च ।

दिसाको बेग रोक्ने गरिएमा शरीर भित्रको वायु उल्टो गतिले चल्न थाल्दछ । यसपछि पेट फुल्ने, वातजन्य शूल हुने र पिसाब रोकिने गर्दछ । (यसलाई दिसाजन्य मूत्रकृच्छ्र रोग भनिन्छ) ।

दिसाजन्य मूत्रकृच्छ्रको उपचार

(क) भावप्रकाश संहिता :

स्वेदचूर्णक्रियाभ्यङ्गवस्तयः स्युः पुरीषजे । क्वाथो गोक्षुरबीजस्य यवक्षारयुतः सदा ॥
मूत्रकृच्छ्रं शकृज्जन्म पीतः शीघ्रं नियच्छति ॥

दिसाजन्य मूत्रकृच्छ्र रोगमा पसिना निकाल्ने, दिसा लगाउने खालका ओखतीको धूलो खाने, तेल आदि दलेर मालिस गर्ने र वस्ति (डुस) लिने कार्य गर्नुपर्दछ । अथवा ओदानेकाँडोका बीज पिसी

त्यसको काँढापानी पकाएर त्यसमा जवाखार हाली नित्य पिउने गर्नाले दिसाजन्य मूत्रकृच्छ्र रोग तुरुन्त नाश हुन्छ ।

(ख) भैषज्य रत्नावली :

स्वेदचूर्णक्रियाभ्यङ्गवस्तयः स्युः पुरीषजे ॥

दिसा रोकेर हुने मूत्रकृच्छ्र रोगमा स्वेदन गर्नू, दिसा लगाउने ओखतीहरूको धूलोले वस्ति दिनू, तेल आदिले मालिस गर्नू वा वस्तिकर्म गर्नू ।

(ग) योग रत्नाकर, वङ्गसेन आयुर्वेद :

स्वेदचूर्णक्रियाभ्यङ्गवस्तयः स्युः पुरीषजे । कृच्छ्रे तत्र विधिः सर्वः शुक्रविबन्धजित् ॥

दिसाजन्य मूत्रकृच्छ्र रोगमा स्वेदन, धूलो ओखती खुवाउने, मालिस गर्नु र वस्ति दिनु तथा वीर्यजन्य मूत्रकृच्छ्रका उपचार विधि अपनाउनु पर्दछ ।

क्वाथो गोक्षुरबीजानां यवक्षारयुतः सदा ।
मूत्रकृच्छ्रं शकृज्जातं पीतः शीघ्रं निवारयेत् ॥

ओदानेकाँडोका बीज हालेर काँढापानी पकाई त्यसमा जवाखार हलेर पिउने गर्नाले दिसाजन्य मूत्रकृच्छ्र चाँडै ठिक हुन्छ ।

पत्थरीजन्य मूत्रकृच्छ्रको लक्षण

(क) चरक संहिता :

मूत्रस्य चेन्मार्गमुपैति रुद्ध्वा मूत्रं रुजं तस्य करोति बस्तौ ॥
ससेवनीमेहनबस्तिशूलं विशीर्णधारं च करोति मूत्रम् ।
मृद्नाति मेढ्रं स तु वेदनार्तो मुहुः शकृन्मुञ्चति मेहते (वेपते) च ॥
क्षोभात्क्षते मूत्रयतीह सासृक् तस्याः सुखं मेहति च व्यपायात् ।

पत्थरी जब मूत्राशयको मुखमा आएर पिसाबको बाटो छेक्दछ तब सपिसाब रोकिएर मूत्राशय दुख्ने गर्दछ । काछ, जननेन्द्रिय र मूत्राशयमा शूल हुन्छ, पिसाबको धारा मसिनो हुन्छ । रोगी पीडाले गर्दा पटकपटक हातले जननेन्द्रिय माड्ने र पिसाब फेर्ने गर्दछ । रोगी काम्दछ । पत्थरीले रोक्ने कारणले घाउ बनेर पिसाब सँगसँगै रगत पनि आउँदछ । पत्थरी पिसाब निस्कने बाटोबाट यताउता सर्दा पिसाब गर्न कठिनाई हुँदैन, सुखपूर्वक हुन्छ ।

(ख) भावप्रकाश संहिता :

अश्मरीहेतुकञ्चापि मूत्रकृच्छ्रमुदाहृतम्॥
(सुश्रुते शर्कराजमपि मूत्रकृच्छ्रमुक्तम्, अत्र तु तस्य नवमसंख्यानियमार्थमश्मरीशर्करयोः साम्यमाह-)
अश्मरी शर्करा चैव तुल्यसम्भवलक्षणे । विशेषणं शर्करायाः शृणु कीर्तयतो मम॥
(सम्भवाः-कारणम्) ।
पच्यमानाऽश्मरी पित्ताच्छोष्यमाणा च वायुना । विमुक्तकफसन्धाना क्षरन्ती शर्करा मता॥
(पित्तेन पच्यमाना-मूत्रशुक्रश्लेष्मसंहतिः प्रथमं पित्तेन इन्धनकर्मणा पच्यमाना । पश्चाद्वातेन शोषिता कफेनाश्लिष्टा अश्मरी, सैव विमुक्तकफसन्धाना-त्यक्तकफाश्लेषा सती शर्करारूपा मूत्रमार्गाक्षरन्ती शर्करा मता । एतावता किञ्चिदेव भेदः ।) ।

पत्थरी भएर कष्टपूर्ण तरिकाले पिसाब हुने रोगलाई अश्मरीज मूत्रकृच्छ्र भनिन्छ । सुश्रुत शर्कराजन्य मूत्रकृच्छ्र भनी नवौं प्रकारको मुत्रकृच्छ्रका बारेमा बताएका छन् । पत्थरी र शर्करा उस्तै भउकाले यहाँ आठ थरी मूत्रकृच्छ्रका बारेमा मात्र बताइएको छ । भनिएको छ कि- पत्थरी र शर्करा : यी दुईको निदान र लक्षण समान हुन्छन् । यिनमा फरक के छ त्यो् बताउँदछु सुन । पकाउने काम गर्ने पित्तले पकाएर र वायुले सुकाएर र कफको संयोगले पत्थरी हुन्छ । यो पिसाब, वीर्य र कफ मिलेर बन्दछ । जब पत्थरीबाट कफ अलग हुन्छ तब यो बालुवा जस्तो भएर झर्न थाल्दछ । यसैलाई शर्करा भनिन्छ । यसरी पत्थरी र शर्करामा यति मात्र फरक हुन्छ ।

हृत्पीडा वेपथुः शूलं कुक्षावग्निश्च दुर्बलः । तथा भवति मूर्च्छा च मूत्रकृच्छ्रञ्च दारुणम्॥

छाती वा मुटु दुख्नु, शरीर काम्नु, शूल हुनु, कोखो दुख्नु, पाचनशक्ति कमजोर हुनु, बेहोसी र कडा खालको मूत्रकृच्छ्र रोग हुनु : यी शर्करा रोगले निकाल्ने सह-रोग हुन् ।

(ग) माधव निदान, योग रत्नाकर, वङ्गसेन आयुर्वेद :

अश्मरीहेतु तत्पूर्वं मूत्रकृच्छ्रमुदाहरेत्॥

पत्थरीका कारण हुने मूत्रकृच्छ्रलाई अश्मरीज मूत्रकृच्छ्र भनिन्छ ।

अश्मरी शर्करा चैव तुल्यसम्भवलक्षणे । विशेषणं शर्करायाः शृणु कीर्तयतो मम॥
पच्यमानाऽश्मरी पित्ताच्छोष्यमाणा च वायुना । विमुक्तकफसन्धाना क्षरन्ती शर्करा मता॥
हृत्पीडा वेपथुः शूलं कुक्षावग्निश्च दुर्बलः । तया भवति मूर्च्छा च मूत्रकृच्छ्रं च दारुणम्॥
मूत्रवेगनिरस्ताभिः पशमं याति वेदना । यावदस्याः पुनर्नैति गुडिका स्रोतसो मुखम्॥

अश्मरी र शर्कराको पहिचार र लक्षण उस्तै हुन्छ । तर यी दुईमा यो विशेषता छ कि -अश्मरी नै पित्तले पाकेर र वायुले सुकेर कफरूपी जोड्ने वस्तु नाश भएपछि ससाना टुक्रा भई बाहिर निस्कने गर्दछ । यसलाई शर्करा भनिन्छ । यसले गर्दा छाती वा मुटु दुख्ने, काम्ने, कोखामा शूल हुने,

पाचनशक्ति कमजोर हुने, बेहोसी र डरलाग्दो मूत्रकृच्छ्र रोग हुने गर्दछ । पिसाबको वेगसँगै शर्करा निस्केपछि पुनः शर्करा गएर पिसाब बहने बाटो नछेक्दासम्म दुख्न बन्द हुन्छ ।

(घ) सुश्रुत संहिता :

अश्मरीहेतुकः पूर्वं मूत्राघात उदाहृतः ॥

अश्मरीजन्य मुत्राघातका बारेमा पहिले नै (निदान स्थान अध्याय ३) बताइएको छ ।

पत्थरीजन्य मूत्रकृच्छ्रको उपचार

(क) चरक संहिता :

क्रिया हिता साऽश्मरिशर्कराभ्यां कृच्छ्रे यथैवेह कफानिलाभ्याम् ।
कार्याऽश्मरीभेदनपातनाय विशेषयुक्तं शृणु कर्म सिद्धम् ॥

पत्थरीजन्य तथा शर्कराजन्य मूत्रकृच्छ्र रोगमा कफवातजन्य मूत्रकृच्छ्रको जसरी उपचार गर्नुपर्दछ । पत्थरी र शर्करा फार्ने र बाहिर निकाल्ने विशेष उपचार विधि सुन । (अर्थात् यस्तो मूत्रकृच्छ्रमा पत्थरी वा शर्कराको उपचार पनि सँगै गर्नुपर्दछ) ।

(ख) भावप्रकाश संहिता :

सप्तच्छदारग्वधकेवुकैला निम्बः करञ्जः कुटजो गुडूची ।
साध्याजले तेन पचेद्यवागूं सिद्धं कषायं मधुसंयुतं वा ॥

छतिवन, राजवृक्ष, सुपारी, अलैंची, नीम, करञ्ज, ठूलोकुरोको बोक्रा र गुर्जो : यी ओखती हालेर काँढापानी पकाई सेलाएपछि मह मिसाएर पिउने गर्नाले अथवा यो काँढापानीमा यवागू बनाएर खानाले पत्थरीजन्य मूत्रकृच्छ्र नाश हुन्छ ।

(ग) योग रत्नाकर :

अश्मरीजे मूत्रकृच्छ्रे स्वेदाद्या वातजित्क्रिया । पाषाणभेदक्वाथस्तु कृच्छ्रेमश्मरिजं जयेत् ॥

पत्थरीजन्य मूत्रकृच्छ्र रोगमा स्वेदन आदि वातनाशक उपचार गर्नुपर्दछ । पाषाणभेदको काँढापानी पिउने गर्नाले पत्थरीजन्य मूत्रकृच्छ्रलाई जित्दछ ।

एलोपकुल्यामधुकाश्मभेदकौन्तीश्वदंष्ट्रावृषकोरुबूकैः ।
श्रृतं पिबेदश्मजतु प्रगाढं सशर्करं साश्मरिमूत्रकृच्छ्रे ॥

सुकुमेल, अजयपालको जरा, जेठीमधु, पाषाणभेद, रेणुकाका बीज, ओदानेकाँडो, असुरो र अँडिरको जरा बराबर लिई काँढापानीमा सिलाजित र मिश्री मिसाएर पिउने गर्नू । कडा खालको पत्थरीजन्य मूत्रकृच्छ्र नाश हुन्छ ।

(घ) वङ्गसेन आयुर्वेद :

सप्तच्छदारग्वधकेतकैला निम्बः करञ्जः कुटजो गुडूची ।
साध्या जले तेन पचेद्यवागूं सिद्धं कषायं मधुसंयुतं वा ॥

छतिवन, राजवृक्ष, केतकी, अलैंची, नीमका बोक्रा, करञ्ज, ठूलोकुरोको बोक्रा र गुर्जो : यी ओखती हालेर काँढापानी पकाई सेलाएपछि मह मिसाएर पिउने गर्नाले अथवा यो काँढापानीमा यवागू बनाएर खानाले पत्थरीजन्य मूत्रकृच्छ्र नाश हुन्छ ।

वीर्यजन्य मूत्रकृच्छ्र

(क) चरक संहिता :

(रेतोऽभिघाताभिहतस्य पुंसः प्रवर्तते यस्य तु मूत्रकृच्छ्रम् ।
स्याद्वेदना वङ्क्षणबस्तिमेढ्रे तस्यातिशूलं वृषणातिवृत्ते ॥
शुक्रेण संरुद्धगतिप्रवाहो मूत्रं स कृच्छ्रेण विमुञ्चतीह ।
तमण्डयोः स्तब्धमिति ब्रुवन्ति रेतोऽभिघातात्प्रवदन्ति कृच्छ्रम्) ॥

वीर्यको वेग रोक्ने गर्नाले पनि मानिसलाई मुत्रकृच्छ्र रोग हुन्छ । यसबेला मूत्राशय र जननेन्द्रियमा दुख्दछ । अण्डकोश सुन्निन्छ र अति दुख्दछ । वीर्यले बाटो र बहने क्रम रोकिएर पिसाब आउँदछ । यसलाई अण्डकोशमा पिसाब रोकिएको पनि भनिन्छ । यो वीर्यजन्य मूत्रकृच्छ्र हो । (यो प्रक्षिप्त श्लोक हो) ।

शुक्रं मलाश्चैव पृथक् पृथग्वा मूत्राशयस्थाः प्रतिवारयन्ति ।
तद्व्याहतं मेहनबस्तिशूलं मूत्रं सशुक्रं हि करोति बद्धम् ॥
स्तब्धश्च शूनो भृशवेदनश्च तुद्येत वस्तिर्वृषणौ च तस्य ।

मूत्राशयमा रहेको वात आदि दोष बेग्लाबेग्लै वा सबै मिलेर वीर्यको सहज मार्गलाई रोकिदिन्छ । यसरी रोकिएको वीर्य जमेर पिसाबलाई छेक्न थाल्दछ र जननेन्द्रिय र मूत्राशयमा शूल निकाल्दछ । यसबेला रोगीका मूत्राशय र दुवै अण्डकोशमा सुजन, लाटोपन र सियोले घोचेजसरी चसचस गरी दुख्ने गर्दछ । (यो वीर्यजन्य मूत्रकृच्छ्रको लक्षण हो) ।

(ख) भावप्रकाश संहिता, माधव निदान, योग रत्नाकर, वङ्गसेन आयुर्वेद :

शुक्रे दोषैरुपहते मूत्रमार्गे विधाविते । सशुक्रं मूत्रयेत्कृच्छ्राद् बस्तिमेहनशूलवान्॥

आफ्नो स्थानबाट सरेको शुक्र जब दोषको प्रकोपले अवरुद्ध भई पिसाबको बाटोमा गएर रोकिन्छ तब मानिसले शुक्र मिसिएको पिसाब गर्न थाल्दछ । उसको मूत्राशय र जननेन्द्रिय दुख्दछ । (यसलाई शुक्रजन्य मूत्रकृच्छ्र भनिन्छ ।) ।

वीर्यजन्य मूत्रकृच्छ्रको उपचार

(क) चरक संहिता :

रेतोभिघातप्रभवे तु कृच्छ्रे समीक्ष्य दोषं प्रतिकर्म कुर्यात् ।
कार्पासमूलं वृषकाश्मभेदौ बलास्थिरादीनि गवेधुका च॥
वृश्चीर ऐन्द्री च पुनर्नवा च शतावरी मध्वसनाख्यपर्ण्यौ ।
तत्क्वाथसिद्धः पवने रसः स्यात् पित्तेऽधिके क्षीरमथापि सर्पिः॥
कफे च यूषादिकमन्नपानं संसर्गजे सर्वहितः क्रमः स्यात् ।

वीर्यजन्य मूत्रकृच्छ्र रोगमा वात आदि दोष हेरी उपचार गर्नू । कपासको जरा, असुरो, पाषाणभेद, बलुको जरा, साकिनु आदि लघुपञ्चमूल, नागबलु, सेतो पुनर्नवा, इन्द्रेनीलहरो, रातो पुनर्नवा, कुरिलो, गुर्जो र अपराजिता ? यी ओखतीको काँढापानीमा हालेर पकाइएको मासुको रस वातजन्य पत्थरीका रोगीलाई पिउन दिनु पर्दछ । यदि पित्तको प्रभाव बढी छ भने यिनै ओखतीको काँढापानीमा पकाइएको दूध वा घिउ मात्रा मिलाएर रोगीलाई खुवाउनू । कफको प्रधाव बढी भए यिनै ओखती हालेर पकाइएको यूषसँग खानपिन गराउनु हितकर हुन्छ । त्रिदोषजन्य शुक्रजन्य मूत्रकृच्छ्रमा उल्लेखित तीन वटै दोषमा हितकर हुनेगरी क्रमैले उपचार गर्नुपर्दछ ।

एवं न चेच्छाम्यति तस्य युञ्ज्यात् सुरां पुराणां मधुकासवं वा॥
विहङ्गमांसानि च बृंहणाय वस्तींश्च शुक्राशयशोधनार्थम् ।
शुद्धस्य तृप्तस्य च वृष्ययोगैः प्रियानुकूलाः प्रमदा विधेयाः॥

उल्लेखित उपचारले वीर्यजन्य मूत्रकृच्छ्र रोग ठिक नभए पुरानो सुरा वा मधुकासव तथा पौष्टिकताका लागि चराको मासु पनि प्रयोग गर्नुपर्दछ । रोगीलाई वस्ति पनि दिनुपर्दछ । यसरी स्रोतहरू शुद्ध भएपछि वृक्ष्या ओखती खुवाएर तृप्त पारिएका पुरुषको शुक्राशय शुद्ध पार्न तिनलाई प्रिय र मन अनुकूल मैथुनमा सहभागी गराउनु पर्दछ ।

(ख) भावप्रकाश संहिता :

लेहः शुक्रविबन्धोत्थे सशिलाजतु माक्षिकम् । एलाहिङ्गुयुतं क्षीरं सर्पिर्मिश्रं पिबेन्नरः॥
मूत्रदोषमशुद्धयर्थं शुक्रदोषहरञ्च तत् । वृष्यंबृंहितधातोश्च विधेयाः प्रमदोत्तमा॥

वीर्यजन्य मूत्रकृच्छ्र रोगमा सिलाजित र मह मिसाएर चाट्ने गर्नू । अथवा दूधमा अलैंची, हिङ र घिउ मिसाएर पिउने गरिए पिसाबका दोष स्वच्छ हुन्छन् र वीर्यका दोष नाश हुन्छन् । जसलाई वीर्यदोषले मूत्रकृच्छ्र भएको छ उसलाई वीर्यवर्धक वा यौनक्षमता बढाउने खालका ओखती खुवाउनू र प्रिय स्त्री (पत्नी) सँग मैथुनमा संलग्न हुने सल्लाह दिनू ।

(ग) भैषज्य रत्नावली, वङ्गसेन आयुर्वेद :

लेह्यं शुक्रविबन्धोत्थे शिलाजतु समाक्षिकम् । वृष्यैर्बृंहितधातोश्च विधेया प्रमदोत्तमा ॥

वीर्य रोक्ने कारणले हुने मूत्रकृच्छ्र रोगमा शिलाजित महमा मिसाएर चाट्ने गर्नू अथवा पुष्टिकारक ओखती खाने गरेका कारण वीर्य धेरै बढेर हुने मूत्रकृच्छ्र रोगमा सुन्दर स्त्रीसँग मैथुनमा सहभागी हुनू ।

(घ) योग रत्नाकर :

कृच्छ्रे शुक्रविबन्धोत्थे शिलाजतु समाक्षिकम् । सक्षीरं ससितं सर्पिर्मद्वापि प्रपिवेन्नरः ॥

वीर्यजन्य मूत्रकृच्छ्र रोगमा मानिसले सिलाजितमा मह, दूध, मिश्री र घिउ मिसाएर खाने गर्नू ।

शुक्रदोष विशुद्ध्यर्थं समदां प्रमदां श्रयेत् । तृणापञ्चकमूलेन सिद्धं सर्पिः पिबेदपि ॥

वीर्यजन्य मूत्रकृच्छ्र रोगमा वीर्य प्रशोधनका लागि मदले उन्मत्त स्त्रीसँग मैथुन गर्नू । अथवा तृणपञ्चमूल हाली पकाइएको घिउ पिउने गर्नू ।

लेहः शुक्रविबन्धोत्थे शिलाजतुसमाक्षिकः । बलाहिङ्गुयुतं क्षीरं सर्पिमिश्रं पिबेन्नरः ।
मूत्रदोषविशुद्ध्यर्थं शुक्रदोषहरं परम् ॥

वीर्य रोकिने कारणले हुने मूत्रकृच्छ्र रोगमा सिलाजित महमा मिसाएर चाट्ने गर्नू । बलु र हिङ हाली दूध र घिउ फिटेर खाने गर्नाले पिसाबका विकार शुद्ध हुन्छन् र वीर्यविकार पनि उत्तम तरिकाले नाश हुन्छन् ।

(ङ) वङ्गसेन आयुर्वेद :

एलाहिङ्गुयुतं क्षीरं सर्पिमिश्रं पिबेन्नरः । मूत्रहृद्रोगशुद्ध्यर्थं शुक्रदोषहरं परम् ॥

अलैंची, हिङ र घिउ हालेर दूध पिउने गर्नाले मूत्र एवं मुटु वा छाती शुद्ध हुन्छ तथा वीर्यदोष नाश हुन्छ ।

शल्याभिघातजन्य मूत्रकृच्छ्रको लक्षण

(क) चरक संहिता :

क्षताभिघातात्क्षतजं क्षयाद्वा प्रकोपितं बस्तिगतं विबद्धम्॥
तीव्रार्ति मूत्रेण सहाल्पमल्पमायाति तस्मिन्नतिसञ्चिते च।
आध्मातततां विन्दति गौरवं च बस्तिर्लघुत्वं च विनिःसृतेऽस्मिन्॥

उपचारका क्रममा वा चोटपटक लागेर अथवा रस आदि धातु खिइएका कारण उत्तेजित र विकृत हुन पुगेको रगत अति दुखाउँदै पिसाबसँग मिसिएर अलि अलि गरेर बाहिर निस्कन्छ। रगत धेरै जम्मा भए मूत्राशय फुल्दछ र भारी भएको अनुभव हुन्छ। रगत निस्केपछि मूत्राशय हलुका भएको महशूष हुन्छ। (यो शल्यजन्य मूत्रकृच्छ्रको लक्षण हो)।

(ख) भावप्रकाश संहिता :

मूत्रवाहिषु शल्येन क्षतेष्वभिहतेषु च। मूत्रकृच्छ्रं तदाघाताज्जायते भृशदारुणम्॥
वातकृच्छ्रेण तुल्यानि तस्य लिङ्गानि निर्दिशेत्॥
(मूत्रवाहिषु स्रोतःसु। शल्येन-कण्टकेन। क्षतेषु-सक्षतीकृतेषु अथवा अभिहतेषु-मुष्ट्यादिभिः अभिहतेषु। तदाघातात्-मूत्रमार्गाघातात्। तत्कृच्छ्रं जायते। भृशदारुणम्-मारकम्। तस्य-शल्यजस्य।)।

पिसाब बहने स्रोतलाई काँडा आदिले क्षय गर्नाले वा मुड्की आदिको चोट लागेर पिसाबको बाटो पीडित हुँदा मरणसमान अति कडा मूत्रकृच्छ्र रोग हुन्छ जसलाई शल्यज मूत्रकृच्छ्र रोग भनिन्छ। यो रोगको लक्षण वायुजन्य मूत्रकृच्छ्र रोगका जस्तै हुन्छन्।

(ग) माधव निदान, योग रत्नाकर, वङ्गसेन आयुर्वेद :

मूत्रवाहिषु शल्येन क्षतेष्वभिहतेषु वा। मूत्रकृच्छ्रं तदाघाताज्जायते भृशदारुणम्॥
वातकृच्छ्रेण तुल्यानि तस्य लिङ्गानि निर्दिशेत्।

पिसाब बहने भागमा भित्री शल्यक्रिया वा बाहिरी चोटपटकले घाउ भई हुने डरलाग्दो मूत्रकृच्छ्र रोगलाई शल्याभिघातज मूत्रकृच्छ्र रोग भनिन्छ। यसका लक्षणहरू वातजन्य मूत्रकृच्छ्र रोगका जस्तै हुन्छन्।

(घ) सुश्रुत संहिता :

मूत्रवाहिषु शल्येन क्षतेष्वभिहतेषु च। स्रोतःसु मूत्राघातस्तु जायते भृशवेदनः॥
वातबस्तेस्तु तुल्यानि तस्य लिङ्गानि लक्षयेत्। शकृतस्तु प्रतीघाताद्वायुर्विगुणतां गतः॥

आध्मानं च सशूलं च मूत्रसङ्गं करोति हि ।

पिसाब बहने भित्री स्रोत वा अङ्गमा कुनै काँडा आदिले घाउ भएर हुने मूत्रकृच्छ्रमा वा कुनै चोटपटकले हुने मूत्रकृच्छ्रमा अति नै धेरै दुख्ने खालको मूत्रकृच्छ्र हुने गर्दछ, यसमा वातवस्ति रोगका जस्तै लक्षणहरू हुन्छन् । दिसा रोकिने कारणले वायुको गति उल्टोहुभई आध्मान, शूल र मूत्रसङ्ग जस्ता रोगहरू देखा पर्दछन् ।

शल्याभिघातजन्य मूत्रकृच्छ्रको उपचार

(क) चरक संहिता :

रक्तोद्भवे तूत्पलनालतालकासेक्षुबालेक्षुकशेरुकाणि ।
पिबेत्सिताक्षौद्रयुतानि खादेदिक्षुं विदारीं त्रपुषाणि चैव ॥

रगतजन्य मूत्रकृच्छ्र रोगमा नीलकमलको डाँठ, ताडफल, काँस, बिरालेलहरो, उखुको रस वा कसेरुको रस : यी ओखतीमा मिश्री र मह मिसाई पिउनु पर्दछ । यस्तो रोगीले उखु, बिरालेलहरो र काँक्रो खाने गर्नू ।

घृतं श्वदंष्ट्रास्वरसेन सिद्धं क्षीरेण चैवाष्टगुणेन पेयम् ।
स्थिरादिकानां कनकादिकानामेकैकशो वा विधिनैव तेन ॥

गाईको घिउ, ओदानेकाँडाको रस र आठ गुना गाईको दूध पकाएर रोगीले पिउने गर्नू । (यहाँ ओदानेकाँडोको रस र घिउ बराबर लिनु पर्दछ) । चिल्लो पकाउन स्वरस त्यति नै हालिन्छ जति दूध पकाउँदा हाल्ने गरिन्छ । यदि ओदानेकाँडाको काँढापानी प्रयोग गर्न हो भने चौबर लिनु पर्दछ । अथवा लघुपञ्चमूल र निर्मली आदि (विमानस्थान अध्याय आठमा बताइएका निर्मलीदेखि सोमलातासम्मका) ओखती हाली पहिले बताए जसरी नै घिउ पकाउनु पर्दछ । ओखतीको रस वा काँढापानीको आठ गुना दूध हालेर घिउ पकाउनु पर्दछ ।

क्षीरेण बस्तिर्मधुरौषधैः स्यात्तैलेन वा स्वादुफलोत्थितेन ।
यन्मूत्रकृच्छ्रे विहितं तु पैत्ते कार्यं तु तच्छोणितमूत्रकृच्छ्रे ॥

मधुरगणका ओखती अथवा मदीसे बदाम आदि मधुरफलको तेलसँग दूध सहित वस्ति दिनुपर्दछ । अथवा स्वादुफल अर्थात् दाख हालेर पकाइएको तेल पनि प्रयोग गर्न सकिन्छ । सामान्यतः पित्तजन्य मूत्रकृच्छ्रमा बताइएका विधि रक्तजन्य मूत्रकृच्छ्रका लागि प्रयोग प्रयोग गर्नुपर्दछ ।

(ख) भावप्रकाश संहिता :

मूत्रकृच्छ्रेऽभिघातोत्थे वातकृच्छ्रक्रिया मता ॥३४॥
मद्यं पिबेद्वा ससितं ससर्पिः शृतं पयो वाऽर्द्धसिताप्रयुक्तम् ।

धात्रीरसञ्चेक्षुरसं पिबेद्वा कृच्छ्रे सरक्ते मधुना विमिश्रम्॥३५॥

चोटपटकजन्य मूत्रकृच्छ्र रोगमा वातजन्य मूत्रकृच्छ्रको जसरी उपचार गर्नू । रगत मिसिएर पिसाब हुन्छ भने घिउ, मिश्री र मह मिसाएर मद्य पिउनू । अथवा तातो दूधसँग मह खानू र सँगसँगै आधा मिश्री हालेर पिउनू । अथवा अमलाको तथा उखुको रस मिसाएर त्यसमा मह हालेर पिउनू ।

(ग) भैषज्य रत्नावली :

तथाऽभिघातजे कुर्य्यात्सद्यो व्रणचिकित्सितम् । मुत्रकृच्छ्रे सदा कार्या वातरोगहरी क्रिया॥

चोटपटक लागेर हुने मूत्रकृच्छ्र रोगमा तत्काल व्रणरोगको जसरी सबै वातजन्य मूत्रकृच्छ्र नाश गर्ने खालका उपचार गर्नू ।

(घ) योग रत्नाकर :

मन्थं पिबेद्वा ससितं ससर्पिः श्रृतं पयो वाऽर्धसिताप्रयुक्तम् ।
धात्रीरसं चेक्षुरसं पिबेद्वा कृच्छ्रे सरक्ते मधुना विमिश्रम्॥

कुनै पनि मन्थमा घिउ र मिश्री मिसाएर पिउनू । अथवा पकाएर सेलाएको दूधमा आधा मिश्री हालेर पिउनू। अथवा अमलाको रसमा अथवा उखुको रसमा मह मिसाएर पिउनू । यसो गर्नाले रगत आउने मूत्रकृच्छ्र रोग नाश हुन्छ ।

मन्थं पिबेद्वा ससितं ससर्पिः श्रृतं पयो वाऽर्धसिताप्रयुक्तम् ।
धात्रीरसं चेक्षुरसं पिबेद्वाऽभिघातकृच्छ्रे मधुना विमिश्रम्॥

कुनै पनि मन्थमा घिउ र मिश्री मिसाएर पिउनू । अथवा पकाएर सेलाएको दूधमा आधा मिश्री हालेर पिउनू । अथवा अमलाको रसमा उखुको रस वा मह मिसाएर पिउनू । यसो गर्नाले अभिघातजन्य मूत्रकृच्छ्र रोग नाश हुन्छ ।

मूत्रकृच्छ्रेऽभिघातोत्थे वातकृच्छ्रक्रिया हिता । पञ्चवल्कलमृल्लेपः कवोष्णोऽत्र प्रशस्यते॥

अभिघातजन्य मूत्रकृच्छ्र रोगमा वातजन्य मूत्रकृच्छ्र रोगको उपचार गर्नुपर्दछ । पञ्चवल्कल बराबर लिई पिसेर त्यसमा एक भाग माटो मिसाई पानीमा पिसेर तात्तातो लेप दल्नाले यो रोगमा लाभ दिन्छ ।

(ङ) वङ्गसेन आयुर्वेद :

मूत्रकृच्छ्रेऽभिघातोत्थे वातकृच्छ्रक्रिया मता । पञ्चवल्कलकृल्लेपः कवोष्णोऽत्र प्रशस्यते॥

अभिघातजन्य मूत्रकृच्छ्र रोगमा वातजन्य मूत्रकृच्छ्र रोगको जसरी उपचार गर्नू । पञ्चक्षीरीवृक्षको बोक्रालाई पानीमा पिसेर हल्का तताई मूत्राशयमा लेप बनाएर दल्नाले अभिघातजन्य मूत्रकृच्छ्रमा हितकर हुन्छ ।

मद्यं पिबेद्वा ससितं ससर्पिः श्रृतं पयश्चापि सिताज्ययुक्तम् ।
धात्रीरसं चेक्षुरसं पिबेद्वा कृच्छ्रे सरक्ते मधुना विमिश्रम् ॥

मद्यमा घिउ, मिश्री र मह मिसाएर पिउनू । अथवा पकाएर सेलाएको दूधमा आधा मिश्री हालेर पिउनू । अथवा अमलाको रस र उखुको रसमा मह मिसाएर पिउनू । यसो गर्नाले रगत आउने मूत्रकृच्छ्र रोग नाश हुन्छ ।

निको हुने र नहुने मूत्रकृच्छ्र

(क) हंसराज निदान :

द्विदोषोद्भवं मूत्रकृच्छ्रं सदाहं भवेत्कष्टसाध्यं प्रयत्नौषधीभिः ।
त्रिदोषोत्थितं दारुणं प्राणनाशं निरुक्त मुनीन्द्रैरसाध्यं नितान्तम् ॥

दुई दोषले उत्पन्न भएको र डाह हुने मूत्रकृच्छ्र मन्त्र एवं ओखती उपचारले बल्लतल्ल ठिक हुन्छ । त्रिदोषले उत्पन्न हुने मुत्रकृच्छ्र ठिक हुँदैन ज्यान लिन्छ भनेर मुनिजनले बताएका छन् ।

मूत्रकृच्छ्र नाशगर्ने पदार्थहरू

(क) अष्टाङ्ग हृदय :

ऊषकादि गण, श्यामादि गण र वीरतरादि गणका ओखतीले मूत्रकृच्छ्र नाश गर्दछ ।

(ख) आयुर्वेद महोदधि :

खजुरमा मूत्रकृच्छ्र नाश गर्ने गुण हुन्छ ।

(ग) धन्वन्तरि निघण्टु :

गुण्ठ, सुकुमेल, वंशलोचन, कुश, बाँस, मुसुरो, दही र मद्यमा मूत्रकृच्छ्र नाशगर्ने गुण हुन्छ ।

(घ) भावप्रकाश निघण्टु :

हर्रो, वंशलोचन, सुकुमेल, अँडिरको पात, ढड्डी, मुज, काँस, सानो गुँद, ठूलो गुँद, कुश, सिरु, तितेपाती, कमलका कलिला पात, स्थलकमल, सिलाजित, हीराकसी, सक्खर हालिएको दूध, दही, चिनी हालेर बनाइएको घोल र सुरामा मूत्रकृच्छ्र नाशगर्ने गुण हुन्छ ।

(ङ) भावप्रकाश संहिता :

गुडमामलकं वृष्यं श्रमघ्नं तर्पणं प्रियम् । पित्तासृग्दाहशूलघ्नं मूत्रकृच्छ्रनिवारणम् ॥

सक्खर र अमला खानु वीर्यवर्धक, थकाई नाशक, तृप्तिदायक, प्रिय तथा रक्तपित्त, डाह, शूल र **मूत्रकृच्छ्र** नाशक हुन्छ ।

(च) मदनपाल निघण्टु :

कण्टकारी, मुण्डी, सुकुमेल, हिरीकासी, पुष्पकासीस, दही र सुरामा मूत्रकृच्छ्र नाशगर्ने गुण हुन्छ ।

(छ) राजनिघण्टु :

गोपालकर्कटी, पाषाणभेद, सहस्रजरी, सियालकाने, बाँस, सेतो सखरखण्ड, रातो पात हुने बेथे, कुभिण्डो, कोइरालो, सेतो आँक, सेतो आँकविशेष, कमलको फूलको डाँठ र मुसुरोमा मूत्रकृच्छ्र नाशगर्ने गुण हुन्छ ।

(ज) राजवल्लभ निघण्टु :

दही, मोही, ओदानेकाँडो, नागबलु, इन्द्रवारुणी, ठूलो गुँद झार, मजिठो र काउलोमा मूत्रकृच्छ्र नाशगर्ने गुण हुन्छ ।

(झ) हारीत संहिता :

तुरङ्गशकटारोहधावनं च हितं मतम् ।

मूत्ररोध रोगमा घोडा, गाडी आदि चढेर दौडनु हितकर हुन्छ भनिएको छ ।

अथवा तोदनन्नारीमैथुनं च विधेयकम् ॥

जननेन्द्रिय मालिस गर्नाले स्त्रीका साथ मैथुन गर्नाले मूत्ररोधमा लाभ गर्दछ ।

तेन सौख्यं भवेच्छीघ्रं स्त्रीणाञ्च योनिमर्दनम् ॥

स्त्रीको मूत्ररोध हुँदा जननेन्द्रिय मालिस गर्नु हितकर हुन्छ ।

भद्रकसैन्धव नामक ओखतीले पिसाबसम्बन्धी रोग नाश गर्दछ ।

मूत्रकृच्छ्रमा खानपिन

(क) अग्निपुराण :

यवान्नविकृतिः शालिर्व्वास्तूकं ससुवर्चलम्॥
त्रपुषवारुगोधूमाः क्षीरिक्षुघृतसंयुताः । मूत्रकृच्छ्रे च शस्ताः स्युः पाने मण्डसुरादयः॥

जौजन्य पदार्थ, मार्सीचामलको भात, बेथेको साग, सौंचर नुन, काँक्रो, वारु (काँक्रो विशेष, एर्वारु); दूध, उखु र घिउ सहितको गहुँ खानु तथा माडा र सुरा पिउनु उत्तम हुन्छ ।

(ख) भैषज्य रत्नावली :

पुरातना लोहितशालयश्च क्षारो यवान्नानि च तीक्ष्णमुष्णम् ।
तक्रं पयो दध्यपि गोप्रसूतं धन्वामिषं मुद्गरसाः सिता च॥
पुराणकूष्माण्डफलं पटोलं महार्द्रकं गोक्षुरकं कुमारी ।
गुवाकखर्ज्जूरकनारिकेलतालद्रुमाणां च शिरांसि पथ्या॥
तालास्थिमज्जात्रपुषं त्रुटिश्च शीतानि पानान्यशनापि चापि ।
प्रणीरनीरं हिमवालुका च हितं नृणां स्यात्सति मुत्रकृच्छ्रे॥

पुरानो मार्सी धानको चामल, जवाखार आदि क्षार, जौ, तिक्खर र उष्णवीर्यका पदार्थ, मोही, गाईको दूध, दही, मरुभूमि वा सुक्खा जमिनमा हुने पशुपंक्षीको मासुको रस, मुगीको यूष, मिश्री, पुरानो कुभिण्डो, परबर, वन अदुवा, ओदानेकाँडो, घिउकुमारी, सुपारी, खजूर, नरिवल, तालवृक्षको गुदी, हर्रो, ताडको फलको गुदी, काँक्रो, सुकुमेल, शीतल खानपिन, शीतल पानी र कपूर : यी पदार्थ मूत्रकृच्छ्र रोगमा हितकर हुन्छ ।

(ग) वैद्य रहस्य :

मुद्गशालियवाजीर्णगोधूमाऽपि शर्करा । पयश्चामलकं सर्पिस्तन्दुलीयं कठिल्लकम्॥
पटोलं चेति पथ्यं स्यान्मूत्रकृच्छ्रजुषां नृणाम्॥

मुगी, मार्सीधानको चामल, जौ, पुरानो गहुँ, मिश्री, दूध, अमला, घिउ, लुँडेको साग, करेलो र परबर : यी मूत्रकृच्छ्रका रोगीका लागि हितकर हुन्छन् ।

मूत्रकृच्छ्रमा बार्नुपर्ने कुराहरू

(क) आयुर्वेद महोदधि :

ताम्बूलं नैव सेवेत सुविरिक्तः क्षुधातुरः । प्रमेही मुत्रकृच्छ्री च क्षीरमभ्यवहृत्य च॥

जसले भर्खर दिसा लगाउने औषधी खाएको छ र जसलाई भर्खर धेरै आउँ परेको छ, त्यस्ता मानिसले पान नखानू । अति नै भोक लागेका बेलामा पनि पान नखानू । प्रमेह र **मूत्रकृच्छ्र** रोग भएकाले पनि पान खान हुन्न । दूध पिएर पनि पान खान हुँदैन ।

(ख) चरक संहिता :

व्यायामसन्धारणशुष्कभक्षपिष्टान्नवातार्ककरव्यवायान् ।
खर्जूरशालूककपित्थजम्बूबिसं कषायं न रसं भजेत॥

व्यायाम, दिसापिसाब आदिको वेग रोक्ने कार्य, भुटेका चना आदि सुक्खा पदार्थ, पिठोले आदिले बनेका पचाउन कठिन हुने पदार्थ, सोभै हावा खाने कार्य, घाम ताप्ने काम, मैथुन, खजूर, कमलको गानू, कैथ, जामुनु वा फणिर, कमलको डाँठ वा गानु र टर्रो स्वादका पदार्थ : यी कुरा मूत्रकृच्छ्रका रोगीले बार्नू ।

(ग) धन्वन्तरि निघण्टु :

इनार र कुवामा पाइने माछाको मासुले मूत्रकृच्छ्र गर्दछ ।

(घ) भावप्रकाश निघण्टु :

कालो वा रातो रायो र खरबुजोले मूत्रकृच्छ्र गर्दछ ।

(ङ) भैषज्य रत्नावली :

मद्यं श्रमं निधुवनं गजवाजियानं सर्वं विरुद्धमशनं विषमाशनं च ।
ताम्बूलमत्स्यलवणार्द्रकतैलभृष्टं पिण्याकहिङ्गुतिलसर्षपवेगराधान्॥
माषान् करीरमतितीक्ष्णविदाहिरूक्षमम्लं तु मुञ्चतु जनः सति मूत्रकृच्छ्रे॥

मूत्रकृच्छ्र रोग हुँदा मदिरा सेवन, परिश्रम, मैथुन, हात्ती वा घोडा चढ्ने कार्य, परस्परविरोधी खानपिन, विषम भोजन, पान चपाउने कार्य, माछा, नुन, अदुवा, तेलमा तारेका पदार्थ, पिना, हिङ, सर्सिउँ, दिसापिसाबको वेग रोक्ने काम, मास, बाँसको तामा, अति तिक्खर पदार्थ, अति डाह गर्ने पदार्थ, रुखा पदार्थ र अमिला पदार्थ खान तुरुन्त बन्द गर्नू ।

(च) मदनपाल निघण्टु :

खरबुजोले मूत्रकृच्छ्र गर्दछ ।

(छ) वैद्य रहस्य :

व्यायामं मैथुनं तीक्ष्णं मद्यमातपमामिषम् । अध्वानं च विदाह्यन्नं मूत्रकृच्छ्री विवर्जयेत्॥

मूत्रकृच्छ्रका रोगीले कसरत, मैथुन, तिक्खर पदार्थ, मद्य, घाम, मासु, पैदल यात्रा र डाहकारी अन्न त्याग गर्नू ।

उपचार

अँडिर आदिको प्रयोग

(क) हारीत संहिता :

एरण्डमूलपाषाणभेदगोक्षुरकास्तथा । एलाटरूषपिप्पल्यो यष्टीमधुसमन्विताः॥

अँडिरको जरा, पाषाणभेद, ओदानेकाँडो, अलैंची, असुरो, पिप्ला र जेठीमधु हाली काँढापानी पकाएर त्यसमा सिलाजित मिसाई पिउने गर्नाले मूत्रकृच्छ्र नाश हुन्छ ।

अमला आदिको प्रयोग

(क) भैषज्य रत्नावली :

धात्री द्राक्षा विदारी च यष्ट्याह्वं गोक्षुरं तथा ।
एभिः कषायं विपचेत्पिबेच्छीतं सशर्करम्॥
अपि योगशतासाध्यं मूत्रकृच्छ्रं जयेल्लघु॥

अमला, दाख, बिरालेलहरो, जेठीमधु र ओदानेकाँडो बराबर मिसाएर काँढापानी पकाई सेलाएपछि मह मिसाएर पिउने गर्नू । सैयौं थरी ओखती गर्दापनि ठिक नभएको मूत्रकृच्छ्र रोग यो सामान्य ओखतीले नाश गर्दछ ।

धात्री द्राक्षा च यष्ट्याह्वं विदारी सत्रिकण्टका ।
दर्भेक्षुमूलमभया क्वाथयित्वा जलं पिबेत्॥
ससितं मूत्रकृच्छ्रघ्नं रुजं दाहहरं परम्॥

अमला, दाख, जेठीमधु, विरालेलहरो, ओदानेकाँडो, सानो जातको कुशको जरा, उखुको जरा र हर्रो बराबर मिसाई काँढापानी पकाएर त्यसमा मिश्री हालेर पिउने गर्नाले डाह गर्ने खालको मूत्रकृच्छ्र रोग शान्त हुन्छ ।

अमृतफल नामक मिठाईको प्रयोग

(क) आयुर्वेद महोदधि :

अमृतरसाख्यं भक्ष्यं तिलललितं खण्डघृतपक्वम् ।
शमयत्यर्शः कृच्छ्रान् हरति सवातं तथा पित्तम्॥

गहुँ वा मार्सी चामलको पिठोमा तिल मिसाएर त्यसलाई खुँदो र घिउमा पकाउनु पर्दछ अमृतफल नामक मिठाई बन्दछ । यसरी तयार गरिएको यो मिठाईले अलकाई र **मूत्रकृच्छ्र** रोग निको पार्दछ एवं वातविकार पित्तविकार पनि ठिक गर्दछ ।

अम्फीफल आदिको प्रयोग

(क) योग रत्नाकर :

अङ्कोलतिलकाष्ठानां क्षारः क्षौद्रेण संयुतः । दधिवार्यनुपानेन मूत्ररोधं नियच्छति॥

अम्फीफलको काठको क्षार र तिलको बोटको क्षार बराबर लिई मह र दहीको पानीमा फिटेर पिउने गर्नू । पिसाब रोकिने रोग नाश हुन्छ ।

अश्वगन्धा आदिको प्रयोग

(क) शार्ङ्गधर संहिता :

अश्वगन्धा तुलैका स्यात् तदर्धो गोक्षुरः स्मृतः॥
बालाऽमृता शालिपर्णी विदारी च शतावरी । पुनर्नवाऽश्वत्थशुण्ठी काश्मर्यास्तु फलान्यपि॥
पद्मबीजं माषबीजं दद्याद्दशपलं पृथक् । चतुर्द्रोणाम्भसा पक्त्वा पादशेषं श्रृतन्नयेत्॥
जीवनीयगणः कुष्ठं पद्मकं रक्तचन्दनम् । पत्रकं पिप्ली द्राक्षा कपिकच्छुफलं तथा॥
नीलोत्पलं नागपुष्पं सारिवे द्वे बले तथा । पृथक् कर्षसमा भागाः शर्करायाः पलद्वयम्॥
रसश्च पौण्ड्रकेक्षूणामाढकैकं समाचरेत् । घृतस्य चाढकं दत्त्वा पाचयेन्मृदुनाऽग्निना॥
घृतमेतन्निहन्त्याशु रक्तपित्तमुरःक्षतम् । हलीमकं पाण्डुरोगं वर्णभिदं स्वरक्षयम्॥
वातरक्तं मूत्रकृच्छ्रं पार्श्वशूलञ्च कामलाम् । शुक्रक्षयमुरोदाहं कार्श्यमोजः क्षयन्तथा॥
स्त्रीणां चैवाप्रजातानां गर्भदं शुक्रदं नृणाम् । कामदेवघृतं नाम हृद्यं बल्यं रसायनम्॥

अश्वगन्धा एक तुला, ओदानेकाँडो त्यसको आधा अनि चितूको बोक्रा, गुर्जो, साकिनु, बिराले लहरा, कुरिलो, पुनर्नवा, अश्वत्थ (पीपल), सुठो, खमारीका फल, कमलका गेडा र माषका गेडा दश दश पल लिएर धुलो बनाई चार द्रोण पानीमा काँढापानी पकाउनू । जब एक चौथाई पानी बाँकी हुन्छ तब भिकेर छान्नू । अनि यसमा जीवनीयगणका ओखती, कूट, पैयुँ, रक्तचन्दन, तेजपात, पिप्ला, दाख,

काउछोको गेडा, नीलकमल, नागकेशर, कालो र सेतो सिस्नु तथा दुई थरीका बलु (बलु र अतिबलु) यी सबै एक एक कर्ष कुटेर धुलो बनाई काँढापानी पकाएर अघिको काँढा पानीमा मिसाउनू । यसमा दुई पल मिस्री हाल्नू । उखुको रस र घिउ एक एक आढक हाल्नू । अनि मन्द आँचमा पकाउनू । घिउ मात्र बाँकी भएपछि झिकेर छान्नू । यो घिउले रक्तपित्त, उरक्षत, हलीमक, पाण्डु, वर्णभेद (शरीरको वर्ण नाश हुने ?), स्वर बसेको, वातरक्त, **मूत्रकृच्छ्र**, कोखाको शूल, कमलपित्त, शुक्रको क्षय, पेट पोल्ने वा दुख्ने रोग, दुब्लोपन, तेजक्षय, स्त्रीका गर्भजन्य रोग र पुरुषका शुक्रजन्य रोग निको हुन्छ । यो कामदेवघृत नामक स्नेह मनोहर एवं वीर्य र बल वर्धक तथा रसायनी हुन्छ ।

उखु आदिको प्रयोग

(क) योग रत्नाकर :

भ्रष्टेक्षुस्वरसं ग्राह्यमाखुविट्सहितं पिबेत् । नाशयेन्मूत्रकृच्छ्राणि सद्य एव न संशयः ॥

उखुलाई आगोमा तताई रस निचोर्नू । यो रसमा मुसाको लिँडको धूलो हालेर पिउनू । मूत्रकृच्छ्र रोग तुरुन्त नाश हुन्छ ।

एर्वारु आदिको प्रयोग

(क) चरक संहिता :

एर्वारुबीजं त्रपुषात्कुसुम्भात् सकुङ्कुमः स्याद्वृषकश्च पेयः ।
द्राक्षारसेनाश्मरिशर्करासु सर्वेषु कृच्छ्रेषु प्रशस्त एषः ॥

लामो घिरौंलोजस्तो काँक्राका बियाँ, काँक्राका बियाँ, कुसुमको बीज, केसर र असुरोका पात बराबर मिसाई पिसेर अङ्गूरको रससँग पिउनु सबै खालका पत्थरी र **मूत्रकृच्छ्र** रोगमा हितकर हुन्छ ।

(ख) भावप्रकाश संहिता, वङ्गसेन आयुर्वेद :

एर्वारुबीजकल्कश्च श्लक्ष्णपिष्टोऽक्षसंमितः । धान्याम्ललवणैः पेयो मूत्रकृच्छ्रविनाशनः ॥

लामो जातको काँक्रोविशेषका बियाँ थोरै पानी मिसाएर राम्ररी पिस्नू । यो एक अक्ष (एक तोला) काँजी र सिँधेनुन मिसाएर खाने गर्नू । मूत्रकृच्छ्र रोग नाश हुन्छ ।

(ग) योग रत्नाकर :

उर्वारुबीजकल्कं च श्लक्ष्णं पिष्ट्वाऽक्षसम्मितम् । धान्याम्ललवणैः पेयं मूत्रकृच्छ्रविनाशनम् ॥

काँक्रोविशेषका बियाँ पिसेर एक अक्ष लिनू । यसलाई धान्याम्लमा हाली सिँधेनुन मिसाएर पिउने गर्नू । मूत्रकृच्छ्र रोग नाश हुन्छ ।

(घ) सुश्रुत संहिता :

कल्कमेर्वारुबीजानामक्षमात्रं ससैन्धवम् । धान्याम्लयुक्तं पीत्वैव मूत्रकृच्छ्रात् प्रमुच्यते॥

काँक्रोविशेष, लाम्चो काँक्रो आदिका बियाँ एक कर्ष (करिब १२ ग्राम) र सिँधेनुन मिसाई काँजी पिउने गर्नू । मूत्रकृच्छ्र रोगबाट मुक्त हुन्छ ।

ओदानेकाँडो आदिको प्रयोग

(क) भावप्रकाश संहिता, वङ्गसेन आयुर्वेद :

त्रिकण्टकारग्वधदर्भकाश दुरालभापर्वतभेदपथ्याः ।
निघ्नन्ति पीता मधुनाऽश्मरीन्तु सम्प्राप्तमृत्योरपि मूत्रकृच्छ्रम्॥

ओदानेकाँडो, राजवृक्ष, सानो जातको कुश, काँस, दुरालभा, पाषाणभेद र हर्रो : यी ओखती बराबर मिसाएर पिसी महसँग खाने गर्नू । यसले पत्थरी तथा कालसमान **मूत्रकृच्छ्र** रोग पनि नाश हुन्छ ।

(ख) भैषज्य रत्नावली, योग रत्नाकर :

त्रिकण्टकारग्वधदर्भकाशदुरालभाप्रस्तरभेदपथ्याः ।
निघ्नन्ति पीडां मधुनाऽश्मरी च सम्प्राप्तमृत्योरपि मूत्रकृच्छ्रम्॥

ओदानेकाँडो, राजवृक्ष, सानो जातको कुशको जरा, काँसको जरा, दुरालभा, पाषाणभेद र हर्रो बराबर लिई पिसेर बनाइएको धूलोमा मह मिसाएर खाने गर्नाले पत्थरी तथा ज्यानै लिने अवस्थाको **मूत्रकृच्छ्र**को पीडा पनि नाश हुन्छ ।

(ख) भैषज्य रत्नावली, रस रत्नाकर, वङ्गसेन आयुर्वेद :

क्वाथं गोक्षुरबीजस्य यवक्षारयुतं पिबेत् । मूत्रकृच्छ्रं तथा रक्तं पीतं शीघ्र निवारयेत्॥

ओदानेकाँडोको बीज हालेर पकाइएको काँढापानीमा जवाखारको धूलो मिसाएर पिउने गर्नाले **मूत्रकृच्छ्र** रोग र पिसाबबाट रगत बहने समस्या चाँडै ठिक हुन्छ ।

त्रिकण्टकैरण्डकुशाद्यभीरुकर्कारुकेक्षुस्वरसेन सिद्धम् ।
सर्पिर्गुडार्द्धांशयुतं प्रपेयं कृच्छ्राश्मरीमूत्रविघातहेतोः॥

ओदानेकाँडो, अँडिरको जरा, कुशादि पञ्चमूत्र, कुरिलो, कुभिण्डो र उखुको रस (नपाउँदा काँढापानी) मा पकाइएको घिउ र घिउको आधा सक्खर मिसाएर पिउनू । यसले **मूत्रकृच्छ्र,** पत्थरी र मूत्राघात रोग चाँडै ठिक हुन्छ ।

(ग) योग रत्नाकर :

गोक्षुरजस्तथा क्वाथो यवक्षारयुतः शुभः । सर्वकृच्छ्रविनाशाय शिलाजतुयुतोऽथ वा ॥

ओदानेकाँडोको काँढापानीमा जवाखार मिसाएर पिउन दिनाले अथवा सिलाजित मिसाएर पिउन दिनाले सबै खालका मूत्रकृच्छ्र रोग नाश हुन्छ ।

त्रिकण्टकैरण्डकुशाद्यभीरुकर्कारुकेक्षुस्वरसेन सिद्धम् ।
सर्पिर्गुडार्धांशयुतं प्रपेयं कृच्छ्राश्मरीमूत्रविघातहारि ॥

ओदानेकाँडो, अँडिरको जरा र कुरिलो बराबर लिई विधिपूर्वक क्षीरपाक गर्नू । त्यो दूधमा सक्खर मिसाएर पिउन दिनाले वातजन्य शूल नाश हुन्छ । त्यसमा घिउ र दूध मिसाएर पिउन दिनाले मूत्रकृच्छ्र आदि रोग नाश हुन्छ ।

(ङ) योग रत्नाकर, शार्ङ्गधर संहिता :

समूलगोक्षुरक्वाथः सितामाक्षिकसंयुतः । नाशयेन्मूत्रकृच्छ्राणि तथा चोष्णसमीरणम् ॥

जरा सहितको ओदानेकाँडो लेराई काँढापानी पकाउनू । यो काँढापानीमा मिस्री र मह मिसाएर पिउनू । यसले **मूत्रकृच्छ्र** र उष्णवात (गर्मीजन्य रोग) रोग ठिक गर्दछ ।

(च) रस रत्नसमुच्चय :

गोक्षुरस्य कषायं तु सघृतं पाययेन्निशि । पाण्डूरफलमूलं च भूम्यामलकमूलिका ॥
वंशस्य पेटकार्याश्च मूलं पिष्ट्वा जलं पिबेत् ॥

ओदानेकाँडोको काँढापानी पकाई गाईको घिउ हालेर बेलुकी बेलुकी पिउने गर्नाले मूत्रकृच्छ्र रोग नाश हुन्छ । ठूलोकुरोको जरा, भुइँअमलाको जरा, बाँसको जरा र अतिबलुको जरा बराबर लिई पानीमा पिसेर पिउने गर्नाले मूत्रकृच्छ्र रोगमा विशेष फाइदा गर्दछ ।

(छ) रस रत्नाकर :

त्रिकण्टकारग्वधदर्भकाशदुरालभापर्वतभेदपथ्याः ।
निघ्नन्ति पीता मधुनाश्मरीञ्च सम्प्राप्त मृत्योरपि मूत्रकृच्छ्रम् ॥ (आसन्नमृत्योरित्यर्थः) ।

ओदानेकाँडो, राजवृक्ष, कुशको जरा, काँसको जरा, दुरालभा, पाषाणभेद र हर्रो हाली काँढापानी पकाएर सेलाएपछि मह मिसाएर पिउने गर्नाले निको हुन कठिन मूत्रकृच्छ्र रोग र पत्थरी ठिक हुन्छ ।

(ज) वैद्य रहस्य :

त्रिकण्टकारग्वधदर्भकाशं यवासधात्रीगिरिभेदपथ्याः ।
निघ्नन्ति पीता मधुनाऽश्मरीं च समीपमृत्योरपि मूत्रकृच्छ्रम् ॥

ओदानेकाँडो, राजवृक्षको गुदी, सानो जातको कुशको जरा, काँसको जरा, दुरालभा, अमला, पाषाणभेद र हर्रो : यी ओखती बराबर मिसाएर पिसी धूलो बनाएर महसँग खाने गर्नू । यसले कालसमान मूत्रकृच्छ्र रोग पनि नाश हुन्छ ।

अष्टाविंशति सङ्ख्यानि पलान्यानीयगोक्षुरैः । विपचेत् षड्गुणे नीरे क्वाथो ग्राह्योर्द्धशेषिकः ॥
ततः पुनः पचेत्तत्रपुरं सप्तपलं क्षिपेत् । त्रिकटु त्रिफला मुस्तं चूर्णितं पल सप्तकम् ॥
वातास्रं वातरोगांश्च शुक्रदोषं तथाश्मराम् ॥

ओदानेकाँडो १८ पल छ गुना पानीमा हालेर पकाउनू । जब पानी आधा बाँकी हुन्छ तब झिकेर छान्नू । त्यसपछि सात पल गोकुलधूप हाली पुनः पकाउनू । यसमा त्रिकटु, त्रिफला र नागरमोथे सात सात पल हाल्नू । जब पाकेर बाक्लो हुन्छ तब झिक्नू । यो गोक्षुरादिगुग्गुलु नामक ओखती खानाले वातरक्त, वातविकार, वीर्यदोष, पत्थरी र मूत्रकृच्छ्र रोग नाश हुन्छ ।

कण्टकारी आदिको प्रयोग

(क) भावप्रकाश संहिता, वङ्गसेन आयुर्वेद :

निदिग्धिकायाः स्वरसं कुडवं मधुसम्मितम् ।
मूत्रदोषहरं पीत्वा नरः सम्पद्यते सुखी ॥

कण्टकारीको रस एक कुडव (१६ तोला) मा मह मिसाएर पिउनाले पिसाबसम्बन्धी रोग नाश भएर मानिस सुखी हुन्छ ।

(ख) योग रत्नाकर :

निदिग्धिकायाः स्वरसं पिबेद्वा तक्रसंयुतम् ।
जले कुङ्कुमकल्कं वा सक्षौद्रमुषितं निशि ॥

कण्टकारीको रस मोहीमा मिसाएर पिउने गर्नू । जलमा काश्मिरी केशर पिसी रातभर राख्नू, बिहान भएपछि मह मिसाएर पिउने गर्नू ।

(ग) योग रत्नाकर, वैद्य रहस्य :

निदिग्धिकारसो वाऽपि सक्षौद्रः कृच्छ्रनाशनः ॥

कण्टकारीको रसमा मह मिसाएर पिउने गर्नाले सबै खालका मूत्रकृच्छ्र रोग नाश हुन्छ ।

कमल आदिको प्रयोग

(क) हारीत संहिता :

तैलेन पद्मिनीकन्दं पक्वगोमूत्रमिश्रितम् । पिबेन्मूत्रनिरोधे तु सतीव्रवेदनान्विते ॥

कमलको गानो तेलमा पिसेर गहुँतसँग मिसाई पिउनाले अति दुख्ने मूत्रकृच्छ्र रोग पनि शान्त हुन्छ ।

काँक्रो आदिको प्रयोग

(क) भावप्रकाश संहिता, वङ्गसेन आयुर्वेद :

पीतञ्च त्रपुसीबीजं सतिलाज्यपयोऽन्वितम् ॥

काँक्राका बियाँ र कालो तिल बराबर मिसाएर गाईको घिउ र गाईकै दूधमा पिसी पिउनाले मूत्रकृच्छ्र रोग नाश हुन्छ ।

(ख) हारीत संहिता :

पिबेत्कर्कटिकाबीजं त्रिफलासैन्धवान्वितम् । उष्णाम्बुचूर्णितं पीतं मूत्ररोधं शमं नयेत् ॥

काँक्रोको बीज, त्रिफला र सिँधेनुन बराबर मिसाई पिसेर तातोपानीसँग पिउने गर्नाले मूत्ररोध नाश हुन्छ ।

कागती आदिको प्रयोग

(क) वैद्य रहस्य :

निम्बूफलरसं क्षिप्त्वा गोमयं कामतः पिबेत् । योनिदोषजरुग्दाहमेहकृच्छ्रहरं परम् ॥

कागतीको रसमा गोबरको रस मिसाएर पिउने गर्नाले स्त्री जननेन्द्रियका रोग, डाह, प्रमेह र मूत्रकृच्छ्र रोग नाश हुन्छ ।

कुभिण्डो आदिको प्रयोग

(क) आयुर्वेद महोदधि :

कूष्माण्डार्कमरिचैर्जीरकसिन्धूत्थमेथिकासहितैः । पिष्टैर्माषदलोत्थैर्विहिता वटकाश्च वटिकाश्च॥

कुभिण्डो (वा फर्सी) लाई घाममा सुकाई त्यसपछि यसमा जीरा, सिधेनुन र मेथी हालेर मोल्नु । त्यसपछि माषको पिठोमा मिसाउनु र बारा वा फुरौला बनाउनु ।

वृष्यं वर्णकरं बलोपजननं पित्तापहं वातजित् मूत्राघातहरं प्रमेहशमनं कृच्छ्राश्मरीछेदनम् ।
विण्मूत्रग्लपनं तृषार्तिशमनं क्षीणाङ्गपुष्टिप्रदं कूष्माण्डं प्रवरं वदन्ति भिषजो वल्लीफलानां पुनः॥

कुभिण्डो : वीर्यवर्धक, शरीरको वर्ण चम्काउने, बल बढाउने, पित्तनाशक, वातनाशक, मूत्राघात विनाशक, प्रमेह शान्त पार्ने, कृच्छ्र नाशक र पत्थरी नाशक हुन्छ । यसले मलमूत्रलाई खुकुलो पार्दछ, तिर्खा मेटाउँदछ र खिइएका अङ्गलाई पुष्ट पार्दछ । वैद्यहरू कुभिण्डोलाई लहरेफल मध्येमा सर्वश्रेष्ठ फल भनी बताउँदछन् ।

(ख) भैषज्य रत्नावली :

कूष्माण्डकरसं पीत्वा सयवाक्षारशर्करम् । मूत्रकृच्छ्राद्विमुच्येत शीघ्रं च लभते सुखम्॥

कुभिण्डोको रसमा जवाखार र मिश्रीको धूलो मिसाएर पिउने गर्नाले चाँडै मूत्रकृच्छ्र रोग शान्त भई आनन्द प्राप्त हुन्छ ।

(ग) वैद्य रहस्य :

कूष्माण्डस्यरसः पीतः सितया मूत्रकृच्छ्रजित्॥

कुभिण्डोको रसमा मिश्री मिसाएर खाने गर्नाले मूत्रकृच्छ्र रोग नाश हुन्छ ।

कुरिलो आदिको प्रयोग

(क) भैषज्य रत्नावली :

शतावरीरसैः पिष्ट्वा मृतसूतं च तालकम् । शिखितुत्थं च तुल्यांशं दिनैकं मर्दयेद् दृढम्॥
तद्गोलं सार्षपे तैले पाच्यं यामं च चूर्णयेत् । मूत्रकृच्छ्रान्तकश्चास्य क्षौद्रैर्गुञ्जाचतुष्टयम्॥
भक्षणान्नात्र सन्देहो मूत्रकृच्छ्रं निहन्त्यलम् । तुलसीतिलपिण्याकं बिल्वमूलं तुषाम्बुना ।
कर्षैकं वाऽनुपानेन सुरया वा सुवर्चलैः॥

पारोभस्म, हरिताल र प्रशोधित निलोतुथो बराबर लिई कुरिलोको रसमा एक दिनसम्म रामैरी भिजाउनू र गोली बनाउनू । यो गोली सर्सिउँको तेलमा एक प्रहरसम्म पकाउनू र सेलाएपछि धूलो बनाउनू । यसरी मूत्रकृच्छ्रान्तक रस नामक ओखती तयार हुन्छ । यो ओखती हरेक दिन बिहान चार चार रत्तीका दरले मह मिसाएर खाने गर्नू । मूत्रकृच्छ्र अवश्य ठिक हुन्छ । पिउनका लागि तुलसीको रस, तिलको पिना र बेलको जरा हाली पकाइएको काँढापानी तुषाम्बु नामक काँजीमा वा मदिरामा हुहुरेको रस मिसाएर एक एक कर्षका दरले पिउने गर्नू ।

(ख) योग रत्नाकर :

शतावर्यास्तु मूलानां निक्कवाथः ससितामधुः । मूत्रदोषं निहन्त्याशु पातपित्तकफोद्भवम् ॥

कुरीलोका जराको काँढापानीमा सक्खर र मह मिसाएर खाने गर्नाले वातजन्य, पित्तजन्य र कफजन्य मूत्रकृच्छ्र चाँडै नाश हुन्छ ।

(ग) रस रत्नसमुच्चय :

शतावरीरसे पिष्ट्वा तुत्थसूतार्कपिष्टिका । पाचिता कटुतैलेन मूत्रकृच्छ्रे प्रशस्यते ॥

कुरिलोको रसमा निलोतुथो, ताम्रभस्म र पारोभस्म बराबर लिई भिजाएर सर्सिउँको तेलमा पकाउनू । यो उचित मात्रामा दूध, शीतल पानी वा महसँग खाने गर्नाले मूत्रकृच्छ्र रोगमा फाइदा गर्दछ ।

(घ) हारीत संहिता :

यो हि त्रिदोषसम्भूतमूत्रकृच्छ्रनिवारणः । पिबेच्छतावरीमूलं शीतपानीयचूर्णितम् ॥

त्रिदोषजन्य मूत्रकृच्छ्र रोगमा कुरिलोको जराको धूलो चिसो पानीमा मिसाएर खाने गर्नू ।

उत्तानस्य रतौ भङ्गाद्दाहव्यायामजातके । मूत्ररोधे वचा वर्य्या दद्यात्तत्रा निरोधकान् ॥

नियम विपरित मैथुन गर्नाले वा मैथुनको अभावमा हुने, डाहले हुने र कसरतले हुने मूत्ररोधमा बोझो र कुरिलो खान दिनू ।

केशर आदिको प्रयोग

(क) सुश्रुत संहिता :

पिबेत् कुङ्कुमकर्षं वा मधूदकसमायुतम् । रात्रिपर्युषितं प्रातस्तथा सुखमवाप्नुयात् ॥

एक कर्ष (करिब १२ ग्राम) केशर महको शर्बतमा हालेर पिउने गर्नू । यो शर्बत रातमा बनाएर राख्नू र

बिहान पिउने गर्नू ।

गन्धक आदिको प्रयोग

(क) भैषज्य रत्नावली :

सगन्धकं यवक्षारं शर्करातक्रतः पिबेत् । मूत्रकृच्छ्राद्विमुच्येत साध्यासाध्यान्न संशयः ॥

प्रशोधित गन्धक, जवाखार र चिनी बराबर मिसाएर मोहीसँग खाने गर्नाले सजिलै ठिक हुने र नहुने दुवै खालको मूत्रकृच्छ्र रोग अवश्य ठिक हुन्छ ।

गुर्जो आदिको प्रयोग

(क) भैषज्य रत्नावली :

अमृता नागरं धात्री वाजिगन्धा त्रिकण्टकम् । प्रपिबेद्वातरोगार्त्तः सशूलो मूत्रकृच्छ्रवान् ॥

गुर्जो, सुठो, अमला, अश्वगन्धा र ओदानेकाँडो बराबर मिसाई काँढापानी पकाएर पिउने गर्नाले शूल सहितको मूत्रकृच्छ्र रोग र वातरोग शान्त हुन्छ ।

(ख) वैद्य रहस्य :

अमृता नागरं धात्री वाजिगन्धा त्रिकण्टकम् ।
क्वाथं पिबेन्माक्षिकसम्प्रयुक्तं कृच्छ्रे सदाहे सरुजे विबन्धे ॥

गुर्जो, सुठो, अमला, अश्वगन्धा र ओदानेकाँडो हालेर काँढापानी पकाई सेलाएपछि मह मिसाएर पिउने गर्नाले दाह, पीडा र कब्जियत सहितको मूत्रकृच्छ्र रोग नाश हुन्छ ।

घिउकुमारी आदिको प्रयोग

(क) शार्ङ्गधर संहिता : कुमार्यासव

सुपक्वरससंशुद्धं कुमार्याः पत्रमाहरेत् ॥ यत्नेन रसमादाय पात्रे पाषाणमृण्मये ।
द्रोणे गुडतुलां दत्त्वा घृतभाण्डे निधापयेत् ॥ माक्षिकं पक्वलोहञ्च तस्मिन्नर्धतुलां क्षिपेत् ।
कटुत्रिकं लवङ्गञ्च चातुर्जातकमेव च ॥ चित्रकं पिप्पलीमूलं विडङ्गं गजपिप्पली ।
चव्य(वि)कं हपुषा धान्यं क्रमुकं कटुरोहणी ॥
मुस्ता फलं त्रिकं (फलत्रिकं) रास्ना देवदारु निशाद्वयम् ।
मूर्वा मधुरसा दन्ती मूलं पुष्करसम्भवम् ॥ बला चातिबला चैव कपिकच्छुस्त्रिकण्टकम् ।

शतपुष्पा हिङ्गुपत्री ह्या(आ)कल्लकमुटिङ्गणम् ॥ पुनर्नवाद्वयं लोध्रं धातुमाक्षिकमेव च ।
एषां चार्धपलं दत्त्वा धातक्यास्तु पलाष्टकम् ॥ पलञ्चार्धपलञ्चैव पलद्वयमुदाहृतम् ।
वपुर्वयः प्रमाणेन बलवर्णाग्निदीपनम् ॥ बृंहणं रोचनं वृष्यं पक्ति(ङ्क्ति)शूलनिवारणम् ।
अष्टावुदरजान्रोगान्क्षयमुग्रञ्च नाशयेत् ॥ विंशतिं मेहजान्रोगानुदावर्तमपस्मृतिम् ।
मूत्रकृच्छ्रमपस्मारं शुक्रदोषन्तथाऽश्मरीम् ॥ कृमिजं रक्तपित्तञ्च नाशयेत्तु न संशयः ।

छिप्पिएका घिउकुमारीका पात बटुली प्रयत्नपूर्वक त्यसको रस एउटा माटाका भाँडामा निचोर्नू । एक द्रोण यो रसमा एक तुला सक्खर, मह आधा तुला, फलामको धुलो आधा तुला, त्रिकटु (सुठो, मरिच र पिप्ला), ल्वाङ, चतुर्जातक (दालचिनी, तेजपात, अलैंची र नागकेशर), चितू, पिप्लाको जरा, वायुविडङ्ग, चाभा, चाभा विशेष, हपुषा, धनिया, सुपारी, कुटकी, नागरमोथे, हर्रो, बर्रो, अमला, फ्याक्सेकन्द, देवदारु, हलेदो, चुत्रो, मरुई लहरो, अङ्कुर, अजयपाल, कमलको जरा, बलु, अतिबला, काउछो, ओदानेकाँडो, सुप, जिम्बु, अकरकरा , उटिङ्गण (?), दुई थरी पुनर्नवा, लोध र स्वर्णमाक्षिक भस्म : यी सबै आधा आधा पल जम्मा पारी कुटेर धुलो बनाउनू । अनि धयैँराको फूल आठ पल समेत माथि उल्लेखित सबै एउटा घिउको चिल्लो भाँडामा हाल्नू । मुख बन्द गरेर उक महिना वा पन्ध्र दिन राख्नाले कुमार्यासव तयार हुन्छ । यो आसव शरीरको अवस्था, उमेर आदि हेरी एक पल वा आधा पल खान दिनाले बल, वर्ण र अग्नि वृद्धि हुन्छ । शरीर पुष्ट हुन्छ । यो रोचन र वीर्यवर्धक हुन्छ । यसले परिणामशूल नाश गर्दछ । आठ प्रकारका पेटका रोग, कडाखालको क्षयरोग, बीस प्रकारका प्रमेह, उदावर्त, छारेरोग, **मूत्रकृच्छ्र**, छारेरोग विशेष, शुक्रजन्य रोग, पत्थरी, पेटका कीरा र रक्तपित्त समेत नाश गर्दछ, कुनै शङ्का छैन ।

चनाको प्रयोग

(क) आयुर्वेद महोदधि :

रूक्षा वातकराः प्रमेहशमनाः कृच्छ्राश्मरीच्छेदनाः
विड्भेदं जनयन्ति पित्तशमना आध्मानरोगप्रदाः ।
कण्ठध्वंसरहरास्तु भक्षसुखदाः शुक्रारुचिच्छेदनाः
बल्या वर्णकरा विशुष्कचणकाः पुंसश्च नैते हिताः ॥

चना रुखो, वातकारक तथा प्रमेह, **मूत्रकृच्छ्र** र पत्थरी नाशक हुन्छ । यसले दिसा खुकुलो पार्दछ, पित्तविकार ठिक गर्दछ र आध्मान गराउँदछ । चना घाँटी बसेको बेलामा अति नै फाइदाजनक र स्वादिलो हुन्छ । चनाले शुक्र र अरुचिलाई छेड्दछ, बल दिन्छ र वर्णमा निखारता लेराउँदछ । सुक्खा (वा भुटिएको) चना पुंसत्वका लागि लाभदायक हुँदैन । तर भिजाइएको चनाले भने वीर्य, बल र कफ बढाउँदछ तथा रुचिकर हुन्छ ।

आर्द्रा वृष्यतमा बल्याः श्लेष्मला रुचिकारकाः । वातपित्तहरा शीता मूत्रकृच्छ्रनिवारकाः ॥

भिजाइएको चना अति वीर्य, बल र कफ वर्धक हुन्छ । यो रुचिकर हुनाका साथै यसले वातविकार र पित्तविकार नाश गर्दछ । यो शीतल र **मूत्रकृच्छ्र** रोग नाशक हुन्छ ।

जीरा आदिको प्रयोग

(क) वैद्य रहस्य :

अजाजीगुडसंयुक्ता प्रत्येकं द्विपलोन्मिता । भुक्त्वा निवारयत्याशु मूत्रकृच्छ्रं सुदारुणम् ॥

जीराको धूलो र सक्खरको धूलो दुई दुई पल मिसाएर खाने गर्नाले कडा खालको मूत्रकृच्छ्र रोग पनि ठिक हुन्छ ।

नोट : पिसाब राम्ररी नखुल्ने रोगलाई मूत्रकृच्छ्र भनिन्छ । दुई पल भनेको करिब ९६ ग्राम हो । प्राकृतिक खानपिन गर्ने बानी हराउँदै गएका अहिलेका मानिसलाई यो मात्रा बढी हुन्छ । शुरुमा छ, छ ग्राम मिसाएर खानू । सुगरका रोगी र गर्मी जीउ हुनेलाई यो ओखतीले असर गर्दछ, नखानू । यो ओखती बिहान बिहान खाली पेटमा खानु पर्दछ ।

जेठीमधु आदिको प्रयोग

(क) हारीत संहिता :

यष्टीमधुकमृद्वीकाचन्दनं रक्तचन्दनम् । रक्ततण्डुलतोयेन मूत्रकृच्छ्ररुजापहम् ॥

जेठीमधु, महुवा, मुनक्का, चन्दन र रक्तचन्दन : यी ओखती रातो चामलको चौलानीमा पिसेर पिउने गर्नाले मूत्रकृच्छ्रको पीडा नाश हुन्छ ।

जौ आदिको प्रयोग

(क) भावप्रकाश संहिता, वङ्गसेन आयुर्वेद :

**यवोरुबूकैस्तृणपञ्चमूलीपाषाणभेदैः सशतावरीभिः ।
कृच्छ्रेषु गुग्गुल्वभयाविमिश्रैः कृतः कषायो गुडसम्प्रयुक्तः ॥**

जौ, अँडिर, तृणपञ्चमूल, पाषाणभेद, कुरिलो, गोकुलधूप र हर्रो बराबर हाली काँढापानी पकाएर सक्खर मिसाई पिउने गर्नाले मूत्रकृच्छ्र नाश हुन्छ ।

(ख) योग रत्नाकर :

**यवोरुबूकस्तृणपञ्चमूलीपाषाणभेदैः सशतावरीभिः ।
कृच्छ्रेषु गुल्मेष्वभयाविमिश्रैः कृतः कषायो गुडसम्प्रयुक्तः ॥**

जौ, अँडिरको जरा, पञ्चतृणमूल, पाषाणभेद, कुरिलो र हर्रो एक एक भाग हाली काँढापानी पकाउनू । यो छानेर सक्खर मिसाएर पिउने गर्नू । यसले मूत्रकृच्छ्र र गुल्मरोग नाश गर्दछ ।

यवक्षारसमायुक्तंपिबेत्तक्रं च कामतः । मूत्रकृच्छ्र विनाशाय तथैवाश्मरिनाशनम्॥

जवाखार हालेर चाहेजति मोही पिउने गरिए मूत्रकृच्छ्र र पत्थरी नाश हुन्छ ।

माषमेकं यवक्षारं कूष्माण्डस्वरसं पलम् । शर्कराकर्षसंयुक्तं मूत्रकृच्छ्रनिवारणम्॥

एक मासा जवाखार, एक पल कुभिण्डोको रस र एक कर्ष मिश्री मिसाएर खानाले मूत्रकृच्छ्र नाश हुन्छ ।

(ग) वैद्य रहस्य :

यवक्षारेण संयुक्तं पिबेत्तक्रं च कामतः । मूत्रकृच्छ्र प्रशान्त्यर्थमश्मरी नाशनाय च॥

जवाखार मोहीमा मिसाएर चाहेजति पिउने गर्नाले मूत्रकृच्छ्र र पत्थरी रोग नाश हुन्छ ।

(घ) हारीत संहिता :

मूत्रकृच्छ्रेवक्षार चूर्णं हिङ्गुप्रयोजितम् । कूष्माण्डं च समादाय शर्करासहितं पिबेत्॥

जवाखार, हिङ, कुभिण्डो र मिस्री पानीमा मिसाएर खानाले मूत्रकृच्छ्र ठिक हुन्छ ।

तिल आदिको प्रयोग

(क) रस रत्नसमुच्चय :

तिलापामार्गकदलीपलाशयवकाण्डकान् । दग्ध्वा तद्भस्म तोयेन वस्त्रपूतं च कारयेत्॥
तं पचेत्तोयशोषान्तं ततश्चूर्णं द्विगुञ्जकम् । दापयेदविमूत्रेण शर्कराकृच्छ्रहृद्भवेत्॥

तिल, दतिवन, केरा, पलाँश र जौका काण्ड (फेद) डढाएर खरानी बनाउनू । यो खरानी पानीमा घोलेर कपडामा छान्नू । छानेको पानीलाई सानो आगोमा पकाउनू । जब सबै पानी सुकेर धूलो मात्र बाँकी रहन्छ तब झिकेर त्यो धूलो सिसिमा भरेर राख्नू । यो धूलो दुई दुई रत्ती भेडीको मूत्रसँग खान दिनू । यो ओखती शर्करा सहितको मूत्रकृच्छ्र रोग नाश गर्नका लागि उत्तम हुन्छ ।

(ख) हारीत संहिता :

यस्तिलकाण्डक्षारं दधिमधुसंमिश्रितं पिबेत् । स नरश्च मूत्ररोधं हत्वा सद्यः सुखमाप्नोति॥

तिलको बोटको फेदको क्षार, दही र मह मिसाएर पिउने गर्नाले मूत्ररोध नाश भएर तुरुन्त सुख हुन्छ ।

तृणपञ्चमूलको प्रयोग

(क) भावप्रकाश संहिता, वङ्गसेन आयुर्वेद :

मूलानि कुशकाशेक्षुशराणां चेक्षुबालिका । मूत्राघाताश्मरीकृच्छ्रे पञ्चमूली तृणात्मिका ॥

कुश, काँस, उखु, रामशर नामक ढड्डी झार र नर्कट : यी पाँच (तृण पञ्चमूल) को जरा पिसेर रस पिउने गर्नाले मूत्राघात, पत्थरी र **मूत्रकृच्छ्र** रोग नाश हुन्छ ।

(ख) भैषज्य रत्नावली :

एतत्सिद्धं पयः पीतं मेढ्रगं हन्ति शोणितम् ।

यिनै (कुश, काँस झार, रामशर (निगालो), सानो जातको कुश र उखुको जरा) ओखतीको काँढापानीमा हालेर पकाइएको दूध पिउने गर्नाले पुरुषको जननेन्द्रियबाट रगत आउन बन्द हुन्छ ।

(ग) धन्वन्तरि निघण्टु :

सानो जातको नफुलेको कुश, ढड्डी वा उशीर, काँस, उखु र मार्सीधान : यी झारको पित्तविकारलाई जित्ने गुण भएको जराको मिश्रणलाई "तृणपञ्चमूल" भनिन्छ । यो मिश्रणले पित्तविकारजन्य जरो, तिर्खा, रक्तविकार, **मूत्रकृच्छ्र,** अम्लपित्त, स्त्रीका रोग र रक्तपित्त नाश गर्दछ ।

तेलको प्रयोग

(क) राजवल्लभ निघण्टु :

तैलद्रोणी प्रशस्ता विविधिगदमये वातरोगार्दितेषु ।
व्याकुल्ये पङ्गुभुते सविषमबधिरे मिन्मिने गद्गदे च ॥
धन्वङ्गेस्तब्धपृष्ठे प्रचलितपवने गात्रकस्येकपाट्याम् ।
ग्रीवाभङ्गेऽपतन्त्रे क्षयरुधिरभवे मूत्रकृच्छ्रे च बस्तौ ॥

काठको ठूलो भाँडोमा तेल हाली त्यहाँ बस्नाले त्यसले वातविकार, अर्दित, शरीरको व्याकुलता, लुलोपन वा लङ्गडोपन, विषम अवस्था, बहिरोपन, नाकेस्वर हुने रोग, लठेब्रो बोली हुने रोग, धनुष्टङ्कार रोग, ढाड नचल्ने रोग, शरीरको कम्पन, एक हर नचल्ने (पक्षाघात) रोग, घाँटीको खराबी, अपतन्त्र रोग, रक्तक्षय रोग तथा **मूत्रकृच्छ्र** जस्ता मूत्राशयसम्बन्धी रोगमा लाभदायक हुन्छ ।

त्रिफला आदिको प्रयोग

(क) भावप्रकाश संहिता, योग रत्नाकर, वङ्गसेन आयुर्वेद :

त्रिफलायाः सुपिष्टायाः कल्कं कोलसमन्वितम् । वारिणा लवणीकृत्य पिबेन्मूत्ररुजापहम् ॥

त्रिफलामा थोरै पानी मिसाएर पिसी बयरको गुदी र सिँधेनुन हाली पानीसँग खानाले पिसाबसम्बन्धी रोग नाश हुन्छ ।

(ख) शार्ङ्गधर संहिता :

त्रिफला द्वे निशे कौन्ती सारिवे द्वे प्रियङ्गुका । शालिपर्णी पृष्ठिपर्णी देवदार्व्येलवालुकम् ॥
नतं विशाला दन्ती च दाडिमं नागकेशरम् । नीलोत्पलैला मञ्जिष्ठा विडङ्गं कुष्ठपद्मकम् ॥
जातिपुष्पं चन्दनञ्च तालीसं बृहती तथा । एतैः कर्षसमैः कल्कैर्जलं दत्त्वा चतुर्गुणम् ॥
घृतप्रस्थं पचेद्धीमानपस्मारे ज्वरे क्षये । उन्मादे वातरक्ते च कासे मन्दानले तथा ॥
प्रतिश्याये कटीशूले तृतीयक चतुर्थके । मूत्रकृच्छ्रे विसर्पे च कण्डूपाण्ड्वामये तथा ॥
विषद्वये प्रमेहेषु सर्वथैवोपयुज्यते । वन्ध्यानां पुत्रदं भूतयक्षरक्षोहरं स्मृतम् ॥

हर्रो, बर्रो, अमला, हलेदो, चुत्रो, कालो अनन्तमूल, सेतो अनन्तमूल, दहीगुर्‍यैँलो वा कागुनु (?), साकिनु, सतिबयर, देवदारु, देवीसरो, तगर, ऐरेलु, अजयपाल, दारिम, नागकेशर, नीलकमल, अलैँची, मजिठो, वायुविडङ्ग, कूट, पैयुँ, जाइफल, रक्तचन्दन, लोठसल्लो र ठूलो बिही : यी ओखती एक एक कर्ष जम्मा पारी कुटेर धुलो बनाउनू । धुलोको चौबर पानीमा काँढा पानी पकाउनू । एक चौथाई पानी बाँकी भएपछि झिकेर छान्नू र एक प्रस्थ घिउ हालेर पुनः पकाउनू । घिउमात्र बाँकी भएपछि झिक्नू र छान्नू । यो घिउले छारेरोग, अपस्मार, जरो, क्षयरोग, उन्माद, वातरक्त, खोकी, मन्दाग्नि, प्रतिश्याय, कम्मरको शूल, तीन दिन बिराएर आउने जरो, चार दिन बिराएर आउने जरो, **मूत्रकृच्छ्र**, विसर्प, लुतो, पाण्डु, स्थावर विष, जङ्गम विष र प्रमेह आदि सबै रोग नाश हुन्छन् । यो घिउले बाँझी स्त्रीलाई पनि पुत्र दिन्छ । यसले भूत, यक्ष आदिका बाधाहरू पनि नाश हुन्छन् ।

(ग) हारीत संहिता :

फलत्रिकं समगुडं क्वाथः क्षीररसेन तु ॥

मूत्ररोध रोगमा त्रिफला र सखर बराबर मिसाएर दूधमा काँढापानी पकाएर पिउनु हितकर हुन्छ ।

त्रिफलेक्षु सिताक्वाथगुडेन सह सैन्धवम् ॥

मूत्ररोधको रोगमा त्रिफला, उखु र मिस्री हाली काँढापानी पकाएर सिँधेनुन मिसाई पिउने गर्नाले फाइदा गर्दछ ।

दशमूलारिष्टको प्रयोग

(क) शार्ङ्गधर संहिता : दशमूलारिष्ट

पर्ण्यौ बृहत्यौ गोकण्टो बिल्वोऽग्निमन्थकोऽरलुः ॥
पाटला काश्मरी चेति दशमूलमिहोच्यते । दशमूलानि कुर्वीत भागैः पञ्चपलैः पृथक् ॥
पञ्चविंशत्पलं कुर्याच्चित्रकं पौष्करन्तथा । कुर्याद् विंशपलं लोध्रं गुडूची तत्समा भवेत् ॥
पलैः षोडशभिर्धात्री रविसंख्यैर्दुरालभा । खदिरो बीजसारश्च पथ्या चेति पृथक्पलैः ॥
अष्टभिर्गणितं कुष्ठं मञ्जिष्ठा देवदारु च । विडङ्गं मधुकं भार्ङ्गी कपित्थोऽक्षः पुनर्नवा ॥
चव्यं मांसी प्रियङ्गुश्च सारिवा कृष्णजीरकः । त्रिवृता रेणुकं रास्ना पिप्पली क्रमुकः शठी ॥
हरिद्रा शतपुष्पा च पद्मकं नागकेशरम् । मुस्तमिन्द्रयवः शुण्ठी जीवकर्षभकौ तथा ॥
मेदा चान्या महामेदा काकोल्यौ ऋद्धिवृद्धिके । कुर्यात् पृथग्द्विपलिकान् पचेदष्टगुणे जले ॥
चतुर्थांशं श्रृतं नीत्वा मृद्भाण्डे सन्निधापयेत् । चतुःषष्टिपलं द्राक्षां पचेन्नीरे चतुर्गुणे ॥
त्रिपादशेषं शीतञ्च पूर्वक्वाथे श्रृतं क्षिपेत् । द्वात्रिंशत् पलकं क्षौद्रं दद्याद् गुड चतुःशतम् ॥
त्रिंशत्पलानि धातक्याः कङ्कोलं जलचन्दनम् । जातीफलं लवङ्गञ्च त्वगेलापत्रकेशरम् ॥
पिप्पली चेति सञ्चूर्ण्य भागैर्द्विपलिकैः पृथक् । शाणमात्राञ्च कस्तूरीं सर्वमेकत्र निक्षिपेत् ॥
भूमौ निखातयेद्भाण्डं ततो जातरसं पिबेत् । कतकस्य फलं क्षिप्त्वा रसं निर्मलतां नयेत् ॥
ग्रहणीमरुचिं श्वासं कासं गुल्मं भगन्दरम् । वातव्याधिं क्षयं छर्दिं पाण्डुरोगञ्च कामलाम् ॥
कुष्ठान्यर्शांसि मेहाँश्च मन्दाग्निमुदराणि च । शर्करामश्मरीं मूत्रकृच्छ्रं धातुक्षयञ्जयेत् ॥
कृशानां पुष्टिजननो वन्ध्यानां गर्भदः परः । अरिष्टो दशमूलाख्यस्तेजः शुक्रबलप्रदः ॥

दुई थरी पर्णी (शालपर्णी र पृष्ठपर्णी, साकिनु र सतिबयर), दुई थरी बृहती (ठूलो र सानो कण्टकारी), ओदानेकाँडो, बेल, अरणी, टटेलो, पाडरी र खमारी : यी दश ओखतीका जराको समूहलाई दशमूल भनिन्छ । दशमूल बेग्लाबेग्लै पाँच पाँच पल लिनू । चितूका बोक्रा पचीस पल, अरिडको मूल जरो पचीस पल, लोध बीस पल, गुर्जो बीस पल, अमला सोह्र पल, सिस्नु बाह्र पल, खयरको बोक्रा आठ पल, विजयसाल आठ पल, हर्रो आठ पल तथा कूट, मजिठो, देवदार, वायुविडङ्ग, जेठीमधु, भारङ्गी, कैथ, बर्रो, पुनर्नवा, चाँभा, जटामसी, दहीगुयेंलो, अनन्तमूल, कालोजीरा, सेतो निशोध, शीतलचिनी, फ्याक्सेकन्द, पिप्ला, सुपारी, कपुरहलेदो, हलेदो, सुप, पैयुँ, नागकेशर, नागरमोथे, इन्द्रजौ, सुठो, जीवक (नपाउँदा कुभिण्डो), ऋषभक(नपाउँदा कुभिण्डो), मेदा (नपाउँदा जेठीमधु), महामेदा (नपाउँदा जेठीमधु), कल्छे लहरो (नपाउँदा अश्वगन्धा), दूधे कल्छे लहरो (नपाउँदा अश्वगन्धा), ऋद्धि (नपाउँदा गिठो) र वृद्धि (नपाउँदा गिठो) : यी सबै ओखती दुई दुई पल जम्मा पार्नू । सबै ओखती कुटेर मिसाई आठ गुना पानीमा पकाउनू । एक चौथाई पानी बाँकी भएपछि झिकेर कुनै माटाका भाँडामा छान्नू । यसपछि चौसठ्ठी पला दाखलाई चार गुना पानीमा पकाई तीन चौथाई बाँकी भएपछि झिकेर छान्नू । यसलाई पनि सेलाएपछि पहिलेकै रसमा मिसाउनू । अनि बत्तीस पल मह, चार सय पल सक्खर, तीस पल धयैँराको फूलको धुलो तथा फलकपूर, खस, सेतो चन्दन, जाइफल, ल्वाङ, दालचिनी, अलैंचीका गेडा, तेजपात, नागकेशर र पिप्ला सबै दुई दुई पल कुटी धुलो बनाएर मिसाउनू । अनि एक शाण कस्तूरीको धुलो हाल्नू । यसपछि त्यो भाँडाको मुख राम्ररी बन्द गरी भाँडोलाई जमिनमा गाड्नू । अनि पन्ध्र दिन वा एक महिना रहन दिनू । पछि झिकेर छानी निर्मलीका

गेडाको धुलो अलिकलि हाल्नू, रस सफा हुन्छ । यसलाई दशमूलारिष्ट भनिन्छ । यसले ग्रहणी, अरुची, दम, खोकी, गुल्म, भगन्दर, वातका रोग, क्षयरोग, वाकवाकी, पाण्डु, कमलपित्त, कुष्ठ रोगहरू, अल्काई, प्रमेह, मन्दाग्नि, पेटका रोग, पत्थरी विशेष, पत्थरी, **मूत्रकृच्छ्र** र धातुक्षय नाश गर्दछ । यसले दुर्बल मानिसलाई बलियो बनाउँदछ, बाँझी स्त्रीलाई सन्तानवती बनाउँदछ तथा वीर्य र बल बढाउँदछ ।

दहीको प्रयोग

(क) आयुर्वेद महोदधि :

अरोचके पीनसमूत्रकृच्छ्रे शीतज्वरे तद्विषमज्वरे च ।
दुर्नामरोगग्रहणीगदे च गव्यं प्रशस्तं दधि सर्वदैव ॥

खानमा अरुचि हुँदा, पिनासमा, **मूत्रकृच्छ्रमा**, मलेरिया वा औलोको जरोमा, लागछोड हुने जरोमा, अलकाई र ग्रहणीमा गाईको दही लाभदायक हुन्छ ।

अम्लं स्याद्रसपाकतो गुरुतरं वातापहं स्नेहनं, ग्राह्युष्णं ग्रहणीगदे निगदितं विण्मूत्रकृच्छ्रापहम् ।
बल्यं शोफकफाग्निमेदजननं रक्तप्रदं शुक्रदं, कासारोचकपीनसे विषमके शीतज्वरे तद्धितम् ॥

अमिलो दही विपाकमा भारी, वातनाशक, चिल्लोपना दिने, शरीरमा भएको पानीको भाग सुकाउने, गर्मी गर्ने र ग्रहणी निको पार्ने गुणको हुन्छ । यसमा **आनन्दसँग दिसापिसाब विसर्जन गराउने**, बल बढाउने, शरीर सुन्निने मात्रा-कफ-पेटको पाचकाग्नि र बोसो बढाउने, तथा रगत, पित्त र शुक्र बढाउने गुण पनि हुन्छ । साथै, यो खोकी, अमन, पीनास र विषमज्वरमा पनि लाभदायक हुन्छ ।

ग्रहण्यां पीनसे मूत्रकृच्छ्रे च विषमज्वरे ।
अरोचके च मन्देऽग्नौ शस्यते दधि सर्वदा ॥

ग्रहणी, पिनास, **मूत्रकृच्छ्र**, विषमज्वरमा, अमन हुँदा वा खान मन नलाग्दा र पाचनशक्ति कमजोर हुँदा दही सधैं उपयोगी हुन्छ ।

दाख आदिको प्रयोग

(क) भावप्रकाश संहिता, योग रत्नाकर, वङ्गसेन आयुर्वेद :

द्राक्षासितोपलाकल्कं कृच्छ्रघ्नं मस्तुना युतम् ॥

दाख र मिश्री पिसी दहीको पानीसँग खाने गर्नाले मूत्रकृच्छ्र रोग नाश हुन्छ ।

दाडिम आदिको प्रयोग

(क) योग रत्नाकर :

दाडिमाम्लयुतां हृद्यां शुण्ठीजीरकसंयुताम् । पीत्वा सुरां सलवणां मूत्रकृच्छ्रात्प्रमुच्यते ॥

अनारको अमिलो रस, सुरा, सुठो, जीरा र सिँधेनुन मिसाएर पिउने गर्नाले मूत्रकृच्छ्र रोगबाट मुक्त हुन्छ ।

(ख) सुश्रुत संहिता :

दाडिमाम्लां युतां मुख्यामेलाजीरकनागरैः । पीत्वा सुरां सलवणां मूत्रकृच्छ्रात् प्रमुच्यते ॥

दाडिमको अमिलो रस वा दाना, अलैंची, जीरा, सुठो र सिँधेनुन (थोरै) सुरामा मिसाएर पिउने गर्नाले मानिस मूत्रकृच्छ्र रोगबाट मुक्त हुन्छ ।

(ग) हारीत संहिता :

दाडिमाम्लयुतं चैव हितं मूत्ररुजां नृणाम् ।

मूत्ररोधको रोग हुने पुरुषले अनारका दानाको काँजी पिउनु हितकर हुन्छ ।

दूधको प्रयोग

(क) आयुर्वेद महोदधि :

जीर्णज्वरे मूत्रकृच्छ्रे रक्तपित्ते च शस्यते । गव्यं पयः पवित्रं च बल्यं पुष्टिप्रदायकम् ॥
श्रेष्ठं चक्षुष्यमायुष्यं कान्तिलावण्यकारकम् ॥

पुरानो जरो (दीर्घजरो), मूत्रकृच्छ्र र रक्तपित्तमा गाईको दूध अति नै उत्तम हुन्छ । यो पवित्र, बलदायक, आयुवर्धक, कान्तिवर्धक र सौन्दर्यवर्धक हुन्छ ।

(ख) भावप्रकाश संहिता, रस रत्नाकर :

गुडेन मिश्रितं क्षीरं कदुष्णं कामतः पिबेत् । मूत्रकृच्छ्रेषु सर्वेषु शर्करावातरोगनुत् ॥

उमालेर मनतातो हुनेगरी सेलाएको गाईको दूधमा सक्खर मिसाएर पिउने गर्नाले सबै प्रकारका मूत्रकृच्छ्र, शर्करा र वातरोग नाश हुन्छ ।

(ग) योग रत्नाकर :

पिबेद्वा कामतः क्षीरमुष्णं गुडसमन्वितम्॥

अथवा (मूत्रकृच्छ्र रोग नाश गर्न) सक्खर मिसाएर तातो दूध पिउने गर्नू ।

पिष्ट्वा गोपयसा श्लक्ष्णं कुटजस्य त्वचं पिबेत् । तेनोपशाम्यते क्षिप्रं मूत्रकृच्छ्रं सुदारुणम्॥

गाईको दूधमा ठूलोकुरोको बोक्रा पिसेर खाने गरिए कडा खालको मूत्रकृच्छ्र रोग पनि चाँडै ठिक हुन्छ ।

(घ) हारीत संहिता :

अजाक्षीरिण संमिश्रं जातीमूलं प्रपेषितम् । पिबेत्सदाहमूत्रोष्णवेदनाशमनं यतः॥

बाख्रीको दूधमा जाइफललाई पिसेर पिउने गर्नाले डाह हुने र तातो पिसाब हुने रोग शान्त हुन्छ ।

देवदार आदिको प्रयोग

(क) शार्ङ्गधर संहिता : देवदार्वाद्यरिष्ट

तुलाऽर्द्धं देवदारु(रोः) स्याद्वासा च पलविंशतिः । मञ्जिष्ठेन्द्रयवा दन्ती तगरं रजनीद्वयम्॥
रास्नाकृमिघ्नमुस्तञ्च शिरीषं खदिरार्जुनौ । भागान् दशपलान् दद्याद्यवान्या वत्सकस्य च॥
चन्दनस्य गुडूच्याश्च रोहिण्याश्चित्रकस्य च । भागानष्टपलानेतानष्टद्रोणेऽम्भसः पचेत्॥५९॥
द्रोणशेषे कषाये च पूते शीते प्रदापयेत् । धातक्याः षोडशपलं माक्षिकस्य तुलात्रयम्॥
व्योषस्य द्विपलं दद्यात् त्रिजातस्य चतुष्पलम् । चतुष्पलं प्रियङ्गु(ङ्गो)श्च द्विपलं नागकेशरम्॥
सर्वाण्येतानि संचूर्ण्य घृतभाण्डे निधापयेत् । मासादूर्ध्वं पिबेदेनं प्रमेहं हन्ति दुर्जयम्॥
वातरोगान् ग्रहण्यर्शो मूत्रकृच्छ्राणि नाशयेत् ।
देवदार्वादिकोऽरिष्टो(ष्टः) दद्रु(कण्डु)कुष्ठविनाशनः॥

देवदार आधा तुला, असुरो बीस पल; मजिठो, इन्द्रजौ, अजयपाल, तगर, हलेदो, चुत्रो, सिम्लु, वायुविडङ्ग, नागरमोथे, शिरिष, खयर र खरीको बोक्रा सबै दश दश पल; ज्वानु, ठूलोकुरोको बोक्रा, सेतो चन्दन, गुर्जो, कटुकी र चितूको बोक्रा आठ आठ पल : यी सबै ओखती धुलो पारी आठ द्रोण पानीमा हाली पकाउनू । एक द्रोण पानी बाँकी भएपछि झिकेर छान्नू । सेलाए पछि धयेंराको फूलको धुलो सोह्र पल, मह तीन तुला; सुठो, मरिच र पिप्लाको धुलो जम्मा दुई पल; दालचिनी, अलैंचीका गेडा र तेजपातको धुलो जम्मा चार पल; दहीगुयैंलोको धुलो चार पल र नागकेशर दुई पल हाल्नू । अनि यसलाई कुनै घिउ हाल्ने गरिएको चिल्लो भाँडामा हाली मुख टम्म बन्द गरी एक महिनासम्म

राख्नू । यसपछि मुख खोलेर रस निकाल्नू, देवदार्वादिकारिष्ट तयार हुन्छ । यो अरिष्ट पिउनाले कडा खालको प्रमेह, वातका रोग, ग्रहणी, अल्काई, **मूत्रकृच्छ्र**, दाद र कुष्ठ निको हुन्छ ।

नरिवल आदिको प्रयोग

(क) भैषज्य रत्नावली :

नारिकेलोद्भवं पुष्पं तण्डुलोदकसंयुतम् । सरक्तं मूत्रकृच्छ्रं हि पीतं हन्ति न संशयः ॥

नरिवलको फूल (नरिवल भित्र जमेको रस) चौलानीमा पिसेर खाने गर्नाले रगत मिसिएको पिसाब हुने मूत्रकृच्छ्र रोग अवश्य नै ठिक हुन्छ ।

(ख) योग रत्नाकर :

नारिकेलजलं योज्यं गुडधान्यसमन्वितम् । सदाहं मूत्रकृच्छ्रं च रक्तपित्तं निहन्ति च ॥

नरिवलको पानीमा सक्खर र धनियाँको धूलो मिसाएर पिउने गरे डाह हुने खालको मूत्रकृच्छ्र रोग र रक्तपित्त रोग नाश हुन्छ ।

रक्तस्य नारिकेलस्य जलं कतकसंयुतम् । शर्करैलासमायुक्तं मूत्रकृच्छ्रहरं विदुः ॥

रातो नरिवलको पानी, निर्मलीको फल, मिश्री र सुकुमेल मिसाएर पिउनाले मूत्रकृच्छ्र रोग नाश हुन्छ ।

नागरमोथे आदिको प्रयोग

(क) अग्निपुराण :

मुस्ताभ्यासस्तथा लेपश्चित्रकेण हरिद्रया ।

मूत्रकृच्छ्र रोगमा नागरमोथे, चितू र हलेदो मिसाएर तयार पारिएको लेप दल्नू ।

पानी आदिको प्रयोग

(क) हारीत संहिता :

सुशीतलं जलं कर्षमात्रं स्यान्मूत्रकृच्छ्रहृत् । दध्यम्बुना च सम्मिश्रमयश्चूर्णं सुखप्रदम् ॥

एक तोला चिसोपानी पिउनाले अनि दहीको पानीमा लोहभस्म हालेर खानाले मूत्रकृच्छ्र नाश हुन्छ ।

... शीतगाहनकोपतः । मूत्रकृच्छ्रे तु तत् प्रोक्तं भोजनं मधुरं हितम् ॥

चिसो पानीमा धेरै पौडी खेल्नाले हुने मूत्रकृच्छ्र रोगमा गुलिया खानेकुरा खानु हितकर हुन्छ ।

पारोभस्म आदिको प्रयोग, मैनसिल

(क) भैषज्य रत्नावली :

शुद्धसूतं समं गन्धं लौहं वङ्गं मृताभ्रकम् । दुरालभां यवक्षारं बीजं गोक्षुरजं शिवाम् ॥
समांशं कारयेत्सर्वं कूष्माण्डफलवारिणा । पञ्चतृणभवक्वाथे रसे गोक्षुरजे तथा ॥
सम्पिष्य वटिका कार्या द्विगुञ्जाफलमानतः । मधुनाऽऽमर्द्य विलिह्येन्मूत्रकृच्छ्रविनाशनः ॥
यदुम्बरफलं पक्वं चूर्णितं कर्षमात्रकम् । लेहयेन्मधुना सार्द्धमनुपानं सुखावहम् ॥
अजाक्षीरं भवेत्पथ्यं शर्करेक्षुरसो हितः ॥

प्रशोधित पारोभस्म, प्रशोधित गन्धक, प्रशोधित लोहभस्म, प्रशोधित राङभस्म, प्रशोधित अभ्रखभस्म, दुरालभा, जवाखार, ओदानेकाँडोका बीज र हर्रो बराबर मिसाई पिसेर हुने धूलोलाई क्रमैले कुभिण्डोको रस, तृणपञ्चमूलको काँढापानी र ओदानेकाँडाका काँढापानीमा भिजाएर दुई दुई रत्तीका गोली बनाउनू । हरेक दिन बिहान एक एक गोली महमा मिसाएर खाने गर्नू । अथवा पाकेको डुम्रीको धूलो दुई तोला मह मिसाएर खाने गर्नू । मुत्रकृच्छ्र रोग नाश हुन्छ । यो अवधिमा बाख्रीको दूध, चिनी र उखुको रस खानु हितकर हुन्छ ।

सूतं स्वर्णं च वैक्रान्तं गन्धतुल्यं विमर्दयेत् । चण्डाली राक्षसीद्रावैर्द्वियामान्ते तु गोलकम् ॥
शुष्कं बद्ध्वा पुटेच्चाहः करीषाग्नौ महापुटे । माषमात्रं लिहेत्क्षौद्रैर्मूत्रकृच्छ्रप्रशान्तये ॥

प्रशोधित पारो, गन्धक, सुन र वैक्रान्तमणि बराबर लिई चण्डाली र राक्षसी नामक गन्धद्रव्यको रसमा दुई प्रहरसम्म विधिपूर्वक भिजाउनू र गोली बनाउनू । त्यसपछि यो गोली सुकाउनू र महापुटमा हाली जोर्नी टालेर बन्द गरी गुइँठाको आगोमा एक दिनसम्म पुट दिनू । सेलाएपछि निकालेर धूलो बनाउनू । यो धूलो हरेक दिन एक एक मासाका दरले मह मिसाएर खाने गर्नू, मूत्रकृच्छ्र रोग शान्त हुन्छ ।

(ख) रस रत्नसमुच्चय :

मृतसूतस्य भागैकं चत्वारः शुद्धगन्धकात् । पिष्ट्वा वराटकं तेन रसपादं च टङ्कणम् ॥
क्षीरैः पिष्ट्वा मुखं रुद्ध्वा वराटांश्चान्ध्रयेत्पुटेत् । स्वाङ्गशीतं विचूर्ण्याथ लघुलोकेश्वरो रसः ॥
चतुर्गुञ्जारसश्चायं मारिचैकोनविंशतिः । जातिमूलपलैकं तु अजाक्षीरेण पेषयेत् ॥
शर्कराभावितं चानु पीत्वा कृच्छ्रहरं परम् ॥

प्रशोधित पारोभस्म एक भाग र शुद्ध गन्धक चार भाग मिसाएर पिसी कौडा भित्र हाल्नू । पारो र

पारोको एक चौथाई स्वागभस्म पिसेर लेप बनाई त्यो काडाको मुख बन्द गर्नू र सुकाउनू । ती कौडालाई शराबसम्पुटमा बन्द गरी बाराहपुट दिनू । स्वाङ्गशीतल भएपछि कौडा झिकी राम्ररी पिसेर धूलो बनाउनू । यसलाई लघुलोकेश्वर रस भनिन्छ । यो रस दुई दुई रत्ती लिई २१ वटा मरिचको धूलोमा मिसाएर खाने गर्नू । यसपछि चार तोला चमेलीको जराको धूलो बाख्रीको दूधमा पिसेर सक्खर मिसाई पिउने गर्नू । यो रस मूत्रकृच्छ्र रोग नाश गर्नका लागि उत्तम ओखती हो ।

(ग) रस रत्नाकर : मूत्रकृच्छ्रान्तकोरसः

शतावरीरसैः पिष्ट्वाऽमृतसूतञ्च ताम्रकम् । शिखितुत्थं च तुल्यांशं दिनैकं मर्द्दयेद्दृढम् ॥
तद्गोलं सार्षपे तैले पाच्यं यामञ्च चूर्णयेत् । मूत्रकृच्छ्रात्मकः क्षौद्रैर्लिहेन्गुञ्जा चतुष्टयम् ॥
भक्षयेन्नात्र सन्देहो मुत्रकृच्छ्रं निहन्त्यलम् । तुलसीतिलपिण्याकं बिल्वमूलं तुषाम्बुना ॥
कर्षैकमनुपानेन सुरया वा सुवर्चलैः ॥

पारोभस्म, ताम्रभस्म र निलोतुतो बराबर लिई एक दिन कुरिलोको रसमा भिजाउनू । त्यसपछि गोली बनाएर सर्सिउँको तेदमा एक प्रहरसम्म पकाउनू । सेलाएपछि धूलो पार्नू । मूत्रकृच्छ्रान्तक नामक रस तैयार हुन्छ । यो रस महमा मिसाएर चार चार रत्तीका दरले खानाले मूत्रकृच्छ्र रोग अवश्य ठिक हुन्छ । यो ओखती खाएपछि तुलसी, तिलको पिना र बेलको जरा तुषाम्बु नामक काँजीमा मिसाएर एक कर्ष पिउने गर्नू अथवा सुरामा सिँधेनुन हालेर पिउने गर्नू ।

लघुलोकेश्वररस :

रसभस्मैकभागश्च चत्वारः शुद्धगन्धकाः । पिष्ट्वा वराटिका पूर्य्या रसपादेन टङ्कणम् ॥
क्षीरपिष्टेन रुद्ध्वास्यंभाण्डे रुद्ध्वा पुटे पचेत् । स्वाङ्ग शैत्यं विचूर्ण्याऽथ लघुलोकेश्वरोरसः ॥
चतुर्गुञ्जाघृतैर्देयं मरिचैः सह बुद्धिमान् । धात्रीमूलफलैः कल्कमजार्क्षीरेण पाययेत् ॥
शर्करा भावितं वा तु पीत्वा कृच्छ्रहरः परः ॥

पारोभस्म एक भाग र गन्धक चार भाग मिसाएर पिसी कौडामा भरेर चौथाई भाग पारोभस्म र चौथाई भाग स्वागभूम हालरु दुधमा पिसेर कौडाको मुख बन्द गरी कौडाकै भाँडामा राखी मुख बन्द गरेर पुट दिनू । स्वाङ्गशीतल भएपछि धूलो बनाउनू । यसलाई लघुलोकेश्वर रस भनिन्छ । यो रस चार रत्ती घिउ र कालो मरिचसँग खाने गर्नू । त्यसपछि अमलाको जरा र अमला बाख्रीको दूधसँग वा मिश्रीसँग खानू । मूत्रकृच्छ्र रोग नाश हुन्छ ।

(घ) वैद्य रहस्य : लघुलोकेश्वरोरसः

रसभस्म च भागैकं चत्वारः शुद्धगन्धकम् । पिष्ट्वा वराटिकाः पूर्य्या रसपादेन टङ्कणम् ॥
क्षारैः पिष्ट्वाऽथ रुध्वास्यंभाण्डे कृत्वा पुटे पचेत् । स्वाङ्गशीतं विचूर्ण्याऽथ लघुलोकेश्वरोरसः ॥
चतुर्गुञ्जोघृतैर्देयोमरिचैकोनविंशतिः । जातीमूलपलैकं तु अजाक्षीरेण पाचयेत् ॥
शर्करा भावितं चानुपीतं कृच्छ्रहरं परम् ॥

पारोभस्म एक तोला र प्रशोधित गन्धक चार तोला पिसी कौडामा भित्र हालेर भर्नू । त्यसको मुखलाई तीन मासा स्वाग दलेर टाल्नू । यसलाई एउटा भाँटामा भरी सम्पुटमा पकाउनू । जब स्वाङ्गशीतल हुन्छ तब कौडाबाट त्यो रस निकाली धूलो बनाउनू । लघुलोकेश्वर रस तयार हुन्छ । यो रस चार चार रत्ती २१ वटा मरिचको धूलोसँग मिसाएर खान दिनू । त्यसपछि चमेलीको जरा चार तोला बाख्रीको दूधमा पकाएर त्यो दूधमा सक्खर हाली पिउन लगाउनू । मूत्रकृच्छ्र रोग नाश हुन्छ ।

पाषाणभेद आदिको प्रयोग

(क) योग रत्नाकर, हारीत संहिता :

पाषाणभेदस्त्रिवृता च पथ्या दुरालभा गोक्षुरपुष्करं वा ।
एला सकुरुण्टककर्कटीजं बीजं कषायः सुनिरुद्धमूत्रे ॥

पाषाणभेद, निसोत, हर्रो, दुरालभा, ओदानेकाँडो, पुष्करमूल, अलैँची (सुकुमेल), कुरण्टक र काँक्राका बीज हालेर पकाइएको काँढापानी मूत्रबन्ध रोगमा पिउने गर्नु श्रेष्ठ हुन्छ ।

पिना आदिको प्रयोग

(क) रस रत्नसमुच्चय :

शुक्लपिण्याकपिच्छिल्लीचूर्णमुष्णेन वारिणा । पिबन्विमुच्यते रोगान्मूत्रकृच्छ्रात्सुदारुणात्॥

सेतो तिलको पिना र लप्सीका पातको धूलो बराबर लिई मनतातो पानीसँग खाने गर्नाले कडा खालको मूत्रकृच्छ्र रोगबाट पनि रोगी मुक्त हुन्छ ।

पिप्ला आदिको प्रयोग

(क) शार्ङ्गधर संहिता :

पिप्पली पिप्पलीमूलं चित्रको हस्तिपिप्पली ॥ श्वदँष्ट्रा नागरं धान्यं पाठा बिल्वं यवानिका ।
द्रव्यैश्च पलिकैरेतैश्चतुःषष्टिपलं घृतम्॥ घृताच्चतुर्गुणं दद्याच्चाङ्गेरीस्वरसं बुधः(धैः) ।
तथा चतुर्गुणं दत्त्वा दधिसर्पिर्विपाचयेत्॥ शनैः शनैर्विपक्वञ्च (र्विपक्तव्यं) चाङ्गेरीघृतमुत्तमम् ।
तद् घृतं कफवातघ्नं ग्रहण्यर्शोविकारनुत्॥ हन्त्यानाहं गुदभ्रंशं मूत्रकृच्छ्रं प्रवाहिकाम् ।

पिप्ला, पिप्लाको जरा, चितू, चाभा, ओदानेकाँडो, सुठो, धनियाँ, गानेगुर्जो, बेल र ज्वानु दुई दुई पल लिनू । यसलाई धुलो बनाउनू । यसपछि चौसठ्ठी पल घिउमा यसलाई मिसाउनू । अनि घिउको चौबर अमिलीको रस र दहीको छोक्रा हाली मन्द आँचमा पकाउनू । जब घिउ मात्र बाँकी रहन्छ तब झिकी

छान्नू । यसलाई चाङ्गेरीघृत भनिन्छ । यो खानाले कफविकार, वायुविकार, ग्रहणी र अल्काईका विकार नाश हुन्छ । आनाह, गुदभ्रंश, **मूत्रकृच्छ्र** र प्रवाहिका नाश गर्दछ ।

पुनर्नवा आदिको प्रयोग

(ङ) रस रत्नाकर : सुकुमारयमक

पुनर्नवामूला तुला दशमूलं शतावरी । बलातुरगगन्धा च तृणमूलं त्रिकण्टकम् ॥
विदारिगन्धा नागाह्व गुडूच्यतिबला तथा । पृथग्दशपलान्भागानपां द्रोणे विपाचयेत् ॥
तेन पादावशेषेण घृतस्यार्द्धाढकं पचेत् । मधुकं श्रृङ्गवेरञ्च द्राक्षासैन्धवपिप्पली ॥
द्विपलीनां पृथग्दद्याद्यवान्याः कुडवं तथा । त्रिंशद्गुडपलान्यत्र तैलमेरण्डकस्य च ॥
प्रस्थं दत्त्वा समालोड्य सम्यङ्मृद्वग्निना पचेत् । एतदीश्वरपुत्राणां प्राग्भोजनमनिन्दितम् ॥
राज्ञां राजसमानानां बहुस्त्रीपतयश्च ये । मूत्रकृच्छ्रे कटिस्तम्भे तथा गाढपुरीषिणाम् ॥
मेढ्रवंक्षणशूले च योनिशूले न (च?) शस्यते । यथोक्तानाञ्च गुल्माणां वातशोणितिकाश्चये ॥
बल्यं रसायनं शीतं सुकुमार कुमारकम् ॥
(दशमूलस्य मिलित्वा दशपलानि । एवं तृणपञ्चमूलस्य । द्रोणे जल द्रोणद्वयम् । द्रव्यतुलात्वं यस्य विद्यमानत्वात् । द्विपलीनां प्रत्येकं द्विपल प्रमाणम् । घृतस्य प्रस्थद्वयम् । घृततैलान्येकीकृत्यपाकः ।) ।

पुनर्नवा एक तुला; दशमूल, कुरिलो, बलु, अश्वगन्धा, तृणपञ्चमूल, ओदानेकाँडो, बिरालेलहरो, नागकेशर, गुर्जो र अतिबलु दश-दश पल हाली एक द्रोण पानीमा पकाउनू । एक चोथाई पानी बाँकी भएपछि आधा आढक गाईको घिउ हाल्नू । यसपछि महुवा, अदुवा, दाख, सिँधेनुन र पिप्ला : यी ओखती दुई-दुई पल; ज्वानु एक कुडव, सक्खर तीस पल, एक प्रस्थ अँडिरको तेल हाली सानो आगोमा पकाउनू । यो ओखती खाना खानु अघि राजा वा राजासमानका धेरै श्रीमती हुने व्यक्तिले प्रसन्न भई खानू । यो सुकुमारयमक नामक रसायनले **मूत्रकृच्छ्र**, कटिस्तम्भ, दिसा गोटापर्ने रोग, जननेन्द्रियको शूल, कण्डेउलोको शूल, योनिशूल, गुल्म, र वातरक्त रोग नाश गर्दछ । यो बलदायक, रसायनी र शीतल हुन्छ ।

(ख) वङ्गसेन आयुर्वेद : सुकुमारयमकरस

पुनर्नवामूलतुलां दर्भमूलं शतावरी । बलातुरगगन्धा च तृणमूलं त्रिकण्टकम् ॥
विदारिगन्धा नागाह्व गुडूच्यतिबला तथा । पृथग्दशपलान्भागानपांद्रोणे विपाचयेत् ॥
तेन पादावशेषेण घृतस्यार्द्धाढकं पचेत् । मधुकं श्रृङ्गवेरञ्च द्राक्षासैन्धवपिप्पली ॥
द्विपलानि पृथग्दत्त्वा यवान्याः कुडवं तथा । त्रिंशद्गुडपलान्यत्र तैलस्यैरण्डजस्य च ॥
एतदीश्वरपुत्राणां प्राग्भोजनमनिन्दितम् । राज्ञां राजसमानानां बहुस्त्रीपतयश्च ये ॥
मूत्रकृच्छ्रे कटिशूले तथा गाढपुरीषिणाम् । मेढ्रवंक्षणशूले च योनिशूले च शस्यते ॥
यथोक्तानाञ्च गुल्माणां वातशोणितजाश्च ये । बल्यं रसायनं शीतं सुकुमार कुमारकम् ॥
पुनर्नवाशते द्रोणे देयोऽन्येष्वपि चापरः ॥

पुनर्नवाको जरा र सानो जातको कुशको जरा एक एक तुला (चार सय तोला); कुरिलो, बलुको जरा, अश्वगन्धा, तृणपञ्चमूल, ओदानेकाँडो, बिरालेलहरो, नागकेशर, गुर्जो र अतिबलु दश-दश पल (४० ४० तोला) हाली एक द्रोण (१०२४ तोला) पानीमा पकाउनू । एक चोथाई पानी बाँकी भएपछि आधा आढक (१२८ तोला) गाईको घिउ हाल्नू । यसपछि जेठीमधु, अदुवा, दाख, सिँधेनुन र पिप्ला : यी ओखती दुई-दुई पल (८ ८ तोला); ज्वानु एक कुडव, सक्खर तीस पल, एक प्रस्थ अँडिरको तेल हाली सानो आगोमा पकाउनू । यो ओखती खाना खानु अघि राजा वा राजासमानका धेरै श्रीमती हुने व्यक्तिले प्रसन्न भई खानू । यो सुकुमारयमक नामक रसायनले मूत्रकृच्छ्र, कटिस्तम्भ, दिसा गोटापर्ने रोग, जननेन्द्रियको शूल, कण्डेउलोको शूल, योनिशूल, गुल्म, र वातरक्त रोग नाश गर्दछ । यो बलदायक, रसायनी र शीतल हुन्छ ।

बर आदिको प्रयोग

(क) हारीत संहिता :

वटप्ररोहमालासु द्राक्षाशर्करयान्वितः । लेहोऽयं मूत्रकृच्छ्रस्य नाशनो भिषजां वर॥
देहोपशमनः प्रोक्तः...।

बरका कलिला पात वा बाहिर झुण्डिएका जराको कलिलो भाग, दाख र मिस्री मिसाई पिसेर खाने गर्नाले मूत्रकृच्छ्र रोग नाश हुन्छ । यो चटनीले शरीरलाई शान्त पार्दछ ।

बलु आदिको प्रयोग

(क) भावप्रकाश संहिता, वङ्गसेन आयुर्वेद :

कषायोऽतिबलामूलसाधितोऽशेषकृच्छ्रजित् ।

अतिबलुको जराको काँढापानी पकाएर पिउनाले मूत्रकृच्छ्र रोगलाई जरैदेखि जित्दछ ।

बिरालेलहरो आदिको प्रयोग

(क) भावप्रकाश संहिता, वङ्गसेन आयुर्वेद :

विदारि सारिवा छागशृङ्गी वत्सादनी निशा ।
कृच्छ्रं पित्तानिलाद्धन्ति वलि(ल्लि)जं पञ्चमूलकम्॥

बिरालेलहरोको गानु, अनन्तमूल, भेडासिङ्गी, गुर्जो, हलेदो, वायुविडङ्ग र तृणपञ्चमूल : यी ओखती बराबर मिसाएर पिसी खाने गर्नाले पित्तजन्य, वातजन्य बलियो मूत्रकृच्छ्र पनि नाश हुन्छ ।

मद्य आदिको प्रयोग

(क) योग रत्नाकर :

पिबेन्मद्येन सूक्ष्मैलां धात्रीफरसेन वा । शितिवारकबीजं वा तक्रे श्लक्ष्णं च चूर्णितम्॥

मद्यसँग सुकुमेलका बीज वा अमलाको रस पिउनू । अथवा सुनिषण्णकका बीज पिसेर मोहीसँग पिउनू । मूत्रकृच्छ्र रोग नाश हुन्छ ।

(ख) सुश्रुत संहिता :

सुरां सौवर्चलवतीं मूत्रकृच्छ्री पिबेन्नरः । मधु मांसोपदंशं वा पिबेद्वाऽप्यथ गौडिकम्॥

मूत्रकृच्छ्रका रोगीले सुरामा सौंचर नुन मिसाएर पिउने गर्नू । मासु खाएर मह, मदिरा वा गौडी नामक मदिरा पिउने गर्नू ।

मह आदिको प्रयोग

(क) भैषज्य रत्नावली :

मधुना च यवक्षारं मूत्रकृच्छ्राश्मरीहरम् ।

मह र जवाखार मिसाएर खाने गर्नाले मूत्रकृच्छ्र र पत्थरी नाश हुन्छ ।

माछामासुको प्रयोग

(क) आयुर्वेद महोदधि :

कापोतः स्याद्गुरुरतिहीमः स्निग्धमान्ध प्रकोपी श्लेष्मापित्ते प्रणयति जरां जर्जरत्वं च दन्तान् ।
रेतः क्षीणे मदहर जने कृच्छ्रमूत्रे निदाघे मेहे योज्यः स भवति नृणां कामकारी बलाढ्यः ॥

परेवा (मलेवा) को मासु पचाउन कठिन, अति शीतल गर्ने, चिल्लो, पाचनशक्ति घटाउने, कफ-पित्त बढाउने, बुढ्यौली बढाउने र दाँतलाई कमजोर पार्ने गुणको हुन्छ । वीर्यनाश हुँदा, मदमा, **मूत्रकृच्छ्र**मा, गर्मी हुँदा र प्रमेहमा मानिसका लागि यो उपयोगी हुन्छ । यसले बल दिन्छ ।

(ख) भेल संहिता :

पिष्ट्वा तु तस्य चैवास्थि क्षीरेण सह पाययेत् । मूत्रकृच्छ्राणि शमयेदश्मरीं च भिनत्त्यपि॥

त्यसैको (कन्याकुरुङ चराको) हाड दूधमा पिसेर पिउन दिनाले मूत्रकृच्छ्र रोग शान्त हुन्छ तथा पत्थरी पनि फोर्दछ ।

मिश्री आदिको प्रयोग

(क) भावप्रकाश संहिता, भैषज्य रत्नावली, वङ्गसेन आयुर्वेद :

सितातुल्यो यवक्षारः सर्वकृच्छ्रप्रसाधनः ।

मिश्री र जवाखार बराबर मिसाएर खाने गर्नाले सबै खालको मूत्रकृच्छ्र रोग नाश हुन्छ ।

(ख) योग रत्नाकर, वैद्य रहस्य :

सितातुल्यो यवक्षारः सर्वकृच्छ्रनिवारणः ।

मिश्री र जवाखार बराबर लिई खाने गर्नाले सबै प्रकारका मूत्रकृच्छ्र रोग नाश हुन्छ ।

मुसुरोको प्रयोग

(क) आयुर्वेद महोदधि :

मासूरा लघवोऽति रूक्षविशदाश्चक्षुष्यमुत्रग्रहाऽ
श्लेष्मापित्तनिबर्हणा रुचिकरा वातोल्बणा शीतलाः ।
विष्टम्भं जनयन्ति रक्तशमनाः कृच्छ्राश्मरीछेदकाः
सर्वेष्वस्रगदेषु तेषु विहिता हृद्याश्च माधुर्यकाः ॥

मुसुरो पचाउन सहज, अति रुखो, सफा र सुन्दर तथा आँखाका लागि हितकर हुन्छ । यसले पिसाबमा अवरोध गर्दछ, कफविकार र पित्तविकार नाश गर्दछ, रुचिकर हुन्छ, वात बढाउँदछ र शीतल हुन्छ । यो विष्टम्भी हुन्छ तर रक्तपित्त शान्त गर्दछ । मुसुरोले **मूत्रकृच्छ** र पत्थरी ठिक गर्दछ । सबै खालका रक्तविकारमा मसुरो लाभदायक र खान योग्य हुन्छ । यो हृदयका लागि फाइदाजनक र मिठो हुन्छ ।

मैनसिला आदिको प्रयोग

(क) रस रत्नाकर :

शिलातुल्यायवक्षारः सर्वकृच्छ्रनिवारणः । कण्टकारीरसो वापि सक्षौद्रः कृच्छ्रनाशनः ॥

मैनसिला र जवाखार बराबर मिसाएर खाने गर्नाले सबै प्रकारका मूत्रकृच्छ्र नाश हुन्छ । कण्टकारीको रसमा मह मिसाएर पिउने गर्नाले मूत्रकृच्छ्र रोग नाश हुन्छ ।

राङ आदिको प्रयोग

(क) भैषज्य रत्नावली :

वङ्गं सूतं गन्धकं भावयित्वा लौहे पात्रे मर्दयेदेकघस्रम् ।
दूर्वायष्टगोक्षुरैः शाल्मलीभिर्मूषामध्ये भूधरे पाचयित्वा ॥
तत्तद्द्रावैर्भावयित्वाऽस्य वल्लं दद्याच्छीतं पायसं वक्ष्यमाणम् ।
दूर्वायष्टीशाल्मलीतोयदुग्धैस्तुल्यैः कुर्यात् पायसं तद्ददीत ।
प्रातःकाले शीतपानीयपानाज्जाते मूत्रे सुखिनं तं करोति ॥

राङ, पारो र गन्धक बराबर लिई फलामको भाँडामा राखी दूबो, जेठमिधु, ओदानेकाँडो र सिमलको जरा हाली पकाइएको बाँढापानीमा राम्ररी भिजाउनू । त्यसपछि मूषायन्त्रमा राखी भूधरयन्त्रमा पकाउनू । जब सेलाउँदछ तत्र झिकी माथि बताइएको ओखतीको बाँढापानीमा भिजाउनू र दुई दुई रत्तीका गोली बनाउनू । यसपछि दूबो, जेठीमधु, र सिमलको जरा हाली पकाइएको काँढापानी र दूध बराबर हाली खीर पकाउनू । हरेक दिन बिहान एक एक गोली ओखती यो खीरसँग खाने गर्नाले र त्यसपछि चिसो पानी पिउने गर्नाले जब पिसाब हुन्छ तब आरामसँग हुन्छ । (यो ओखती मूत्रकृच्छ्र रोग नाश गर्न उत्तम हुन्छ) ।

राजवृक्ष आदिको प्रयोग

(क) अर्कप्रकाश :

आरग्वधो दर्भकास पथ्या धात्री त्रिकण्टकः । यवास गिरिभेदार्कः सक्षौद्रो मूलत्रकृच्छ्रहा ॥

राजवृक्ष, कुश, काँस झार, हर्रो, अमला, सानो गोखुर, सिस्नु र पाषाणभेद मिसाएर निकालिएको अर्क महसँग खाने गर्नाले **मूत्रकृच्छ्र रोग** नाश हुन्छ ।

(ख) हारीत संहिता :

आरग्वधफलं मूलं दुरालभा धान्यकशतावर्य्यः ॥ पाषाणभेदपथ्ये क्वाथोऽयं मूत्रकृच्छ्रे स्यात् ॥

राजवृक्षको फल र जरा, दुरालभा, धनिया, कुरिलो, पाषाणभेद र हर्रोको काँढापानी पिउनाले मूत्रकृच्छ्र नाश हुन्छ ।

लोहभस्म आदिको प्रयोग

(क) भावप्रकाश संहिता, वङ्गसेन आयुर्वेद :

अयोरजः सूक्ष्मपिष्टं मधुना सह योजितम् । मूत्रकृच्छ्रं निहन्त्याशु त्रिभिर्लेहैर्न संशयः ॥

प्रशोधित लोहभस्म राम्ररी पिसी मह मिसाएर चाट्ने गर्नाले मूत्रकृच्छ्र रोग चाँडै अर्थात् तीन दिनमा नै ठिक हुन्छ, शङ्का गर्नु पर्दैन ।

(ख) रस रत्नाकर :

अयोरजः श्लक्ष्णचूर्णं मधुनासह योजितम् । मूत्रकृच्छ्रं निहन्त्येतस्त्रिभिर्लोहैर्न संशयः ॥

(तीन भाग) लोहभस्मको धूलोमा (एक भाग) मह मिसाएर खाने गर्नाले मूत्रकृच्छ्र रोग अवश्य नाश हुन्छ ।

(ग) वैद्य रहस्य :

अयोरजः श्लक्ष्णपिष्टं मधुना सह योजितम् । मूत्रकृच्छ्र जयत्याशु त्रिभिर्लेहैर्न संशयः ॥

लोहभस्मलाई पिसेर महसँग चाट्ने गर्नाले तीन पटकमै मूत्रकृच्छ्र रोग नाश हुन्छ ।

वस्तिको प्रयोग

(क) शार्ङ्गधर संहिता :

वातव्याधावुदावर्ते वातासृग्विषमज्वरे । मूर्च्छातृष्णोदरानाहमूत्रकृच्छ्राश्मरीषु च ॥
वृद्धासृग्दरमन्दाग्निप्रमेहेषु निरूहणम् । शूलेऽम्लपित्ते हृद्रोगे योजयेद्विधिवद् बुधः ॥

वात, उदावर्त, वातरक्त, विषमज्वर, मूर्छा, जलोदर बाहेकका पेटका रोग, आनाह, **मूत्रकृच्छ्र**, पत्थरी, पुरानो रक्तप्रदर, कमजोर पाचनशक्ति, मधुमेह बाहेकका प्रमेह, शूल, अम्लपित्त र मुटुका रोगी निरूहवस्तिका लागि योग्य हुन्छन् ।

मूत्रकृच्छ्रविकारेषु बालानां त्वेकमङ्गुलम् । शनैर्निष्कम्पमाधेयं सूक्ष्मनेत्रं विचक्षणै(ण): ॥

बालकलाई मूत्रकृच्छ्र रोग भएमा विज्ञ वैद्यले हात नकमाई अति साबधानीपूर्वक बिस्तारै एक अमल नली मूत्रमार्गमा छिराउनू र पचका दिनू ।

(थ) हारीत संहिता :

श्लेष्मसहितः पापिष्ठ उक्तः कष्टतमो गदः । शृणु तस्य प्रतीकारं कषायं वानुवासनम् ॥

कफ समेत विकृत भएर हुने यो रोग अत्यन्त कष्टदायक र पापी हुन्छ । यसको उपचारका बारेमा सुन । यो रोगमा काँडापानी हालेर अनुवासन वस्ति दिनुपर्दछ ।

बस्तिनिरूहक्वाथं च मूत्ररोधे हितो विधिः । सर्वसंस्वेदनं चैव स्थानं वक्रमणाविव ॥

मूत्ररोधमा ओखती मिसाएर निरूहवस्ति दिनुपर्दछ । पुरै शरीरबाट पसिना निकाल्नु पर्दछ । जस्तो टेढो मणिमा स्थान देखिन्छ यो मूत्ररोग त्यस्तै हुन्छ ।

वारुणी नामक मदिराको प्रयोग

(क) अर्कप्रकाश :

सुरावद्वारुणी लघ्वी पीनसाध्माशूलनुत् । ग्राहिणी शोथगुल्मार्शोग्रहणीमूत्रकृच्छ्रजित् ॥

वारुणी पनि सुरा सरह नै पचाउन हलुका, पिनास-आध्मान-शूल- कब्जियत-शरीर सुन्निएको-गुल्म-अल्काइ-ग्रहणी र **मूत्रकृच्छ्र** नाशगर्ने गुणको हुन्छ ।

श्रीखण्डको प्रयोग

(क) आयुर्वेद महोदधि :

पित्तास्रं हरते सदाहपवनं व्यापादयन्तः सदा मूर्छामोहतृषास्यशोषशमनं दुर्गन्धिनिर्नाशकः । कण्डूकुष्ठभगन्दरस्य शमनः पूर्ती छिनत्ति ध्रुवम् मेहं कृच्छ्रमतीवदुर्धरतरं निर्नाशयन्तोहठात् ॥

(चन्दन (श्रीखण्ड) ले) रक्तपित्त र वातविकारले गर्ने डाहलाई हमेशा नाश गर्दछ । यसले बेहोसी, मोह, तिर्खा, मुख सुक्ने रोग, शोष र दुर्गन्ध नाश गर्दछ । शरीर चिलाउने, कुष्ठरोग, भगन्दर र दुर्गन्ध निश्चितरूपमा ठिक गर्दछ । प्रमेह र अति कठिन खालको **मूत्रकृच्छ्र**लाई बलपूर्वक ठिक गर्दछ ।

सखर आदिको प्रयोग

(क) भैषज्य रत्नावली :

गुडेनामलकं वृष्यं श्रमघ्नं तर्पणं परम् । पित्तासृग्दाहशूलघ्नं मूत्रकृच्छ्रनिवारणम् ॥

सखरसँग अमलाको धूलो खाने गर्नाले वीर्य बढ्दछ, थकाई नाश हुन्छ, अति तृप्ति हुन्छ तथा रक्तपित्त, डाह, शूल र मूत्रकृच्छ्र रोग नाश हुन्छ ।

(ख) योग रत्नाकर, वैद्य रहस्य :

गुडेन मिश्रितं दुग्धं कदुष्णं कामतः पिबेत् । मूत्रकृच्छ्रेषु सर्वेषु शर्करा वातरोगनुत्॥

मनतातो दूधमा सक्खर मिसाएर प्रशस्त मात्रामा पिउने गर्नू । यसले पनि सबै प्रकारका मूत्रकृच्छ्र रोगमा लाभ दिन्छ । शर्करा र वातरोग नाश गर्दछ । (इति त्रिदोषजमूत्रकृच्छ्रम्) ।

(ग) वङ्गसेन आयुर्वेद :

गुडमामलकं पिष्टं श्रमघ्नं तर्पणं प्रियम् । पित्तासृग्दाहशूलघ्नं मूत्रकृच्छ्रनिवारणम्॥

सक्खर र अमला मिसाएर पिसी खानु थकाई नाशक, तृप्तिदायक, प्रिय तथा रक्तपित्त, डाह, शूल र मूत्रकृच्छ्र नाशक हुन्छ ।

समष्टिगत उपचार

(क) भैषज्य रत्नावली :

यन्मूत्रकृच्छ्रे विहितं च पैत्ते तत्कारयेच्छोणितमूत्रकृच्छ्रे ।

रगत सहित पिसाब हुने मूत्रकृच्छ्र रोगमा पित्तजन्य मूत्रकृच्छ्रमा बताइएका उपचार विधिको प्रयोग गर्नू ।

सुकुमेल आदिको प्रयोग

(क) अर्कप्रकाश :

सूक्ष्मैलार्कः कफं हन्ति मूत्रकृच्छ्रं विशेषतः ॥

सुकुमेलको अर्कले कफविकार र विशेष गरी **मूत्रकृच्छ्र रोग** निको पार्दछ ।

(ख) अष्टाङ्ग सङ्ग्रह :

एलाश्मभेदकशिलाजतुपिप्पलीनां चूर्णानि तण्डुलजलालुलितानि पित्वा ।
तद्वद्गुडेन सहितान्युपयुज्य मासमासन्नमृत्युरपि जीवति मूत्रकृच्छ्री ॥

सुकुमेलको धूलो, पाषाणभेद, सिलाजित र पिप्लाको धूलो चौलानीमा पिसेर खानु तथा त्यही धूलो सक्खरसँग खानू । एक महिनासम्म यसरी खाने गर्नाले मृत्युको मुखमा पुगेको मूत्रकृच्छ्रको रोगी पनि ठिक भएर बाँच्दछ ।

एलोपकुल्यामधुकाश्मभेदकौन्तीश्वदंष्ट्रावृषकोरुपूगैः ।
क्वाथं पिबेच्छर्करयावगाढं कृच्छ्रे सदाहे सरुजे बिबन्धे ॥

डाह, पीडा र कब्जियत सहितको मूत्रकृच्छ्र, सुकुमेल, पिप्ला, जेठीमधु, पाषाणभेद, शीतलचिनी, ओदानेकाँडो, ऋषभक बुटी र उरुपूग (सुपारी ?) हाली पकाइएको काँढापानी मिश्री हालेर बाक्लो बनाई पिउने गर्नू ।

(ग) चिकित्सा कालिका :

त्रुटिहरेणुकणवृषयष्टिका त्रिकटकोरुवुकोपलभेदकैः ।
श्रृतमिदं जलमश्मजतूत्कटं जयति साश्मरिमुत्रविनिग्रहम् ॥

सुकुमेल, रेणुका, पिप्ला, असुरो, जेठीमधु, ओदानेकाँडो, अँडिरको जरा र पाषाणभेद, : यी ओखती सबै मिसाएर दुई तोला ३२ तोला पानीमा हालेर पकाउनू । आठ तोला पानी बाँकी भएपछि झिकेर छानी सेलाएपछि ४ रत्ती शुद्ध सिलाजित हाल्नू । यो ओखती पिउने गर्नाले पत्थरी र मूत्रकृच्छ्र रोग नाश हुन्छ ।

(घ) भावप्रकाश संहिता, वङ्गसेन आयुर्वेद :

एलाश्मभेदकशिलाजतुपिप्पलीनामेर्वारुबीजलवणोत्तमकुङ्कुमानाम् ।
चूर्णानि तण्डुलजले लुलितानि पीत्वा प्रत्यग्रमृत्युरपि जीवति मूत्रकृच्छ्री ॥

सुकुमेल, पाषणभेद, सिलाजित, पिप्ला, लामो जातको काँक्राका बियाँ, सिँधेनुन र केशर धूलोपारी चौलानीमा मिसाएर पिउने गर्नाले ज्यान नै लिने अवस्थामा पुगेको मूत्रकृच्छ्र रोग पनि ठिक भई रोगी बाँच्दछ ।

(ङ) योग रत्नाकर :

एलाश्मभेदकशिलाजतुपिप्पलीनां चुर्णानि तण्डुलजलैर्लुलितानि पीत्वा ।
यद्वा गुडेन सहितान्यवलिह्य धीमानासन्नमृत्युरपि जीवति मूत्रकृच्छ्री ॥

सुकुमेल, पाषाणभेद, सिलाजित र पिप्लाको एक एक भाग लिएर धूलो बनाउनू । यो धूलो चौलानीमा घोलेर पिउने गर्नू । अथवा यो धूलोमा सक्खर मिसाएर चाट्ने गर्नू । मृत्युको मुखका पुगेको मूत्रकृच्छ्रको रोगी पनि बौरिन्छ ।

एलागोक्षुरयोश्चूर्णं शिशोर्देयं मधुप्लुतम् । मूत्रकृच्छ्रापहः क्वाथः पेयस्तन्मूलवारिणा ॥

सुकुमेल र ओदानेकाँडोको धूलो महमा मिसाएर चटाउने गर्दा बालबालिकाको मूत्रकृच्छ्र रोग नाश हुन्छ । अथवा ओदानेकाँडोको जरा हाली काँढापानी पकाएर पिउनाले पनि मूत्रकृच्छ्र रोग नाश हुन्छ ।

(च) वैद्य रहस्य :

एलाश्मभेदकशिलाजतुपिप्लीनां चूर्णानि तन्दुलजलैर्लुलितानि पीत्वा ।
यद्वा गुडेनसहितानि विलिह्य सम्यगासन्नमृत्युरपि जीवति मूत्रकृच्छ्री ॥

सुकुमेल, पाषाणभेद, सिलाजित र पिप्लाको धूलो चौलानीसँग पिउनू अथवा सक्खरसँग खानू । ज्यान जान लागेको मूत्रकृच्छ्रको रोगी पनि बाँच्दछ ।

(छ) शार्ङ्गधर संहिता :

एलामधुकगोकण्ठ(ट)रेणुकैरण्डवासकाः ॥
कृष्णाऽश्मभेदसहितः(ताः) क्वाथ एषां सुसाधितः । शिलाजतुयुतः पेयः शर्कराऽश्मरिकृच्छ्रहा ॥

सुकुमेलका बीज, जेठीमधु, ओदाने काँडो, शीतलचिनीका बीज, अँडिरको जरा, असुरो, पिप्ला र पाषाणभेद मिसाई काँढापानी पकाएर शिलाजित मिसाई पिउनाले मधुमेह, पत्थरी र **मूत्रकृच्छ्र** नाश गर्दछ ।

सुप आदिको प्रयोग

(क) धन्वन्तरि निघण्टु :

शतपुष्पा मिशिर्वचा हपुषा कृमिहा तथा । सवत्सकश्चेन्द्रयवा त्रिक्षारा लवणानि च ॥
हिङ्गुर्हिङ्गुशिवाटी च तुम्बुरुत्वक्फलानि च । एभिः सुसाधितं सर्पिः पयसा योनिदोषनुत् ॥
मूत्रकृच्छ्रार्तिशूलघ्नं वन्ध्यानामपि गर्भदम् । ग्रहण्यर्शः पाण्डुरोगप्लीहगुल्मोदरापहम् ॥

पहाडे सुप (शतपुष्पा), मदिसे सुप (मिशि), बोझो (वचा), हपुषा, वायुबिडङ्ग (कृमिहा), ठूलोकुरो (वत्सक), इन्द्रजौ (इन्द्रयव), त्रिक्षार, नुनहरू, हिङ (हिङ्गु), जिम्बु (हिङ्गुशिवाटी) र टिमुर (तुम्बुरु) : यी औषधीका बोक्रा र फललाई गाईको दूधमा हाली तयार पारिएको घिउले स्त्री-जननेन्द्रियका रोगहरू नाश गर्दछ । यो औषधीले **मूत्रकृच्छ्र** र शूल रोग नाश गर्दछ तथा बाँझी आईमाईलाई पनि गर्भ बसाउन मद्दत गर्दछ । यसले ग्रहणी, अल्काई, पाण्डुरोग, फियोको सुजन, गुल्म र पेटका रोगहरू समेत नाश गर्दछ ।

हर्रो आदिको प्रयोग

(क) अग्निपुराण :

पथ्यागोक्षुरदुस्पर्शराजवृक्षशिलाभिदाम् । कषायः समधुः पीतो मूत्रकृच्छ्रं व्यपोहति ॥

हर्रो, ओदानेकाँडो, ठूलो बिही, राजवृक्ष र पाषाणभेद हालेर पकाइएको काँढापानीमा मह मिसाएर खाने गरे मूत्रकृच्छ्र रोग नाश हुन्छ ।

(ख) अष्टाङ्ग सङ्ग्रह :

हरीतकीगोक्षुरराजवृक्षपाषाणभिद्धन्वयवासकाणाम् ।
क्वाथं पिबेदश्मजतुप्रधानं सर्शकरे साश्मरिमूत्रकृच्छ्रे ॥

हर्रो, ओदानेकाँडो, राजवृक्ष, पाषाणभेद र सिस्नु तथा धेरै परिमाणमा सिलाजित र मिश्री हालेर पकाइएको काँढापानीले पत्थरी र **मूत्रकृच्छ्र** रोग नाश गर्दछ ।

(ग) भैषज्य रत्नावली, योग रत्नाकर, वङ्गसेन आयुर्वेद :

हरीतकीगोक्षुरराजवृक्षपाषाणभिद्बिल्वयवासकानाम् ।
क्वाथं पिबेन्माक्षिकसम्प्रयुक्तं कृच्छ्रे सदाहे सरुजे विबन्धे ॥

हर्रो, ओदानेकाँडो, राजवृक्ष, पाषाणभेद, बेलको गुदी र दुरालभा बराबर मिसाई पकाइएको काँढापानी सेलाएपछि मह मिसाएर पिउने गर्नाले डाह सहितको मूत्रकृच्छ्र र विबन्ध रोग नाश हुन्छ ।

(घ) रस रत्नाकर :

हरीतकीगोक्षुरराजवृक्षपाषाणजिद्बिल्वयवासकानाम् ।
क्वाथं पिबेन्माक्षिकसम्प्रयुक्तं कृच्छ्रे सदाहे सरुजे विबन्धे ॥ (पाषाणजित्कुलत्थम्) ।

हर्रो, ओदानेकाँडो, राजवृक्ष, गहत, बेल र दुरालभा : यी ओखतीको काँढापानीमा मह हालेर पिउने गर्नाले पीडादायक मूत्रकृच्छ्र रोग नाश हुन्छ ।

(ङ) शार्ङ्गधर संहिता :

हरीतकीदुरालम्भाकृतमालकगोक्षुरैः । पाषाणभेदसहितैः क्वाथो माक्षिकसंयुतः ॥
विबन्धे मूत्रकृच्छ्रे च सदाहे सरुजे हितः ।

सानो खालको हर्रो, सिस्नु, राजवृक्षको गुदी, ओदाने काँडो र पाषाणभेद मिसाएर काँढापानी पकाई महसँग खानाले कब्जियत तथा डाह, पिसाब रोकिने र वायु रोकिने लक्षणको **मूत्रकृच्छ्र** रोग ठिक हुन्छ ।

अभयामोदक :

अभया मरिचं शुण्ठीविडङ्गामलकानि च ॥
पिप्पली पिप्पलीमूलं त्वक्पत्रं मुस्तमेव च । एतानि समभागानि दन्ती च द्विगुणा भवेत्॥
त्रिवृदष्टगुणा ज्ञेया षड्गुणा चात्र शर्करा ।
मधुना मोदकं कृत्वा (मोदकान्कृत्वा) कर्षमात्रप्रमाणतः ॥
एकैकं भक्षयेत्प्रातः शीतञ्चानु पिबेज्जलम् । तावद्विरिच्यते जन्तुर्यावदुष्णं न सेवते ॥
पानाहारविहारेषु भवेन्निर्यन्त्रणं(णः) सदा । विषमज्वरमन्दाग्निपाण्डुकासभगन्दरम्(रान्) ॥
दुर्नाम कुष्ठगुल्मार्शोगलगण्डव्रणो(भ्रमो)दरान् ।
विदाहप्लीहमेहाँश्च यक्ष्माणं नयनामयम्(यान्) ॥
वातरोगं तथाध्मानं मूत्रकृच्छ्राणि चाश्मरीम् । पृष्ठपार्श्वोरुजघनजङ्घोदररुजं(जो) जयेत्॥
सततं शीलनादेष(षां) पलितानि विना(प्रणा)शयेत् । अभयामोदका ह्येते रसायनवराः स्मृताः ॥

हर्रो, कालो मरिच, सुठो, वायुविडङ्ग, अमला, पिप्ला, पिप्लाको जरा, दालचिनी, तेजपात र नागरमोथे यी सबै बराबर मात्रामा लिनू । यसमा अजयपाल तीन भाग, सेतो निशोध आठ भाग र सक्खर वा मिस्री छ भाग मिसाई मोल्नू । अनि एक एक कर्षका गोली वा लड्डू बनाउनू । यो एउटा गोली बिहान दिसा लगाउन खानू र त्यसपछि अलिकति चिसो पानी पिउनू । (यसपछि दिसा लाग्न शुरु हुन्छ) । जबसम्म दिसा लाग्दछ तबसम्म तातो कुरा नखानू । अन्य खानपिन र परिश्रम आदि कुरा पनि बार्नू । यसले विषमज्वर, मन्दाग्नि, पाण्डु, खोकी, भगन्दर, कुष्ठ, गुल्म, अल्काई, गलगाँड, भ्रम, पेटका रोग, डाह, फियोका रोग, प्रमेह, क्षयरोग, आँखाका रोग, वातरोग, आध्मान, **मूत्रकृच्छ्र**, पत्थरी जस्ता रोग तथा ढाड, गोडा, कम्मर, तिघ्रा, पिँडुला र पेट दुख्ने जस्ता रोग पनि ठिक हुन्छ । यो लड्डूलाई अभयादिमोदक भनिन्छ । नियमित यो लड्डू खानाले उमेर नपुग्दै फुलेको कपाल पनि कालो हुन्छ । यो एक उत्तम रसायन हो ।

(च) हारीत संहिता :

मूत्ररोधं वारयति पथ्या वा गुड संयुता ।

मूत्ररोधको रोगमा हर्रो र सक्खर मिसाएर खाने गर्नाले लाभ गर्दछ ।

हिङ आदिको प्रयोग

(क) शार्ङ्गधर संहिता :

हिङ्गु पाठाऽभया धान्यं दाडिमश्चित्रकः शठी । अजमोदा त्रिकटुकं हपुषा चाम्लवेतसम् ॥

अजगन्धा तिन्तिडीकञ्जीरकं पौष्करं वचा । चव्यं क्षारद्वयं पञ्च लवणानि विचूर्णयेत्॥
प्राग्भोजनस्य मध्ये वा चूर्णमेतत्प्रयोजयेत् । पिबेद्वा जीर्णमद्येन तक्रेणोष्णोदकेन वा॥
गुल्मे वातकफोद्भूते विड(हृद)ग्रहेऽष्ठीलिकासु च । हृद्वस्तिपार्श्वशूलेषु शूले च गुदयोनिजे॥
मूत्रकृच्छ्रे तथाऽऽनाहे पाण्डुरोगेऽरुचौ तथा । हिक्कायां यकृति प्लीह्नि कासे श्वासे गलग्रहे॥
ग्रहण्यर्शोविकारेषु चूर्णमेतत्प्रशस्यते । भावितं मातुलुङ्गस्य बहुशः स्वरसेन वा॥
कुर्याच्च गुटिकाः पथ्या(वह्नीः) वातश्लेष्मामयापहाः ।

भुटेको हिङ, गानेगुर्जो, हर्रो, धनियाँ, अनारदाना, चितूको बोक्रा, कपूरहलेदो, ज्वानु, त्रिकटु, हपुषा, अम्लवेत, ज्वानु विशेष, अमिली, जीरा, पुष्करमूल, बोझो, चाँभा, सज्जिखार, जवाखार र पाँच प्रकारका नुन मिसाएर पिँधी बनाइएको चूर्ण खाना खानु अघि, खाना खाँदा बीचमा, धेरै पुरानो मद्यसँग अथवा गाईको तक्रसँग वा तातोपानीसँग खाए वात र कफले हुने गुल्म, मुटुका रोग, अष्ठीला, मुटु-तल्लो पेट-कोख र मलद्वारको शूल, **मूत्रकृच्छ्र,** आनाह, पाण्डु, अरुची, बाडुली, कलेजोका रोग, फियोका रोग, खोकी, दम, गलग्रह, ग्रहणी र अल्काई नाश हुन्छ । यो धूलोलाई बिमिरोको रसमा भिजाएर गोली बनाई खाए वात एवं कफजन्य रोग नाश हुन्छ ।

हुहुरे आदिको प्रयोग

(क) भैषज्य रत्नावली :

सूर्यावर्त्तभवं बीजं श्लक्ष्णं दृषदि पेषितम् । व्युषितोदकसम्पीतं कृच्छ्रं हन्ति सुदारुणम्॥

हुहुरेको बीज सिलौटामा मसिनो हुनेगरी पिसी बासी पानीसँग पिउने गर्नाले कडा खालको मूत्रकृच्छ्र रोग पनि नाश हुन्छ ।

खण्ड २
मूत्राघात रोग
मूत्राघातका प्रकार
(Obstructed micturition)
नेपाली परिभाषा

(क) के.यन.स्वामी :

पिसाब बन्द हुने १२ प्रकारका रोगलाई मूत्राघात भनिन्छ ।

प्राचीन ग्रन्थका वचनहरू

(क) अष्टाङ्ग सङ्ग्रह :

विंशतिर्मूत्राघाता भवन्ति । तद्यथा- वातपित्तकफसन्निपातकृच्छ्राणि वातपित्तश्लेष्मशुक्राश्मर्यः। वातबस्त्यष्ठीलाकुण्डलिकामूत्रातीतजठरोत्सङ्गग्रन्थिशुक्रविड्घातोष्णवातमूत्रक्षयावसाश्चेति ॥

बीस प्रकारका रोगमा मूत्राघात हुन्छ । यसैले बीस प्रकारका मूत्राघात रोग हुन्छन् । जस्तै : वातजन्य, पित्तजन्य, कफजन्य, र सन्निपातजन्य गरी चार प्रकारका मूत्रकृच्छ्र; वातजन्य, पित्तजन्य, कफजन्य र शुक्रजन्य गरी चार प्रकारका अश्मरी अनि वातवस्ति, अष्ठीला, कुण्डलिका, मूत्रातीत, मुत्रजठर, मूत्रोत्सङ्ग, मुत्रग्रन्थि, मूत्रशुक्र, विड्विघात, उष्णवात, मूत्रक्षय र मूत्रावसाद ।

तत्र वातबस्त्यादयो नव वातोल्बणाः । ततो द्वौ वातपित्तोल्बणौ । अन्त्यः कफपित्तोल्बणः ॥

यी रोगमध्ये वातवस्तिदेखि विड्घातसम्मका नौ रोगमा वायुको प्रमुख भूमिका हुने गर्दछ । यसपछिका दुई रोग अर्थात् उष्णवात र मूत्रक्षयमा वात र पित्तको प्रमुख भूमिका हुने गर्दछ । अन्तिम रोग मूत्रावसादमा कफ र पित्तको प्रमुख भूमिका रहने गर्दछ ।

सर्वेषां पुनर्मूत्ररोगाणामधिष्ठानं बस्तिः । स मर्मस्वभिहितः प्राक् । स चाधोमुखोऽपि मूत्रवहनाडीषु सूक्ष्ममुखसहस्रनिष्यन्देन मूत्राख्येनाविरतं नवो घट इवाप्सु निमग्नमुखोऽपि पार्श्वेभ्योऽम्भसा पूर्यते तैरेव च स्रोतोभिर्वातादयोऽपि दुष्टाः प्रविश्य बस्तिं यथास्वमाघातान् प्रमेहांश्च जनयन्ति ॥

सबै किसिमका पिसाबसम्बन्धी रोगको आश्रयस्थल मूत्राशय हो । यो मूत्राशयका बारेमा शारीर अध्यायको मर्मप्रकरण खण्डमा पहिले नै बताई सकिएको छ । जसरी घोप्टो मुख भएर पनि पानीमा डुबेको घडा पानी चारैतिरबाट छिर्ने हुनाले भरिने गर्दछ, त्यसरी नै मूत्राशय तलतिर मुख फर्केको भएपनि पिसाब बहने नसाबाट निरन्तर पिसाब चुहिने हुनाले भरिने गर्दछ । यिनै मूत्र प्रवाह गर्ने नसा हुँदै दूषित भएका वात आदि दोष पनि मूत्राशयमा छिरी आआफ्ना लक्षण सहितका मूत्राघात र प्रमेह जस्ता रोगहरूलाई जन्माउने गर्दछन् ।

(ख) चरक संहिता :

मूत्रैकसादं जठरं कृच्छ्रं सोत्सङ्गसङ्क्षयौ । मूत्रातीतोऽनिलाष्ठीला वातवस्त्युष्णमारुतौ ॥
वातकुण्डलिका ग्रन्थिर्विड्घातो वस्तिकुण्डलम् । त्रयोदशैते मूत्रस्य दोषांस्ताँल्लिङ्गतः शृणु ॥

मूत्रैकसाद (मूत्रसाद, मूत्रावसाद, मूत्रौकसाद), मूत्रजठर, कृच्छ्र, मूत्रोत्सङ्ग, मूत्रक्षय, मूत्रातीत, वाताष्ठीला, वातवस्ति, उष्णमारुत (उष्णवात), वातकुण्डलिका मूत्रग्रन्थि, विड्घात (विड्विघात) र वस्तिकुण्डल : यी मूत्रसम्बन्धी तेह्र प्रकारका रोग हुन् । अब यिनका लक्षणका माध्यमले सुन ।

(ग) भावप्रकाश संहिता, माधव निदान :

जायन्ते कुपितैर्दोषैर्मूत्राघातास्त्रयोदश । प्रायो मूत्रविघाताद्यैर्वातकुण्डलिकादयः ॥

दिसा, पिसाब आदिको वेग रोक्ने आदिजस्ता कारणले उत्तेजित र विकृत भएको दोष (विशेषगरी वातदोष) ले वातकुण्डलिका आदि नाम गरेको तेह्र प्रकारका मूत्राघात रोग हुने गर्दछ ।

(घ) सुश्रुत संहिता :

वातकुण्डलिकाऽष्ठीला वातबस्तिस्तथैव च । मूत्रातीतः सजठरो मूत्रोत्सङ्गः क्षयस्तथा ॥
मूत्रग्रन्थिर्मूत्रशुक्रमुष्णवातस्तथैव च । मुत्रौकसादौ द्वौ चापि रोगा द्वादश कीर्तिताः ॥

वातकुण्डलिका, अष्ठीला (वाताष्ठीला), वातबस्ति, मूत्रातीत, मूत्रजठर, मूत्रोत्सङ्ग, मूत्रक्षय, मूत्रग्रन्थि, मूत्रशुक्र, उष्णवात र मूत्रौकसाद (दुई थरी) गरी बाह्र प्रकारका मूत्राघात रोग हुन्छन् भनी बताइएको छ ।

वातकुण्डलिका

Spasmodic of urine, Spasmodic Stricture

(क) अष्टाङ्ग सङ्ग्रह :

विगुणो वायुर्वस्तौ कुण्डलीभूतस्तीव्रशूलस्तम्भगौरवान्वितो मूत्रमाविध्याल्पशो वा प्रवर्तयन् भ्रमति सा वातकुण्डलिका ॥

उल्टो दिशामा घुम्न थालेको शरीर भित्रको वायु मूत्राशयमा कुण्डलको आकार लिएर कडा शूल, लाटोपन, भारीपन निकाल्दै पिसाबलाई हल्लाउँदै अलि अलि बाहिर निस्कने अवस्था बनाउँदछ । अथवा मूत्राशयमा वायु घुम्न थाल्दछ । यो रोगलाई “वातकुण्डलिका” भनिन्छ ।

(ख) अष्टाङ्ग हृदय :

विगुणः कुण्डलीभूतो वस्तौ तीव्रव्यथोऽनिलः । आविश्य मूत्रं भ्रमति सस्तम्भोद्वेष्टगौरवः ॥
मूत्रमल्पाल्पमथवा विमुञ्चति शकृत्सृजन् । वातकुण्डलिकेत्येषा ...

मूत्राशयमा वायुको गति उल्टो भएर कुण्डलको आकारले अति दुखाउँदै पिसाब भित्र छिरी घुम्न थाल्दछ, जकडिन्छ, शरीर लाटो र भारी हुन्छ, अलि अलि पिसाब आउँदछ अथवा दिसा सँगसँगै पिसाब आउँदछ भने यस्तो रोगलाई “वातकुण्डलिका” भनिन्छ ।

(ग) गरुड पुराण :

विगुणः कुण्डलीभूतो वस्तौ तीव्रव्यथानिलः । अबध्यमूत्रं भ्रमति संस्तम्भोद्वेष्टगौरवम् ॥
मूत्रमल्पाल्पमथवा विमुञ्चति सकृत् सकृत् । वातकुण्डलिकेत्येव...।

वस्तिभागमा रहेको विकृत वायु भूमरी घुमे जसरी फनफनती घुमी रोगीलाई अती नै कष्ट दिन थाल्दछ । पिसाबलाई रोक्दै त्यसमा रोकिएपछि हुने दोष थुपार्दै जान्छ । यस अवस्थामा रोगीलाई अति थोरै र पटकपटक पिसाब हुने गर्दछ र रोगी धेरै बेर पिसाब रोक्न नसक्ने हुन थाल्दछ । यस्तो रोगलाई “वातकुण्डलिका” भनिन्छ ।

(घ) चरक संहिता :

गतिसङ्गादुदावृत्तः स मूत्रस्थानमार्गयोः । मूत्रस्य विगुणो वायुर्भग्नव्याविद्धकुण्डली ॥
मूत्रं विहन्ति संस्तम्भभङ्गगौरववेष्टनैः । तीव्ररुङ्मूत्रविट्सङ्गैर्वातकुण्डलिकेति सा ॥

पिसाबको गति वा बाटो रोकिएका कारण फर्केको वा माथितिर सर्न थालेको दूषित वायुले मूत्राशयमा र पिसाबको बाटोमा बाधा हाल्दै भुमरी परेजसरी गोलो भएर घुम्दै पिसाबलाई हुँडल्न थाल्दछ । यसपछि लाटोपन, च्यातिएको जस्तो पीडा, भारीपन, बेरिएको जस्तो, अति पीडा, पिसाब रोकिने र दिसा रोकिने जस्ता लक्षणहरू देखिन्छन् । यस्तो रोगलाई “वातकुण्डलिका” भनिन्छ ।

(ङ) भावप्रकाश संहिता :

रौक्ष्याद्वेगविघाताद्वा वायुर्बस्तौ सवेदनः । मूत्रमाविश्य चरति विगुणः कुण्डलीकृतः ॥
मूत्रमल्पाल्पमथवा सरुजं सम्प्रवर्तते । वातकुण्डलिकां तां तु व्याधिं विद्यात् सुदारुणम् ॥
(रौक्षात् कायस्य । वेगविघातात्-मूत्रादि वेगनिरोधात् । आविश्य-आवृत्य । मूत्रमिति राक्ष्यादिभिर्वेविघातादिभिश्च, विगुणल्-दुष्टः । कुण्डलीकृत : वातावर्तो वस्तावेव भ्रमन् तिष्ठति । कुण्डलीभूतो वायुः वस्तौ मूत्राशये चरति-प्रधावति, आबद्धत्वाद् भ्रमन् तिष्ठति ।) ।

शरीर रुखो हुनाले अथवा पिसाब आदिको वेग रोक्ने गर्नाले दूषित भएको शरीर भित्रको वायु कुण्डलको आकारको अर्थात् गोलाकार भई पिसाबसँग मिलेर पीडा उत्पन्न गर्दछ । पिसाबमा मिलेका

कारण यो बायु मूत्राशयमा नै रुमलिने गर्दछ । यसले गर्दा अलि अलि र दुख्दै पिसाब हुने गर्दछ । यस्तो कडा र अति पीडादायी रोगलाई "वातकुण्डलिका" भनिन्छ ।

(च) माधव निदान, योग रत्नाकर, वङ्गसेन आयुर्वेद :

रौक्ष्याद्वेगविघाताद्वा वायुर्बस्तौ सवेदनः । मूत्रमाविश्य चरति विगुणः कुण्डलीकृतः ॥
मूत्रमल्पाल्पमथवा सरुजं सम्प्रवर्तते । वातकुण्डलिकां तां तु व्याधिं विद्यात् सुदारुणम् ॥

रुखा पदार्थ धेरै खानाले तथा दिसा, पिसाब आदिको वेग रोक्नाले विकृत भई मूत्राशयमा पुगेको वायुले पिसाबलाई रोक्दै गोलो भएर घुमाउन र घुम्न थाल्दछ । यसपछि मूत्राशय दुख्न थाल्दछ, दुख्दै थोरै पिसाब हुन्छ । यस्तो दुःखदायक रोगलाई "वातकुण्डलिका" भनिन्छ ।

(छ) सुश्रुत संहिता :

रौक्ष्याद्वेगविघाताद्वा वायुरन्तरमाश्रितः । मूत्रं चरति संगृह्य विगुणः कुण्डलीकृतः ॥
सृजेदल्पाल्पमथवा सरुजस्कं शनैः शनैः । वातकुण्डलिकां तं तु व्याधिं विद्यात् सुदारुणम् ॥

रुखोपनले अथवा दिसापिसाब आदिको आएको वेग रोक्ने कारणले मूत्राशयमा बसेको वायुले पिसाबलाई सँगै लिएर (रोकेर), बटुलो आकारको बनाउँदै, उल्टो बाटो हिँड्न थाल्दछ । यसपछि अलि अलि दुख्दै बिस्तार बिस्तार पिसाब हुन थाल्दछ । अति दुःखदायक यो रोगलाई "वातकुण्डलिका" भनिन्छ ।

अष्ठीला वा वाताष्ठीला
(Recto-cesical tumour)

(क) अष्टाङ्ग सङ्ग्रह :

बस्तिविण्मार्गान्तरे वायुर्घनोन्नतं तीव्ररुजमचलमष्ठीलाभं ग्रन्थिं करोति ।
तेनानिलविण्मूत्रसङ्गो भवत्याध्मानं च । सा वाताष्ठीला ॥

मूत्राशय र दिसा निस्कने बाटोका बीचमा वातविकारले गर्दा साह्रो, उठेको, अति दुखाउने, स्थिर र गोलो पत्थर जस्तो गाँठो निकाल्दछ । यसले वायु, दिसा र पिसाब रोकिन पुग्दछ तथा पेट फुल्दछ । यसलाई "वाताष्ठीला" भनिन्छ ।

(ख) अष्टाङ्ग हृदय, गरुडपुराण :

शकृन्मार्गस्य बस्तेश्च वायुरन्तरमाश्रितः ॥
अष्ठीलाभं घनं ग्रन्थिं करोत्यचलमुन्नतम् । वाताष्ठीलेति साऽऽध्मानविण्मूत्राऽनिलसङ्गकृत् ॥

मलद्वार र मूत्राशयको बीच भागमा रहने अपान वायुले एउटा गाँठोविशेष उत्पन्न गर्दछ । यो साह्रो, स्थिर र उठेको हुन्छ । यसलाई वाताष्ठीला भनिन्छ । यो रोग भएपछि पेट फुल्दछ तथा अपानवायु, दिसा र पिसाब रोकिने गर्दछ ।

(ग) चरक संहिता, वङ्गसेन आयुर्वेद :

आध्मापयन्वस्तिगुदं रुद्ध्वा वायुश्चलोन्नताम् । कुर्यात्तीव्रार्तिमष्ठीलां मूत्रविण्मार्गरोधिनीम् ॥

वायु रोकिएर मूत्राशय र मलद्वारलाई सुजन गराउँदै माथि उठेको, अति दुख्ने र दिसापिसाबको बाटो रोक्ने खालको अष्ठीला नामक रोग निकाल्दछ । (अष्ठीला बाटुलो र अण्डाकार पत्थरविशेष वा औजारविशेषको नाम हो । त्यस्तै आकारको हुने हुनाले यो रोगका नाम अष्ठीला राखिएको हो) ।

(घ) भावप्रकाश संहिता :

आध्मापयन्वस्तिगुदं रुद्ध्वा वायुश्चलोन्नताम् । कुर्यात्तीव्रार्तिमष्ठीलां मूत्रविण्मार्गरोधिनीम् ॥
(वातः वस्तिगुदं रुद्ध्वा-अर्थात्तदन्तर्गतं मूत्रं मलञ्च निरुद्ध्य वस्ति गुदञ्च आध्मापयन्-आध्मानं कुर्वन् । अष्ठीलाम्-अष्ठीलातुल्यां ग्रन्थि कुर्बन् । चलोन्नतां-चलामुन्नताञ्च ।) ।

शरीर भित्र रहेको वायुले पिसाब र दिसालाई रोकी मूत्राशय र मलद्वारमा सुजन निकाली चञ्चल, अग्लो, अति दुख्ने तथा पिसाब र दिसाको बाटो रोक्ने खालको डल्लो जस्तो गाँठो निकाल्दछ । यस्तो गाँठो निस्कने रोगलाई "अष्ठीला" भनिन्छ ।

(ङ) भावप्रकाश संहिता, माधव निदान :

नाभेरधस्तात् सञ्जातः सञ्चारी यदि वाऽचलः ॥
अष्ठीलावद्धनो गन्थिरूर्ध्वमायत उन्नतः । वाताष्ठीलां विजानीयाद्बहिर्मार्गावरोधिनीम् ॥

नाइटोभन्दा तलतिरको भागमा यताउता चल्ने अथवा नचल्ने पत्थरजस्तो एउटा ग्रन्थी हुन्छ । यसको माथिल्लो भाग फराकिलो हुन्छ । यदि यो मास्तिर सर्दछ वा सुन्निन्छ भने त्यसले दिसापिसाब बाहिर निस्कने बाटो बन्द गरिदिन्छ । यो रोगलाई अष्ठीला वा वाताष्ठीला भनिन्छ ।

(च) माधव निदान :

आध्मापयन् बस्तिगुदं रुद्ध्वा वायुश्चलोन्नताम् । कुर्यात्तीवैार्तिमष्ठीलां मूत्रविण्मार्गरोधिनीम् ॥

मूत्राशय क्षेत्रमा विकृत भएको वायुले मूत्राशय र मलद्वारमा आध्मान रोग निकाल्दै अष्ठीला जस्तै

हलचल गर्ने र अग्लो गाँठो पैदा गर्दछ, यसलाई अष्ठीला भनिन्छ । यसले दिसा र पिसाब निस्कने बाटो अवरुद्ध भई अति दुखाउने गर्दछ ।

(छ) सुश्रुत संहिता :

शकृन्मार्गस्य बस्तेश्च वायुरन्तरमाश्रितः । अष्ठीलावद्धनं ग्रन्थिं करोत्यचलमुन्नतम् ॥
विण्मूत्रानिलसङ्गश्च तत्राध्मानं च जायते । वेदना च परा बस्तौ वाताष्ठीलेति तां विदुः ॥

दिसा निस्कने मार्ग र मूत्राशयका बीचमा अपान वायुले अष्ठीला जस्तै साह्रो गाँठो उत्पन्न गर्दछ । यो गाँठो स्थिर र उठेको हुन्छ । यसले गर्दा दिसा, पिसा र वायु अवरुद्ध हुन पुग्दछ तथा मूत्राशय फुल्दछ । तल्लोपट वा मूत्राशयमा पीडा हुन्छ । यसलाई “वाताष्ठीला” भनिन्छ ।

अष्ठीलावद्धनं ग्रन्थिमूर्ध्वमायतमुन्नतम् । वाताष्ठीलां विजानीयाद्बहिर्मार्गावरोधिनीम् ॥

अष्ठीला जस्तै साह्रो, माथितिर फैलिएको, उठेको, बाहिर जाने बाटो बन्द गर्ने खालको गाँठोलाई “बाताष्ठीला” भनिन्छ ।

वातबस्ति

Retention of urine

(क) अष्टाङ्ग हृदय :

मूत्रसन्धारिणः कुर्याद्रुद्ध्वा वस्तेर्मुखं मरुत् । मूत्रसङ्गं रुजं कण्डूं कदाचिच्च स्वधामतः ॥
प्रच्याव्य वस्तिमुद्वृत्तं गर्भाभं स्थूलविप्लुतम् । करोति तत्र रुग्दाहस्पन्दनोद्वेष्टनानि च ॥
बिन्दुशश्च प्रवर्तेत मूत्रं वस्तौ तु पीडिते । धारया द्विविधोऽप्येष वातवस्तिरिति स्मृतः ॥
दुस्तरो दुस्तरतरो द्वितीयः प्रबलानिलः ।

पिसाबको वेग रोक्ने मानिसको वायुले मूत्राशयको मुख बन्द गरी पिसाबलाई रोक्दछ तथा दुखाउँदै चिलाउने बनाउँदछ । कहिलेकाहीँ यो वायुले मूत्राशयलाई आफ्नो स्थानबाट सार्दछ र मुखलाई यताउता पार्दछ, जसले गर्दा मूत्राशय गर्भ जस्तै मोटो र त्यसमा हलचल भएजस्तो गराउँदछ । दुख्ने, डाह हुने, थोपा थोपा गरेर पिसाब चुहिने र जकडिने गर्दछ । पिसाब थोपा थोपा आउँदा थिच्यो भने धारो बनेर झर्दछ । यस्तो रोगलाई “वातवस्ति” भनिन्छ । यो रोग दुई प्रकारको हुन्छ । पहिलो प्रकारको (पिसाब रोकिने मात्र) वातवस्ति कठिनतापूर्वक ठिक हुन्छ भने दोश्रो प्रकारको (मूत्राशयको मुख यताउता सर्ने) वातवस्ति निको पार्न कठिन हुन्छ किन कि यसमा वायु अति नै बलियो हुन्छ ।

(ख) गरुडपुराण :

मूत्रसंस्राविणं कुर्य्यात् क्रुद्धो वस्तेर्मुखं मरुत् । मूत्रसङ्गं रुजं कुर्य्यात् कदाचिच्च स्वधामतः ॥
प्रच्छाद्य वस्तिमुद्धृत्य गर्भान्तं स्थूलविप्लुताम् । करोति तत्र रुग्दाहं स्पन्दनोद्वेष्टनानि च ॥
बिन्दुशश्च प्रवर्तेत मूत्रं वस्तौ तु पीडिते । धारावरोधश्चाप्येष वातवस्तिरिति स्मृतः ॥
दुस्तरो दुस्तरतरो द्वितीयः प्रबलोऽनिलः ।

विकृत वायुले वस्तिको मुखलाई बन्द गरेर आमाशयका जलस्रोतबाट तलतिर आउने मलिन जल (पिसाब) लाई एकैठाउँमा थुपार्ने गर्दछ । यसरी पिसाब थुप्रिनाले वस्तिमा विकार उत्पन्न हुन्छ । यसपछि रोगीलाई पीडा हुन र त्यो भाग चिलाउन थाल्दछ । रोगीको शरीरमा विकृत भएको वायुले वस्तिको मुखलाई बन्द गरी मूत्र निष्कासनमा अवरोध गर्दछ । वस्तीलाई स्वस्थानबाट विचलित बनाउँदै वा उल्टाउँदै वा यताउता पार्दै विकृत बनाउँदछ । यसबाट वस्ति गर्भजस्तै मोटो हुन थाल्दछ र त्यो भागलाई पीडित बनाउन थाल्दछ । यसपछि त्यसभागमा भित्र पोल्न थाल्दछ । त्यो भाग गर्भ हल्लिए जसरी हल्लिन थाल्दछ र तिघ्राका फिला एवं जोर्नी समेत दुख्न थाल्दछ । रोगीलाई थोपा थोपा गरेर पिसाब हुन थाल्दछ, मूत्र वेग स्वाभाविक हुँदैन । वस्तिमा दुख्दछ । थिच्यो भने पिसाब धारा भएर बाहिर निस्कने गर्दछ । वातजन्य यस्तो रोगलाई “वातवस्ति” भनी मानिएको छ । पहिलो प्रकारको (पिसाब रोकिने मात्र) वातवस्ति कठिनतापूर्वक ठिक हुन्छ भने दोश्रो प्रकारको (मूत्राशयको मुख यताउता सर्ने) निको पार्न कठिन हुन्छ किन कि यसमा वायु अति नै बलियो हुन्छ ।

(ग) चरक संहिता :

मूत्रं धारयतो वस्तौ वायुः क्रुद्धो विधारणात् । मूत्ररोधार्तिकण्डूभिर्वातवस्तिः स उच्यते ॥

पिसाब रोकिरहने मानिसलाई वेग रोकेका कारण विकृत हुन पुगेको वायुले मूत्राशय दुखाउने र चिलाउने बनाउँदछ । यो रोगलाई “वातवस्ति” भनिन्छ । (दोश्रोथरी वातवस्तिलाई वस्तिकुण्डलिका नाम दिएको पाइन्छ) ।

(घ) भावप्रकाश संहिता :

वेगं विधारयेद्यस्तु मूत्रस्याकुशलो नरः । निरुणद्धि मुखं तस्य वस्तेर्वस्तिगतोऽनिलः ॥
मूत्रसङ्गो भवेत्तेन वस्तिकुक्षिनिपीडितः । वातवस्तिः स विज्ञेयो व्याधिः कृच्छ्रप्रसाधनः ॥
(अकुशलः-मूर्खः । पुरुषस्य वस्तेर्मुखं निरुणद्धि जस्तिगतो वायुः तेन वायुना । मूत्रसङ्गः विघातो भवति । वस्तिकुक्षिनिपीडित इति वस्तौ कुक्षौ निपीडितः सम्पीडितो वायुरिति सम्बन्धः । मूत्रसङ्गः-मूत्रावरोधः ।) ।

जो मूर्ख मानिस पिसाब रोकेर बस्ने गर्दछ, उसको मूत्राशयमा हुने वायुले मूत्राशयको मुख बन्द गरिदिन्छ । त्यसपछि पिसाब रोकिन्छ तथा मूत्राशयको भाग र कोख दुख्न थाल्दछ । यस्तो निको पार्न कठिन हुने रोगलाई “वातवस्ति” भनिन्छ ।

(ङ) माधव निदान, सुश्रुत संहिता :

वेगं विधारयेद्यस्तु मूत्रस्याकुशलो नरः ।
निरुणद्धि मुखं तस्य बस्तेर्बस्तिगतोऽनिलः ॥
मूत्रसङ्गो भवेत्तेन बस्तिकुक्षिनिपीडितः ।
वातबस्तिः स विज्ञेयो व्याधिः कृच्छ्रप्रसाधनः ॥

यदि कुनै मानिस पिसाब रोकिरहने गर्दछ भने उसको मुत्राशयमा रहेको उत्तेजित र विकृत वायुले मूत्राशयको मुख अवरुद्ध पार्ने गर्दछ । यसपछि पिसाब निस्कन पूरै बन्द हुन्छ र मूत्राशय र कोख दुख्दछ । यो कठिनताले ठिक गर्न सकिने रोगलाई "वातबस्ति" भनिन्छ ।

मूत्रातीत
Incontinence of urine, Partial retention of urine

(क) अष्टाङ्ग हृदय :

...मूत्रं तु विधृतं चिरम् ॥ न निरेति विबद्धं वा मूत्रातीतं तदल्परुक् ।

लामो समयसम्म पिसाब रोकेर बस्नाले पिसाब गर्ने बेलामा पिसाब आउँदैन र बल गरेर पिसाब गर्न खोज्दा रोकिई रोकिई अलि अलि मात्र आउँदछ र अलि अलि दुख्दछ भने यस्तो रोगलाई "मूत्रातीत" भनिन्छ ।

(ख) गरुडपुराण :

... शुक्रे तु विधृतेऽचिरे ॥ न निरेति निरुद्धं वा मूत्रातीतं तदल्परुक् ।

जब रोगीलाई रोकिएको मूत्र (वा शुक्र) निकाल्न दुःख हुन्छ त्यसलाई मूत्रातीत रोग भनिन्छ ।

(ग) चरक संहिता :

चिरं धारयतो मूत्रं त्वरया न प्रवर्तते । मेहमानस्य मन्दं वा मूत्रातीतः स उच्यते ॥

लामो समयसम्म पिसाब रोकेर बसी त्यसपछि पिसाब गर्दा चाँडै पिसाब हुँदैन । जब पिसाब गर्न खोज्दछ तब पिसाबको वेग पनि कम हुन्छ । यस्तो रोगलाई "मूत्रातीत" भनिन्छ ।

(घ) भावप्रकाश संहिता :

चिरं धारयतो मूत्रं त्वरया न प्रवर्त्तते । मेहमानस्य मन्दं वा मूत्रातीतः स उच्यते ॥
(मेहमानस्य-मूत्रमुत्सृजतः । मन्दं वा-अल्पं वा ।) ।

लामो समयसम्म पिसाब रोकेर बस्ने गर्नाले पिसाब गर्न खोज्दा पनि पिसाब तुरुन्त हुँदैन अथवा थोरै थोरै हुन्छ भने त्यस्तो रोगलाई "मूत्रातीत" भनिन्छ ।

(ङ) माधव निदान :

चिरं धारयतो मूत्रं त्वरया न प्रवर्तते । मेहमानस्य मन्दं वा मूत्रातीतः स उच्यते ॥

धेरैसमय पिसाब रोक्ने गर्नाले पिसाब गर्दा चाँडै पिसाब बाहिर निस्कँदैन, निस्केपनि अति बिस्तारै निस्कने गर्दछ । यसलाई "मूत्रातीत" रोग भनिन्छ ।

(च) सुश्रुत संहिता :

वेगं सन्धार्य मूत्रस्य यो भूयः स्रष्टुमिच्छति । तस्य नाभ्येति यदि वा कथञ्चित्संप्रवर्तते ॥
प्रवाहतो मन्दरुजमल्पमल्पं पुनः पुनः । मूत्रातीतं तु तं विद्यान्मूत्रवेगविघातजम् ॥

एक पटक पिसाब लाग्दा रोकेर बसी पुनः पिसाब गर्न खोज्ने मानिसलाई पिसाब बाहिर निस्कँदैन अथवा निस्किए पनि बिस्तारै बिस्तारै, अलिअलि र पटक पटक गरेर निस्कन्छ भने यस्तो पिसाबको वेगलाई रोकेर हुने रोगलाई "मुत्रातीत" भनिन्छ ।

मूत्रजठर

Distended bladder, Complete retention of urine

(क) अष्टाङ्ग हृदय :

विधारणात् प्रतिहतं वातोदावर्तितं यदा ॥ नाभेरधस्तादुदरं मूत्रमापूरयेत् तदा ।
कुर्यात्तीव्ररुगाध्मानमपक्तिमलसङ्ग्रहम् ॥ तन्मूत्रजठरं ...।

पिसाब रोकेका कारण जब रोकिएको पिसाब वायुले गर्दा उल्टा दिशातिर फर्की पेटको तल्लो भागमा रहेको पिसाबको नलीलाई भरिदिन्छ तब अति दुख्ने, पेट सुन्निने, अपच र कब्जियत हुने गर्दछ । यो रोगलाई "मूत्रजठर" भनिन्छ ।

(ख) गरुड पुराण :

विधारणात् प्रतिहते वातादावर्त्तितं यदा ॥ नाभेरधस्तादुदरं मूत्रमापूरयेत्तदा । कुर्य्याद्धि रुगाध्मानमशक्तिमलसंग्रहम् ॥ तन्मूत्रं जाठरं ...।

पिसाबलाई धेरै बेर रोकेपछि जब पिसाब फेरिन्छ त्यतिखेर पिसाबको वेग हुँदैन, रोकिई रोकिई आउँदछ, केही दु:ख पनि हुन्छ भने त्यसलाई "मूत्रातीत" भनिन्छ । वेग रोक्नाले पीडित भएको मूत्र वा वायुले पछिल्तिर फर्काइदिएको मूत्रले जब नाइटोको तल रहेको पेट भरिन्छ तब त्यसले खपिनसक्नुको पीडा दिन्छ र पेटफुल्ने रोगलाई जन्माउँदछ भने दिसा कोचिएर कतै थुप्रिन थाल्दछ । यसलाई मूत्रजठर रोग भनिन्छ ।

(ग) चरक संहिता :

विधारणात्प्रतिहतं वातोदावर्तितं यदा । पूरयत्युदरं मूत्रं तदा तदनिमित्तरुक् ॥ अपक्तिमूत्रविट्सङ्गैस्तन्मूत्रजठरं वदेत् ।

पिसाबले च्याप्दा पनि पिसाब रोकेर बसेका कारण रोकिएको र त्यहाँ रहेको वायुले मास्तिर सारेको पिसाबले जब पेट (मूत्राशय) भर्दछ तब पीडा हुन्छ । तर, पीडा के कारणले भयो भन्नेकुरा थाहा हुँदैन । यसका साथै, अपच, पिसाब रोकिने र दिसा रोकिने जस्त लक्षणहरू पनि देखिन्छन् । यो रोगलाई "मूत्रजठर" भनिन्छ ।

(घ) भावप्रकाश संहिता :

मूत्रस्य वेगेऽभिहते तदुदावर्तहेतुकः । अपानः कुपितो वायुरुदरं पूरयेद्भृशम् ॥ नाभेरधस्तादाध्मानं जनयेत्तीव्रवेदनम् । तन्मूत्रजठरं विद्यादधोवस्तिनिरोधनम् ॥ (तदुदावर्तहेतु इति-मूत्रवेगधारणजनितोदावर्तनिदानम् आध्मानं कुर्यात् । अधोवस्तिनिरोधनम्-वस्तेरधोदेशे विबन्धकारकम् ।) ।

पिसाब रोक्ने गरेका कारण दूषित हुन पुगेको अपानवायुले मास्तिर सरी पेटलाई भरिदिन्छ । यस्तो मास्तिर फर्केको बायुले गर्दा नाइटोभन्दा मुनिको भागमा अति नै पीडा हुने गरी सुजन निकाल्दछ । यसपछि मूत्राशयको तल्लो भाग रोकिन्छ । यो रोगलाई "मूत्रजठर" भनिन्छ ।

मूत्रवैरेचनीं तत्र चिकित्सां सम्प्रयोजयेत् ॥

मूत्रजठर रोगमा पिसाब बाहिर निकाल्ने खालका उपचार गर्नुपर्दछ ।

हिङ्गुद्विरुत्तरं चूर्णं त्रिमर्मीये प्रकीर्तितम् । हन्यान्मूत्रोदरानाहमाध्मानं गुदमेढ्रयोः ॥

त्रिमर्मीय चिकित्सिताध्याय (चि.अ.२६) मा बताइएको हिङ्ग्वादिरुत्तर चूर्ण नामक ओखती खानाले मूत्रोदर (मूत्रजठर), आनाह र मलद्वार र जननेन्द्रियको सुजन नाश हुन्छ ।

(ङ) माधव निदान :

मूत्रस्य वेगेऽभिहते तदुदावर्तहेतुकः । अपानः कुपितो वायुरुदरं पूरयेद्भृशम् ॥
नाभेरधस्तादाध्मानं जनयेत्तीव्रवेदनम् । तन्मूत्रजठरं विद्यादधोबस्तिनिरोधनम् ॥

पिसाब रोक्ने गर्नाले हुने उदावर्त रोगले पिसाब निकाल्ने मूत्राशयको वायुलाई उत्तेजित र विकृत पारी पेटलाई फुलाउँदछ । यसपछि नाइटोको भागमा अति दुख्ने गरी पेट फुल्न थाल्दछ । मूत्राशयको तल्लो भाग अवरुद्ध पार्ने यो रोगलाई "मूत्रजठर" भनिन्छ ।

(च) सुश्रुत संहिता :

मूत्रस्य विहते वेगे तदुदावर्तहेतुना । अपानः कुपितो वायुरुदरं पूरयेद् भृशम् ॥
नाभेरधस्तादाध्मानं जनयेत्तीव्रवेदनम् । तं मूत्रजठरं विद्यादधःस्रोतोनिरोधनम् ॥

उदावर्त रोगले गर्दा पिसाबको वेग रोकिई दूषित हुन पुगेको अपान वायु पटमा धेरै भरिन पुग्दछ । यसले गर्दा नाइटो मुनि अति दुख्ने गरी आध्मान रोग हुन्छ । यो रोगलाई "मूत्रजठर" भनिन्छ । यो रोग लाग्दा दिसापिसाब बहने बाटो बन्द हुने गर्दछ ।

मूत्रोत्सङ्ग

Strictur of urethra

(क) अष्टाङ्ग हृदय :

...छिद्रवैगुण्येनानिलेन वा । आक्षिप्तल्पं मूत्रं तु वस्तौ नालेऽथवा मणौ ॥
स्थित्वा स्रवेच्छनैः पश्चात्सरुजं वाऽथवारुजम् । मूत्रोत्सङ्गः स विच्छिन्नतच्छेषगुरुशेफसः ॥

पिसाबको बाटोका प्वाल हावा आदिले विकृत भई अलिकति पिसाब मूत्राशयमा अथवा पिसाब नलीमा अथवा जननेन्द्रियको मुखमा आएर रोकिन्छ र केही समयपछि दुखाउँदै वा नदुखी बिस्तारै बिस्तारै बाहिर निस्कन्छ तथा पिसाब पूरा ननिस्खेका कारण जननेन्द्रिय भारी भइरहन्छ भने त्यस्तो रोगलाई "मूत्रोत्सङ्ग" भनिन्छ ।

(ख) गरुड पुराण :

...छिद्रं वैगुण्येनानिलेन वा । आक्षिप्तमल्पमूत्रस्य वस्तौ नाभौ च वा मले ॥

स्थित्वा स्रवेच्छनैः पश्चात् सरुजं वाथवारुजम् । मूत्रोत्सर्गमविच्छिन्नं तच्छेषं गुरुशोषवत्॥

मूत्रको दोषले अथवा वातविकारले दूषित केही मूत्र तल्लो पेट, नाभि र दिसामा मिसिन पुग्दछ । अनि केही दुखाउँदै वा नदुखाई बिस्तारै अलि अलि गरेर निस्कन थाल्दछ । यसैलाई "मूत्रोत्सर्ग (मूत्रोत्सङ्ग)" भनिन्छ ।

(ग) चरक संहिता :

खवैगुण्यानिलाक्षेपैः किञ्चिन्मूत्रं च तिष्ठति । मणिसन्धौ स्रवेत्पश्चात्तदरुग्वाऽथ वातिरुक्॥
मूत्रोत्सङ्गः स विच्छिन्नस्तच्छेषगुरुशेफसः ।

पुरुषको जननेन्द्रियको प्वालमा कुनै विकार भएर अथवा वायुले हानेर अलिकति पिसाब जननेन्द्रियको टुप्पोको जोर्नीमा रोकिन पुग्दछ । यो रोकिएको पिसाब पछि अति दुखाउँदै वा नदुखाइकन बाहिर निस्कन्छ । यो ननिखेको पिसाबले गर्दा उसको जननेन्द्रिय भारी भएको महशूष हुन्छ । बचेको पिसाब धारा बीचमा टुटेर आउँदछ । (अर्थात् पिसाब गर्ने बेलामा पहिले धारा भएर पिसाब निस्कन्छ र पछि केही बेर रोकिएर पुनः बचेको पिसाब निस्कने गर्दछ । यसरी पिसाबको धारा बीचमा टुट्ने गर्दछ । यो रोगलाई "मूत्रोत्सङ्ग" भनिन्छ ।

(घ) भावप्रकाश संहिता :

वस्तौ वाऽप्यथवा नाले मणौ वा यस्य देहिनः । मूत्रं प्रवृत्तं सज्येत सरक्तं वा प्रवाहतः ॥
स्रवेच्छनैरल्पमल्पं सरुजं वापि नीरुजम् । विगुणानिलजो व्याधिः स मूत्रोत्सङ्गसंज्ञितः ॥
(नाले-मेढ्रे । मणौ-मेहग्रन्थौ । सज्येत-निरुद्धं स्यात् । सरक्तं प्रवाहतः कण्ठहृद्बलेन सशब्दं मूत्रपुरीषवातानामधःप्रेरणं प्रवाहणम् । तेन कुपितेन वायुना वस्त्ष्यादिभेदात् सरक्तं मुत्रं स्रवेदित्यर्थः ।) ।

जुन पुरुषको निस्कन खोजेको पिसाब मूत्राशयमा वा जननेन्द्रियको टुप्पातिरको भागमा रोकिएर बस्दछ र सास फेर्न कठिन हुन्छ तब वायुले मूत्राशयलाई पीडित बनाई दुखाउँदै वा नदुखाइकन रगत मिसिएको अलिअलि पिसाब बिस्तारै हुने गर्दछ । यस्तो दूषित वायुले हुने रोगलाई "मूत्रोत्सङ्ग" भनिन्छ ।

(ङ) माधव निदान, सुश्रुत संहिता :

बस्तौ वाऽप्यथवा नाले मणौ वा यस्य देहिनः । मूत्रं पवृत्तं सज्जेत सरक्तं वा प्रवाहतः ॥
स्रवेच्छनैरल्पमल्पं सरुजं वाऽथ नीरुजम् । विगुणानिलजो व्याधिः स मूत्रोत्सङ्गसञ्ज्ञितः ॥

पिसाब गर्दा पिसाब निस्केर पनि मूत्राशय, जननेन्द्रियको नली वा टुप्पोमा पुगेर रोकिने तथा बल गर्दा रगत निस्कने अथवा बिस्तार बिस्तार अलि अलि गरेर दुख्दै वा नदुखी निस्कने वायु विकृत भएर हुने रोगलाई "मूत्रोत्सङ्ग" भनिन्छ ।

मूत्रक्षय

Anurea or suppression of urine

(क) अष्टाङ्ग हृदय, गरुड पुराण, माधव निदान :

रूक्षस्य क्लान्तदेहस्य बस्तिस्थौ पित्तमारुतौ । मूत्रक्षयं सरुग्दाहं जनयेतां तदाह्वयम्॥

रुखो शरीर वा प्रकृति हुने र परिश्रम आदिले थकित व्यक्तिको मूत्राशयमा रहेको पित्त र वायु उत्तेजित र विकृत भई पिसाब नाश गर्ने अनि दुख्ने र पोल्ने रोगलाई "मूत्रक्षय" भनिन्छ ।

(ख) चरक संहिता :

वाताकृतिर्भवेद्धातान्मूत्रे शुष्यति सङ्क्षयः॥

वायुले गर्दा पिसाब भित्रै सुकेको अवस्थालाई वा पिसाब थोरै भएको अवस्थालाई "मूत्रसङ्क्षय" रोग भनिन्छ । यो रोगमा वातजन्य लक्षण हुन्छन् ।

(ग) भावप्रकाश संहिता :

रूक्षस्य क्लान्तदेहस्य वस्तिस्थौ पित्तमारुतौ । मूत्रक्षयं सरुग्दाहं जनयेतां तदाह्वयम्॥
(क्लान्तदेहस्य-म्लानदेहस्य । तदाह्वयम्-मूत्रक्षयसंज्ञम् ।) ।

जसको शरीर रुखो र थकित हुन्छ, त्यस्ता मानिसको मूत्राशयमा हुने पित्त र पिसाब नाश हुँदै पीडा र डाह गराउन थाल्दछ । यस्तो रोगलाई "मूत्रक्षय" भनिन्छ ।

(घ) सुश्रुत संहिता :

रूक्षस्य क्लान्तदेहस्य बस्तिस्थौ पित्तमारुतौ । सदाहवेदनं कृच्छ्रं कुर्यातां मूत्रसंक्षयम्॥

रुखो र थकित शरीर भएका मानिसको मुत्राशयमा हुने पित्त र वायुले कष्टदायक डाह र पीडा उत्पन्न गराउने रोगलाई "मुत्रसंक्षय" भनिन्छ । (यो रोगमा पिसाब नै नबन्ने वा अति कम बन्ने गर्दछ) ।

मूत्रग्रन्थि

Enlarged prostate or tumour of the bladder

(क) अष्टाङ्ग हृदय :

अन्तर्वस्तिमुखे वृत्तः स्थिरोऽल्पः सहसा भवेत् । अश्मरीतुल्यरुग् ग्रन्थिर्मूत्रग्रन्थिः स उच्यते ॥

मूत्राशयको मुखको भित्रतिर अचानक गोलो, स्थिर, सानो र पत्थरी हुँदा जसरी नै दुखाउने गाँठो उत्पन्न हुने रोगलाई "मूत्रग्रन्थि" भनिन्छ ।

(ख) गरुड पुराण :

अन्तर्वस्ति मुखे तृष्णा स्थिरोऽल्पः सहसा भवेत् । अश्मरीतुल्यरुग्ग्रन्थिर्मूत्रग्रन्थिः स उच्यते ॥

कुन गतिले मूत्र निष्काशन हुन्छ भन्ने कुरा अण्डकोषको श्रेष्ठतामा निर्भर हुन्छ । थुनिएको मूत्र एक्कासी बाहिर निस्कँदा छाती र मुख सुक्दछ । रोगीलाई अति नै वा थोरै तिर्खा लाग्दछ । मूत्र रोकिएका कारणले वस्तिको भित्रीभागमा पत्थरी जस्तै गाँठो हुने गर्दछ जसलाई "मूत्रग्रन्थि" भनिन्छ ।

(ग) चरक संहिता :

रक्तं वातकफाद्दुष्टं वस्तिद्वारे सुदारुणम् ।
ग्रन्थिं कुर्यात्स कृच्छ्रेण सृजेन्मूत्रं तदावृतम् ॥

अश्मरीसमशूलं तं मूत्रग्रन्थिं प्रचक्षते ।

वायु र कफले दूषित हुन पुगेको रगतले मूत्राशयको मुखमा दुख्ने खालको गाँठो निकाल्दछ । यो गाँठोले बाटो छेकिँदा रोगी अति कष्टसँग पिसाब गर्दछ । पत्थरीमा जस्तै शूल हुन्छ । यो रोगलाई "मूत्रग्रन्थि" भनिन्छ ।

(घ) भावप्रकाश संहिता :

अन्तर्वस्तिमुखे वृत्तः स्थिरोऽल्प सहसा भवेत् । अश्मरी तुल्यरुग्ग्रन्थिर्मूत्रग्रन्थिः स उच्यते ॥
(अन्तर्वस्तिमुखे-वस्त्यभ्यन्तरे । अल्पः-क्षुद्रामलकप्रमाणः ।) ।

मूत्राशय भित्र एक्कासी गोलो आकारको, स्थिर, सानो अमलाका आकारको र पत्थरीजस्तो गाँठो उत्पन्न हुन्छ भने त्यस्तो रोगलाई "मूत्रग्रन्थि" भनिन्छ ।

ननु अस्य अश्मर्या सह को भेदः ?

यस्तो मूत्रग्रन्थि र पत्थरीमा के फरक छ त ?

उच्यते-अश्मरी क्रमशः सञ्चयेन स्यात् । अयं तु सहसा भवेत् इति भेदः । अपरो भेदः-अश्मर्यां पित्ताधिक्यं मन्यते, अत्र तु रक्तमेव । यत उक्तं तन्त्रान्तरे-
रक्तं वातकफाद्दुष्टं वस्तिद्वारे सुदारुणम् । ग्रन्थिं कुर्यात्स कृच्छ्रेण सृजेन्मूत्रं तदावृतम् ॥

पिसाब आदि जम्मा हुँदै गएर पत्थरी हुन्छ तर मूत्रग्रन्थि एक्कासी उत्पन्न हुन्छ । यी दुईको फरक यही हो । अर्को फरक भनेको पत्थरीमा पित्तको मात्रा बढी हुन्छ तर मूत्रग्रन्थिमा रगतको मात्रा बढी हुन्छ । अन्य ग्रन्थमा भनिएको छ कि-वायु र कफले दूषित भएको रगत मूत्राशयमा पुगेर अति दुखाउने गाँठो निकाल्दछ, यसले गर्दा पिसाब गर्दा अति नै दुख्दछ र पिसाबमा रगत मिसिएर आउँदछ ।

(ङ) माधव निदान :

अन्तर्बस्तिमुखे वृत्तः स्थिरोऽल्पः सहसा भवेत् । अश्मरीतुल्यरुग्ग्रन्थिर्मूत्रगन्थिः स उच्यते ॥

मूत्राशयको मुख भित्र अचानक पत्थरी भएजसरी दुखेर पीडा दिने गोलो, स्थिर र सानो गाँठो उत्पन्न हुने (जसले पिसाब गर्न अवरोध पनि गर्न सक्दछ) रोगलाई "मूत्रग्रन्थि" भनिन्छ ।

(च) सुश्रुत संहिता :

अभ्यन्तरे बस्तिमुखे वृत्तोऽल्पः स्थिर एव च ।

वेदनावानति सदा मूत्रमार्गनिरोधनः ॥
जायते सहसा यस्य ग्रन्थिरश्मरिलक्षणः । स मुत्रग्रन्थिरित्येवमुच्यते वेदनादिभिः ॥

जसलाई मूत्राशयको मुखको भित्रतिर गोलो, सानो, स्थिर, दुखिरहने, पिसाबको बाटो बन्द गर्ने, दुखाई आदि पत्थरीको जस्तो लक्षण भएको गाँठो अचानक उत्पन्न हुने गर्दछ भने त्यसलाई "मुत्रग्रन्थि" भनिन्छ ।

मूत्रशुक्र

(क) अष्टाङ्ग हृदय, माधव निदान :

मूत्रितस्य स्त्रियं यातो वायुना शुक्रमुद्धतम् । स्थानाच्च्युतं मूत्रयतः प्राक् पश्चाद्वा प्रवर्तते ॥
भस्मोदकपतीकाशं मूत्रशुक्रं तदुच्यते ।

पिसाबले च्याप्दाच्याप्दै मैथुन गर्नाले पुरुषेको शरीर भित्र रहेको वायु उत्तेजित र विकृत हुन्छ । यसपछि रोकिएको तर आफ्नो स्थानबाट सरेको रशुक्र पिसाब फेर्नुअघि अथवा पछि बाहरि निस्कने गर्दछ । यसले गर्दा पिसाब खरानी-पानी जस्तो हुन्छ । यो रोगलाई "मूत्रशुक्र" भनिन्छ ।

(ख) गरुड पुराण :

मूत्रितस्य स्त्रियं यातो वायुना शुक्रमुद्धृतम् । स्थानात् च्युतं मूत्रयतः प्राक् पश्चाद्वा प्रवर्त्तते ॥
भस्मोदकप्रतीकाशं मूत्रशुक्रं तदुच्यते ।

मूत्ररोगीको जब स्त्रीसँग सहवास हुन्छ तब वायु मार्फत नै स्त्रीको गर्भमा शुक्र पुग्ने गर्दछ । तर ठाउँबाट निस्किसकेको शुक्र पिसाब चुहिनुभन्दा अघि वा पछि मात्र ध्वजबाट बाहिर आउने गर्दछ । यसको रूप पानी मिसिएको खरानी जस्तो हुन्छ । यसलाई "मूत्रशुक्र" भन्ने गरिन्छ ।

(ग) चरक संहिता :

मूत्रितस्य व्यवायात्तु रेतो वातोद्धतं च्युतम् । पूर्वं मूत्रस्य पश्चाद्वा स्रवेत्तत्कृच्छ्रमुच्यते ॥

पिसाबले च्यापिरहेका बेलामा जुन् पुरुष मैथुनमा सहभागी हुने गर्दछ उसको वायुले धकेलेर आफ्नो ठाउँबाट पतन भएको वीर्य पिसाबभन्दा पहिले वा पछि बाहिर निस्कने गर्दछ । यो रोगलाई "कृच्छ्र" भनिन्छ ।

(घ) भावप्रकाश संहिता :

मूत्रितस्य स्त्रियं यातो वायुना शुक्रमुद्धतम् । स्थानाच्च्युतं मूत्रयतः प्राक् पश्चाद्वा प्रवर्त्तते ॥
भस्मोदकप्रतीकाशं मूत्रशुक्रं तदुच्यते॥

(मूत्रितस्य-मूत्रवेगयुक्तस्य । शुक्रं स्थानाच्च्युतं पश्चाद्वायुना उद्धतम्-ऊर्ध्वं नीतम् । भस्मोदकप्रतीकाशं- भस्मसहितजलसदृशम् मूत्रशुक्रं तदुच्यते ।) ।

पिसाबले च्यापिरहेको अवस्थामा पिसाब नगरी जुन पुरुष मैथुनमा सहभागी हुन्छ उसको वीर्यथैलीबाट बाहिर निस्केको तर बाहिर ननिस्की माथितिर सरेको वीर्य पिसाबभन्दा पहिले वा पछि खरानी मिसिएको पानी जस्तै भएर बाहिर निस्कने गर्दछ । यस्तो रोगलाई "मूत्रशुक्र" भनिन्छ ।

(ङ) सुश्रुत संहिता :

प्रत्युपस्थितमूत्रस्तु मैथुनं योऽभिनन्दति । तस्य मूत्रयुतं रेतः सहसा संप्रवर्तते ॥
पुरस्ताद्वाऽपि मूत्रस्य पश्चाद्वाऽपि कदाचन । भस्मोदकप्रतीकाशं मूत्रशुक्रं तदुच्यते ॥

पिसाबले च्यापिरहेका बेलामा जुन पुरुष मैथुनमा सहभागी हुन्छ , उसको वीर्यसँगै अचानक पिसाब बहने गर्दछ । यस्तो वीर्य कहिले पिसाबभन्दा पहिले त कहिले पिसाबभन्दा पछि निस्कने गर्दछ । यस्तो अवस्थामा पिसाबको रङ खरानी मिसिएको पानी जस्तो हुन्छ । यो रोगलाई "मूत्रशुक्र" भनिन्छ ।

उष्णवात (पिसाबसम्बन्धी रोगविशेष)

(Gonorrhoea, Cystitis or urethritis of gonorrhoeal or other origion**)**

प्राचीन ग्रन्थका वचनहरू :

(क) अष्टाङ्ग सङ्ग्रह :

अत्यध्वाऽऽतपोष्णभोजनादिभिः पित्तं प्रवृद्धमनिलेरितं बस्तिमेढ्रं गुददाहं कुर्वद्धरितहारिद्रक्त-सरक्त वा मूत्रं कृच्छ्रात्प्रवर्तयेत्स तूष्णवातः ॥

अति हिँडडुल गर्नाले, घाम ताप्नाले, तातो खानाले जस्ता कारणले बढेको शरीर भित्रको पित्त वायुको प्रेरणाले मूत्राशय, पुरुषको जननेन्द्रिय र मलद्वारमा डाह गराउँदै कठिनतापूर्वक हरियो, पहेँलो-रातो वा रगत मिसिएको पिसाब निकाल्न थाल्दछ । यसलाई "उष्णवात" भनिन्छ ।

(ख) अष्टाङ्ग हृदय :

पित्तं व्यायामतीक्ष्णोष्णभोजनाध्वातपादिभिः । प्रवृद्धं वायुना क्षिप्तं वस्त्युपस्थार्तिदाहवत् ॥
मूत्रं प्रवर्तयेत्पीतं सरक्तं रक्तमेव वा । उष्णं पुनः पुनः कृच्छ्रादुष्णवातं वदन्ति तम् ॥

व्यायाम, तिक्खर र तातो खाना, पैदल यात्रा, घामको सेवन आदिका कारणले बढेको पित्त वायु (व्यानवायु) मार्फत् रगतसँग मिसिएर शरीरभरी फैलिई मूत्रवाहिनी स्रोतहरूमा पुगी यस्तो पिसाब बाहिर निकाल्दछ जुन पिसाब गर्दा मूत्राशय र मूत्रमार्गमा पीडा र डाह हुन्छ । यसमा पहेँलो, रगत मिसिएको अथवा शुद्ध रगत मात्र पिसाब हुन थाल्दछ । पिसाब पोल्ने (तातो) हुन्छ र पटकपटक गरेर कष्टतापूर्ण तरिकाले फेर्नुपर्ने हुन्छ । यो रोगलाई "उष्णवात" भनिन्छ ।

(ग) गरुड पुराण :

पित्तव्यायामतीक्ष्णाम्लभोजनाध्मानकादिभिः । प्रवृद्धवायुना मूत्रे वस्तिस्थे चैव दाहकृत् ॥
मूत्रं वर्त्तयते पूर्वं सरक्तं रक्तमेव वा । उष्णं पुनः पुनः कृच्छ्रादुष्णवातं वदन्ति तम् ॥

पित्त, व्यायाम, तिक्खर वा अमिला खानपिन, आध्मान वा कुनै अन्य विकारले गर्दा शरीर भित्र बढेको पित्त र वायुको विकारले तल्लो पेट वा मूत्राशयमा जलन हुन थाल्दछ । यसले गर्दा रगत मिसिएको पिसाब हुन थाल्दछ अथवा तातो रगत मात्र पिसाबका रूपमा दुख्दै पटकपटक बाहिर आउन थाल्दछ । यस्तो कष्टकारक रोगलाई "उष्णवात" नाम दिइएको छ ।

(घ) चरक संहिता :

उष्मणा सोष्मको मूत्रं शोषयन् रक्तपीतकम् । उष्णवातः सृजेत्कृच्छ्राद्वस्त्युपस्थार्तिदाहवान् ॥

पित्त सहितको वायुले पित्तको तातोपनले पिसाबलाई सुकाउँदछ अर्थात् पिसाबमा हुने जलीय अंशलाई कम पार्दछ । यसपछि मुत्राशय र जननेन्द्रियमा पीडा र डाह हुन्छ । रोगीले रातो-पहेँलो रङको सुकेको पिसाब अति कष्टपूर्ण तरिकाले बाहिर निकाल्ने गर्दछ । यस्तो रोगलाई "उष्णवात" भनिन्छ ।

(ग) भावप्रकाश संहिता, माधवनिदान, सुश्रुत संहिता :

व्यायामाध्वातपैः पित्तं बस्तिं प्राप्यानिलान्वितम्॥
बस्तिं मेढ्रं गुदं चैव प्रदहेत् स्रावयेदधः । मूत्रं हारिद्रमथवा सरक्तं रक्तमेव वा॥
कृच्छ्रात् पुनः पुनर्जन्तोरुष्णवातं ब्रुवन्ति तम् । (कृच्छ्रात् प्रवर्तते जन्तोरुष्णवातं वदन्ति तम्)

धेरै कसरत, पैदल यात्रा तथा घामको तपाइले विकृत वा उत्तेजित भएको वायु पित्तसँग मिलेर मूत्राशय, अण्डकोश र मलद्वारमा गई जम्मा भई त्यहाँ डाह गराउन थाल्दछ । यसपछि पहेँलो वा रगत मिसिएको वा रगत मात्र पिसाबकारूपमा बहन थाल्दछ । बल गरेर पटकपटक पिसाब फेर्नुपर्ने हुन्छ । यसलाई "उष्णवात" भनिन्छ ।

मूत्रसाद
Scanty urination

(क) अष्टाङ्ग हृदय :

पित्तं कफो द्वावपि वा संहन्येतेऽनिलेन चेत् । कृच्छ्रान् मूत्रं तदा पीतं रक्तं श्वेतं घनं सृजेत्॥
सदाहं रोचनाशङ्खचूर्णवर्णं भवेच्च तत् ।
शुष्कं समस्तवर्णं वा मूत्रसादं वदन्ति तम्॥

यदि मूत्राशयमा पित्त वा कफ अथवा यी दुवै वायुसँग मिल्दछ भने दुखाउँदै पहेँलो, रातो, सेतो वा बाक्लो पिसाब पोल्दै बाहिर निस्कने गर्दछ । यस्तो पिसाब सुकेपछि गोरोचन जस्तै पहेँलो वा शङ्खको धूलो जस्तो सेतो अथवा दुवै रङ मिसिएको रङको हुने गर्दछ । यो रोगलाई "मूत्रसाद" भनिन्छ ।

(ख) गरुड पुराण :

पित्तं कफो द्वावपि वा हन्येते चानिलेन चेत् । कृच्छ्रान्मूत्रं तदा पीतं रक्तं श्वेतं घनं सृजेत्॥
सदाहं रोचनाशङ्खचूर्णवर्णं भवेच्च तत् । शुष्कं समस्तवर्णं वा मूत्रसादं वदन्ति तम्॥

दूषित भएको वायुले पित्त र कफ दुवैलाई दूषित बनाएमा मानिसलाई धेरै डाह र कष्टपूर्ण तरिकाले पिसाब हुन थाल्दछ । यसरी आउने पिसाबको रङ पहेंलो, रातो र सेतो हुने गर्दछ तथा यो बाक्लो समेत हुने गर्दछ । मूत्राशय दुख्ने र पोल्ने गर्दछ । जेजति मूत्र निस्कन्छ त्यसको रङ्ग सुकेको गोरोचन वा शङ्खको धुलो जस्तो हुने गर्दछ । यस्तो रोगलाई "मूत्रसाद" भनिन्छ ।

(ग) चरक संहिता :

पित्तं कफो द्वयं वापि वस्तौ संहन्यते यदा । मारुतेन तदा मूत्रं रक्तं पीतं घनं सृजेत्॥
सदाहं श्वेतसान्द्रं वा सर्वैर्वा लक्षणैर्युतम् । मूत्रौकसादं तं विद्यात्पित्तश्लेष्महरैर्जयेत्॥

जब वायुले मूत्राशयमा गएर पित्त र कफलाई प्रहार गर्दछ तब रोगीलाई डाह गर्दै रातो-पहेँलो, बाक्लो, सेतो र लेस्याइलो पिसाब हुने गर्दछ । अथवा यी सबै लक्षणहरू हुन सक्दछ । यो रोगलाई "मूत्रैकसाद (मूत्रसाद)" भनी जान्नू । यो रोगलाई पित्त-कफ नाशक उपचार गरी जित्न सकिन्छ ।

(घ) भावप्रकाश संहिता :

पित्तं कफो द्वावपि वा संहन्यतेऽनिलेन चेत् । कृच्छ्रान्मूत्रं तदा पीतं रक्तं श्वेतं घनं स्रवेत्॥
सदाहं रोचनाशङ्खचूर्णवर्णं भवेच्च तत् । शुष्कं समस्तवर्णं वा मूत्रसादं वदन्ति तम्॥
(संहन्येते-घनीक्रियेते । शुष्कम्-अल्पम् । समस्तवर्णम्-उक्तसकलवर्णयुक्तम् ।) ।

पित्त वा कफ वा पित्तकफ दुवै वायुले गर्दा बाक्लो हुन पुगी पटकपटक पहेँलो, रातो वा सेतो शङ्खको धूलोजस्तो वा सबै रङ मिसिएको बाक्लो, डाह सहित र अलिअलि गरेर पिसाब हुने रोगलाई "मूत्रसाद" भनिन्छ ।

(ङ) माधव निदान :

पित्तं कफो द्वावपि वा संहन्येतेऽनिलेन चेत् ॥ कृच्छ्रान्मूत्रं तदा पीतं श्वेतं रक्तं घनं सृजेत् ।
सदाहं रोचनाशङ्खचूर्णवर्णं भवेत्तु तत्॥ शुष्कं समस्तवर्णं वा मूत्रसादं वदन्ति तम् ।

पित्त र कफ बेग्लाबेग्लै वा मिसिएर विकृत वायुले बाक्लो भई रोगीले कठिनतासँग पहेँलो-रातो वा सेतो, बाक्लो, डाह गराउँदै, गोरोचन वा शङ्खको रङको, कम पानी मिसिएको र सबै दोषका वर्णको पिसाब गर्दछ भने त्यो रोगलाई "मूत्रसाद" भनिन्छ ।

(च) सुश्रुत संहिता :

विशदं पीतकं मूत्रं सदाहं बहलं तथा । शुष्कं भवति यच्चापि रोचनाचूर्णसन्निभम्॥
मूत्रौकसादं तं विद्याद्रोगं पित्तकृतं बुधः । पिच्छिलं संहतं श्वेतं तथा कृच्छ्रप्रवर्तनम्॥
शुष्कं भवति यच्चापि शङ्खचूर्णप्रपाण्डुरम् ।
मूत्रौकसादं तं विद्यादामयं द्वादशं कफात्॥

जब पिसाब सफा, पहेँला, डाह सहित र बाक्लो हुने गर्दछ तब यसको रङ सुकेपछि गोरोचनको धूलो जस्तो देखिने गर्दछ । यो पित्तजन्य रोगलाई (पहिलो थरी) विद्वानहरू "मुत्रौकसाद" भन्दछन् । जब लेस्याइलो, बाक्लो, सेतो र दुख्दै पिसाब हुन्छ र त्यो पिसाब सुकेपछि शङ्खको धूलोजस्तो सेतो देखिन्छ

भने त्यसलाई (दोश्रोथरी) कफजन्य "मुत्रौकसाद" भन्दछन् । यसरी बाह्र प्रकारका मुत्राघातका बारेमा बताइयो ।

विड्विघात

Retro-vesical fistula

(क) अष्टाङ्ग हृदय :

रूक्षदुर्बलयोर्वातादुदावर्तं शकृद्यदा ॥
मूत्रस्रोतोऽनुपर्येति संसृष्टं शकृता तदा ।
मूत्रं विट्तुल्यगन्धं स्याद् विड्विघातं तमादिशत् ॥

रुखो एवं कमजोर शरीर हुने मानिसको दिसा जब माथितिर फर्किन्छ तब उसलाई पुरीषोदावर्त्त नामक रोग हुन पुग्दछ । यसपछि दिसाको रस मिसिएको पिसाब, पिसाब बहने स्थानतिर आउँदछ । यस्तो अवस्थामा पिसाब दिसा गनाएजसरी गनाउँदछ । यस्तो रोगलाई "विड्विघात" भनिन्छ ।

(ख) गरुड पुराण :

रूक्षदुर्बलयोर्वातिनोदावर्त्तं शकृद्यदा ॥३३॥
मूत्रस्रोतोऽनुपद्येत संसृष्टं शकृता तदा ।
मूत्रविन्दुस्तुल्यगन्धो स्याद्विघातं तदादिशेत् ॥३४॥

रुखोपन र कमजोरीले गर्दा वातविकारले माथितिर सरेर दोष उत्पन्न हुने गर्दछ । अर्थात् शरीर भित्र रहेको अपानवायु व्यानवायुले घेरिन पुग्दछ अथवा दिसा रोकिन पुग्दछ । यसबेला दिसा र पिसाब श्रोतमै मिसिन पुग्दछ । यसपछि पिसाब थोपा थोपा मात्र हुन्छ र यो गनाउँदछ पनि । यस्तो रोगलाई "विड्विघात" भनेर मान्ने गरिन्छ ।

(ग) चरक संहिता :

रूक्षदुर्बलयोर्वातिनोदावृत्तं शकृद्यदा ॥४७॥
मूत्रस्रोतः प्रपद्येत विट्संसृष्टं तदा नरः ।
विड्गन्धं मूत्रयेत्कृच्छ्राद्विड्विघातं विनिर्दिशेत् ॥४८॥

रुखो शरीर र कमजोर पुरुषको वायुले गर्दा जब दिसा मास्तिर सरी पिसाबको स्रोतमा पुग्दछ तब उ कष्टसँग पिसाबसँगै दिसा मिसिएका कारण दिसाजस्तो गनाउने पिसाब गर्न थाल्दछ । यस्तो रोगलाई "विड्विघात" भनिन्छ ।

(घ) भावप्रकाश संहिता :

रूक्षदुर्बलयोर्वातेनोदावर्त्तं शकृद्यदा ।
मूत्रस्रोतोऽनुपद्येत विट्संसृष्टं तदा नरः ॥
विड्गन्धं मूत्रयेत्कृच्छ्राद्विड्विघातं विनिर्दिशेत् ॥१९॥
(उदावर्तम्-ऊर्ध्वंनीतम् । विड्गन्धं वाशब्दोऽत्र योजनीयः ।) ।

रुखो शरीर वा कमजोर भएका मानिसको वायुले गर्दा माथितिर सरेको दिसा जब पिसाबको स्रोतमा पुग्दछ तब दिसा मिसिएको वा दिसा जस्तो गनाउने पिसाब पटकपटक गर्न थाल्दछ । यस्तो रोगलाई "विड्विघात" भनिन्छ ।

(ङ) माधव निदान :

रूक्षदुर्बलयोर्वातेनोदावृत्तं शकृद्यदा ॥१९॥
मूत्रस्रोतोऽनुपद्येत विट्संसृष्टं तदा नरः ।
विड्गन्धं मूत्रयेत् कृच्छ्राद्विड्विघातं विनिर्दिशेत् ॥२०॥

रुखो शरीर अथवा कमजोर मानिसको पिसाब जब वायुले उल्टो तिर सरी पिसाब निस्कने काटोमा पुग्दछ तब रोगी दिसायुक्त वा दिसा जस्तो गनाउने पिसाब गर्न थाल्दछ । यो रोगलाई "विड्विघात" भनिन्छ ।

बस्तिकुण्डल १४
Atonic condition of the bladder

(क) चरक संहिता, भावप्रकाश संहिता :

द्रुताध्वलङ्घनायासैरभिघातात्प्रपीडनात् । स्वस्थानाद्बस्तिरुद्वृत्तः स्थूलस्तिष्ठति गर्भवत् ॥
शूलस्पन्दनदाहार्त्तो विन्दुं बिन्दुं स्रवत्यपि । पीडितस्तु सृजेद्धारां संस्तम्भोद्वेष्टनार्त्तिमान् ॥
वस्तिकुण्डलमाहुस्तं घोरं शस्त्रविषोपमम् । पवनप्रबलं प्रायो दुर्निवारमबुद्धिभिः ॥
तस्मिन् पित्तान्विते दाहः शूलं मूत्रविवर्णता । श्लेष्मणा गौरवं शोथः स्निग्धं मूत्रं घनं सितम् ॥
(द्रुताध्वलङ्घनम्-शीघ्रं मार्गचलनम् । उद्वृत्तः-उत्थितः । स्पन्दनम्- किञ्चित् चलनम् । घोरम्-मारकम् । शस्त्रविषोपमम्-शस्त्रं खड्गादि तद्वच्छीघ्रमारकम्, विषमत्र गरस्तद्वद्विलम्ब्य मारकम् । एतावत मारकमवश्यं शीघ्रं बिलम्बेन वा ।) ।

वेगले धेरै हिँड्ने गर्नाले, धेरै परिश्रम गर्नाले, चोटपटकले वा थिच्नाले (थिचिनाले) मूत्राशय आफ्नो स्थानबाट उठी गर्भजस्तै मोटो र शूलयुक्त हुन पुग्दछ । यो थोरै काम्ने गर्दछ र दुख्दछ । थोपा थोपा गरेर पिसाब हुन्छ । थिच्दा पिसाबको धारा निस्कने गर्दछ । तर, धारा निस्कँदा लाटो जस्तो हुन्छ र दुख्दछ । यस्तो रोगलाई "वातकुण्डलिका" भनिन्छ । यो डरलाग्दो रोग हो । तरबार आदि हतियारले

काटेजसरी यो रोगले तत्काल ज्यान लिन्छ । अथवा विषले जसरी बिस्तारै ज्यान लिन्छ । वायुको प्रभाव बढी छ र मूर्ख स्वभाव छ भने यो रोगको उपचार सम्भव हुँदैन । यदि पित्तको प्रभाव बढी छ भने मानिसलाई डाह, शूल र फरक रङको पिसाब हुने गर्दछ । कफको प्रभाव बढी छ भने भारीपन र सुजनहुन्छ तथा पिसाब चिल्लो, बाक्लो र सेतो हुने गर्दछ । यो रोगले मानिसलाई थोरै समयमै वा लामो समयमा ज्यान लिने गर्दछ ।

असाध्य वस्तिकुण्डलको लक्षण

श्लेष्मरुद्धबिलो वस्तिः पित्तोदीर्णो न सिद्ध्यति । अविभ्रान्तबिलः साध्यो न च यः कुण्डलीकृतः ॥ स्याद्वस्तौ कुण्डलीभूते तृण्मोहः श्वास एव च ॥
(बिलम्-वस्तिमुखरन्ध्रम् । पित्तोदीर्णः-पित्तेन उद्धृतः । अविभ्रान्तबिलः-कफेन अनावृतबिलः । पश्चात् कुण्डलीकृतः सः साध्यः । एतेन कुण्डलीभूतोऽसाध्यः । कुण्डलीभूतस्य लक्षणमाह-तृडित्यादि । कुण्डलीभूतस्य अयमर्थः-कफेन बिलावरोधात्तत्रवातः कुण्डलाकारेण तिष्ठति इत्यर्थः ।) ।

यदि वस्तिकुण्डल रोग हुँदा मूत्राशय पित्तभन्दा अग्लो भएको छ र मूत्राशयको मुख कफले बन्द भएको छ भने त्यस्तो वस्तिकुण्डलको उपचार सम्भव हुँदैन । जुन मूत्राशयको मुख कफले बन्द भएको छैन, कुण्डलाकार भएको छैन, त्यस्तो वस्तिकुण्डल रोगको उपचार सम्भव हुन्छ । जुन मूत्राशयको वायु कुण्डलाकार भएको हुन्छ, जसलाई तिर्खा, मोह र दम समेत भएको हुन्छ त्यस्तो अवस्थामा मुत्राशय कुण्डलाकार भएको भनी थाहा पाउनू ।

(ख) माधव निदान :

द्रुताध्वलङ्घनायासैरभिघातात् प्रपीडनात् । स्वस्थानाद्बस्तिरुद्धृत्तः स्थूलस्तिष्ठति गर्भवत् ॥
शूलस्पन्दनदाहार्तो बिन्दुं बिन्दुं स्रवत्यपि । पीडितस्तु सृजेद्धारां संस्तम्भोद्वेष्टनार्तिमान् ॥
बस्तिकुण्डलमाहुस्तं घोरं शस्त्रविषोपमम् । पवनप्रबलं प्रायो दुर्निवारमबुद्धिभिः ॥

छिटो छिटो हिँडने गर्नाले, कुद्नाले, धेरै परिश्रम गर्नाले, चोटपटक लाग्नाले अथवा कुनै दवाब पर्नाले मूत्राशय आफ्नो स्थानमा पल्टिन पुगी माथितिर उठेर गर्भजस्तै मोटो भएको भान दिन्छ भने त्यसबेला मुत्राशयमा शूल, कम्पन र डाह हुन्छ । पिसाब थोपा थोपा गरेर निस्कन्छ । मूत्राशय थिच्दा पिसाको धारा निस्कन्छ । शरीर अँठिएको जस्तो हुन्छ र दुख्दछ । यो रोगलाई "बस्तिकुण्डल" भनिन्छ । यो रोग हतियार वा विष वा विष दलिएको हतियार जस्तै अति नै डरलाग्दो हुन्छ । योरोगमा वायु बलियो हुन्छ र सामान्य खालको चिकित्सकले यसको उपचार गर्न सक्दैन ।

तस्मिन् पित्तान्विते दाहः शूलं मूत्रविवर्णता ॥ श्लेष्मणा गौरवं शोथः स्निग्धं मूत्रं घनं सितम् ।

बस्तिकुण्डल रोगमा पित्त मिसिएको छ भने डाह, शूल र पिसाब रङ वर्णहीन वा बिग्रने गर्दछ । यदि कफ मिसिएको छ भने शरीर भारी हुन्छ, सुन्निन्छ र पिसाब चिल्लो, गाढा र सेतो हुन्छ ।

बस्तिकुण्डलस्य साध्यासाध्यविचारः

श्लेष्मरुद्धबिलो बस्तिः पित्तोदीर्णो न सिध्यति । अविभ्रान्तबिलः साध्यो, न तु यः कुण्डलीकृतः ॥

पित्त बलियो भई कफले पिसाबको बाटो छेकेको अवस्थामा बस्तिकुण्डल रोग निको हुँदैन । तर पिसाब मात्र बन्द नहुँदा वा थिचिएर वा खुम्चिएर मात्र पिसाब बन्द हुँदा यो रोग ठिक हुन्छ ।

कुण्डलीभूतबस्तेर्लक्षणम्

स्याद्बस्तौ कुण्डलीभूते तृण्मोहः श्वास एव च॥

मूत्राशयमा गाँठो (कुण्डली, थिचिनु वा खुम्चनु) हुँदा तिर्खा लाग्ने, बेहोसी र स्वाँ स्वाँ हुने जस्ता लक्षणहरू देखिन्छ ।

उपचार

कफजन्य मूत्राघातको उपचार

(क) **अष्टाङ्ग सङ्ग्रह :**

कफजे यथास्वं स्वेदो वमनं कटुतीक्ष्णोष्णक्षारमन्नपानं यवान्नं तक्रं च । पिबेच्च मद्येन सूक्ष्मैलामामलकरसेन वा मधुयुतां वा कदलीरसेन कैडर्यकरसेन वा । शितिवारकबीजं वा तक्रेण । प्रवालचूर्णं वा तण्डुलाम्बुना । धवकुटजकरञ्जामृताकेबुकैलारग्वधसप्तच्छदक्वाथं वा शीतं सक्षौद्रम् । तत्सिद्धां वा यवागूम् । कण्टकारिकास्वरसं वा समाक्षिकम् । व्योषैलागोक्षुरकसारसास्थीनि वा मधुमूत्रयुक्तानि । पाटलीक्षारं वा बहुकृत्वः परिस्रुतं तैलयुक्तम् । तिलपाटलीपारिभद्रयावशूकक्षारोदकानुविद्धां वा त्वगेलोषकचूर्णयुक्तां प्रसन्नाम् । तिलादीनां वा पृथक् क्षारं गुडोपदंशमश्नीयात् । तीक्ष्णोष्णद्रव्यसिद्धं च तैलं पानाभ्यङ्गार्थे ॥

कफजन्य मूत्राघात रोगमा स्वेदन, बमन; पिरो, तिक्खर, उष्णवीर्यको र क्षारयुक्त खानपिन; जौ र मोही खाने गर्नू । अथवा सुकुमेलको धूलो वा लेदो सुरासँग वा अमलाको रससँग अथवा मह मिसाएर वा केराको रससँग वा काफलको रससँग खानू । अथवा मयूरशिखाको बीज मोहीसँग खानू । अथवा मुगाभस्म चौलानीसँग खानू । अथवा धयैँरो, ठूलोकुरो, करञ्ज, गुर्जो, केबुक (कटुकी ?) , सुकुमेल, राजवृक्ष र छतिवनको काँढापानी सेलाएपछि मह मिसाएर पिउने गर्नू । अथवा धयैँरो आदि माथि बताइएका ओखती हालेर यवागू पकाई खाने गर्नू । अथवा कण्टकारीको रस मह मिसाएर पिउने गर्नू । अथवा त्रिकटु, सुकुमेल, ओदानेकाँडो र सारस चराको हाडको धूलो मह र गहुँत मिसाएर पिउने गर्नू । अथवा पाडरीको क्षारलाई पानीमा सात पटक छानेर तेल मिसाएर पिउनू । अथवा तिल, पाडरी, फलेदो र जौको क्षार पानीमा घोलेर त्यसमा दालचिनी, सुकुमेल र मरिच मिसाएर प्रसन्नासँग पिउनू । अथवा यी तिल आदिको क्षारलाई बेग्लाबेग्लै सक्खर मिसाएर चाट्नू । तिक्खर र उष्णवीर्यका पदार्थ हालेर पकाइएको तेल दल्नु र पिउने गर्नू ।

(ख) अष्टाङ्ग हृदय :

कफजे वमनं स्वेदं तीक्ष्णोष्णकटुभोजनम् । यवानां विकृतीः क्षारं कालशेयं च शीलयेत्॥
पिबेन्मद्येन सूक्ष्मैलां धात्रीफलरसेन वा । सारसास्थिश्वदंष्ट्रैलाव्योषं वा मधुमूत्रवत्॥
स्वरसं कण्टकार्या वा पाययेन्माक्षिकान्वितम् । शितिवारकबीजं वा तक्रेण श्लक्ष्णचूर्णितम्॥
धवसप्ताह्वकुटजगुडूचीचतुरङ्गुलम् । कटुकैलाकरञ्जं च पाक्यं समधु साधिताम्॥
तैर्वा पेयां प्रवालं वा चूर्णितं तण्डुलाम्बुना । सतैलं पाटलाक्षारं सप्तकृत्वोऽथवा स्रुतम्॥
पाटलीयवशूकाभ्यां पारिभद्रतिलादपि । क्षारोदकेन मदिरां त्वगेलोषणसंयुताम्॥
पिबेद् गुडोपदंशान्वा लिह्यादेतान् पृथक् पृथक् ।

कफजन्य मूत्राघात रोगमा बान्ता गर्नू र स्वेदन गर्नू । तिक्खर, उष्णवीर्यका र पिरा पदार्थ मिसाएर खाना खानू । जौको काँजी, जवाखार आदि क्षार र मोही पिउने गर्नू । सुकुमेलको धूलो वा लेदो सुरा वा अमलाको रससँग पिउने गर्नू । अथवा सारस चराको हाड, ओदानेकाँडो, सुकुमेल र त्रिकटुको धूलो मह र गहुँत मिसाएर पिउने गर्नू । अथवा कण्टकारीको रस मह मिसाएर पिउने गर्नू । मयूरशिखा नामक फूलका बीज मसिनो धूलो बनाएर मोहीसँग पिउने गर्नू । अथवा धयैँरो, छतिवन, ठूलोकुरोको बोक्रा, गुर्जो, राजवृक्ष, कटुकी, सुकुमेल र करञ्जका बीज हालेर काँढापानी पकाई सेलाएपछि मह मिसाएर पिउने गर्नू । अथवा यिनै ओखती हालेर बनाइएको पेया पिउनू । अथवा मुगाभस्म चौलानीसँग पिउने गर्नू । अथवा पाडरीको क्षारलाई पानीमा सात पटक छानेर तेल मिसाएर पिउनू । अथवा पाडरीको क्षार, जवाखार, फलेदोको क्षार र तिलको क्षार पानीमा घोलेर त्यसमा मद्य, दालचिनी, सुकुमेल र मरिच मिसाएर पिउनू र सँगै सक्खर खानू । अथवा यी क्षारलाई बेग्लाबेग्लै सक्खर मिसाएर चाट्नू ।

पित्तजन्य मूत्राघातको उपचार

(क) अष्टाङ्ग सङ्ग्रह :

पित्तजे शीतसेकावगाहप्रदेहान् प्रयुञ्जीत । तृणपञ्चमूलश्वदंष्ट्राभीरुविदारीकशेरुकक्वाथं शीतं समधुशार्करं पिबेत् । तद्वच्च काण्डेक्षुरकमूलम् । कमलोत्पलविदारीशृङ्गाटकानि वा । द्राक्षारसेन वा त्रपुसकुसुम्भोर्वारुबीजवृषककुङ्कुमकल्कं सर्वमूत्राघातघ्नम् । मधुकदार्व्युर्वारुबीजानि वा तण्डुलधावनेन । समाक्षिकां वा दार्वीमामलकरसेन । मृद्वीकाकल्कं वा पर्युषिताम्भसा॥

पित्तजन्य मूत्राघात रोगमा शीतल सेचन, लेपन र अवगाहन गर्नू । तृण पञ्चमूल, ओदानेकाँडो, कुरिलो, बिराले लहराको गानु र कसेरु हाली काँढापानी पकाएर मह र मिश्री मिसाई पिउने गर्नू । अथवा तालमखानाको जराको काँढापानी पकाएर मह र मिश्री हाली पिउने गर्नू । अथवा कमल, नीलकमल, बिरालेलहराको गानु र ओदानेकाँडोको काँढापानी पकाएर मह र मिश्री हाली पिउने गर्नू । अथवा काँक्राको बियाँ, कुसुमको बीज, काँक्रोविशेषको बियाँ, असुरोको पात र केशरको लेदो दाखको रससँग खाने गर्नू, सबै खालका मूत्राघात नाश हुन्छन् । अथवा जेठीमधु, चुत्रोको बोक्रा र

काँक्रोविशेषको बियाँ पिसेर चौलानीसँग खानू । अथवा चुत्रोको बोक्राको रस अमलाको रस र महसँग खाने गर्नू । अथवा दाखको लेदो वासीपानीमा मिसाएर पिउने गर्नू ।

(ख) अष्टाङ्ग हृदय :

पैत्ते युञ्जीत शिशिरं सेकलेपावगाहनम्॥
पिबेद्वरीं गोक्षुरकं विदारीं सकसेरुकाम् । तृणाख्यं पञ्चमूलं च पाक्यं समधुशर्करम्॥
वृषकं त्रपुसैर्वारु लट्वाबीजानि कुङ्कमम् । द्राक्षाऽम्भोभिः पिबन् सर्वान् मूत्राघातानपोहति॥
एर्वारुबीजयष्ट्याह्वदार्वी वा तण्डुलाम्बुना । तोयेन कल्कं द्राक्षायाः पिबेत्पर्युषितेन वा॥

पित्तजन्य मूत्राघात रोगमा शीतल सेचन, लेपन र अवगाहन गर्नू । कुरिलो, ओदानेकाँडो, बिराले लहराको गानु, कसेरु र तृण पञ्चमूल हाली काँढापानी पकाएर मह र मिश्री मिसाई पिउने गर्नू । अथवा असुरोको पात, काँक्राका बियाँ, तितेकाँक्राका बीज, कुसुमका बीज र केशर अङ्गूरको रसमा मिसाएर पिउने गर्नू । यसले सबै खालका मूत्राघात नाश हुन्छन् । अथवा काँक्राका बियाँ, जेठीमधु र चुत्रोको बोक्रा पिसेर चौलानीसँग पिउनू । अथवा दाखको लेदो वासीपानीमा मिसाएर पिउने गर्नू ।

वातजन्य मूत्राघातको उपचार

(क) अष्टाङ्ग सङ्ग्रह :

वातान्मूत्रकृच्छ्रे वातहरतैलाभ्यक्तगात्रस्याधोनाभेः सर्वमङ्गं पिण्डेन सेकावगाहैश्च वातघ्नैः कुम्भीस्वेदेन च स्वेदयेत्॥

वातजन्य मूत्राघात रोगमा नाइटोभन्दा तलको भागमा वात नाशक ओखती हालेर पकाइएको तेल दल्नू । सबै अङ्गमा पिण्डसेक गर्नू । अवगाहन गर्नू । वातनाशक कुम्भीस्वेदले स्वेदन दिनू ।

दशमूलबलैरण्डमूलपुनर्नवाशतावरीवृश्चीवपत्तूरपाषाणभेदककोलकुलत्थयवक्वाथेन तत्कल्केन च तैलं सर्पिः सूकरर्क्षवसालवणपञ्चकोपेतं सिद्धं पानाय दद्यात् । एतान्येव चौषधान्यन्नपाने पिण्डोपनाहस्वेदयोश्च तैलफलस्नेहाम्लयुक्तानि कल्पयेत् । प्रसन्नां च सौवर्चलाढ्यां पिबेत्॥

दशमूल, बलु, अँडिरको जरा, पुनर्नवा, कुरिलो, पानीमहुवा, रातो पुनर्नवा, पाखनभेद, बयर र गहतको काँढापानी वा लेदोमा तेल, घिउ, बनेल र भालुको बोसो र पाँच थरी नुन हाली पकाई पिउनका लागि दिनू । यिनै दशमूल आदि ओखतीमा तिल, बदम आदि तेलहन पदार्थ तथा अमिलो पदार्थ एवं चिल्लो मिसाएर अन्न, पान, पिण्डस्वेद र उपनाह स्वेद दिनू । प्रसन्ना नामक मदिरामा प्रशस्त सौंचर नुन मिसाएर पिउने गर्नू ।

(ख) अष्टाङ्ग हृदय :

कृच्छ्रे वातघ्नतैलाक्तमधो नाभेः समीरजे । सुस्निग्धैः स्वेदयेदङ्गं पिण्डसेकावगाहनैः ॥

वातजन्य मूत्राघात रोगमा वातविकार नाशगर्ने बलातैल एवं नारायण तेल दलेर मालिस गर्नू । नाइटोभन्दा मुनिको भागमा चिल्लो पिण्डस्वेद दिनू, सेचन गर्नू र अवगाहन स्वेद दिनू ।

दशमूलबलैरण्डयवाऽभीरुपुनर्नवैः । कुलत्थकोलपत्तूरवृश्चीवोपलभेदकैः ॥
तैलसर्पिवराहर्क्षवसाः क्वथितकल्कितैः । सपञ्चलवणाः सिद्धाः पीताः शूलहराः परम् ॥
द्रव्याण्येतानि पानान्ने तथा पिण्डोपनाहने । सह तैलफलैर्युञ्ज्यात् साम्लानि स्नेहवन्ति च ॥

दशमूल, बलुको जरा, अँडिरको बीज, जौ, कुरिलो, पुनर्नवा, गहत, बयर, पानीमहुवा, रातो पुनर्नवा र पाखनभेदको काँढापानी र लेदोमा सिँधेनुन आदि पाँच थरी नुन मिसाएर तेल, घिउ, बनेल र भालुको बोसो हाली पकाउनू । यो चिल्लो पिउने गर्नाले मूत्राघातजन्य शूल नाश हुन्छ । यिनै दशमूल आदि ओखतीमा तिल, बदम आदि तेलहन पदार्थ तथा अमिलो पदार्थ एवं चिल्लो मिसाएर अन्न, पान, पिण्डस्वेद र उपनाह स्वेद दिनू ।

सौवर्चलाढ्यां मदिरां पिबेन्मूत्ररुजापहाम् ।

मदिरामा पर्याप्त मात्रामा सौँचर नुन मिसाएर पिउनाले पिसाबसम्बन्धी पीडा शान्त हुन्छ । (मदिरामा सोडापानी मिसाएर पिउनाले पनि यही फाइदा गर्दछ) ।

त्रिदोषजन्य मूत्राघातको उपचार

(क) अष्टाङ्ग सङ्ग्रह :

सन्निपातात्मके वातादीनां स्थानानुपूर्व्या यथासन्नं प्रतिकुर्वीत । यथोल्बणं वा । सर्वेषु समस्थितेषु वा समसितं यवक्षारं भक्षयेत् । अपि च ॥

त्रिदोषजन्य मूत्राघातमा उल्लेखित सबै खालका उपचार दोष आदिको अवस्था हेरी गर्नाले फाइदा गर्दछ । केही समय मात्र भएको पत्थरी तथा वातवस्ति आदि मूत्राघात रोगमा ती सबै उपचार (अ.हृ.नि.अ.९) गर्नाले लाभ हुन्छ । सबै दोष बराबर भए जवाखार खानू ।

(ख) अष्टाङ्ग हृदय :

सन्निपातात्मके सर्वं यथावस्थमिदं हितम् ॥ अश्मन्यथ चिरोत्थाने वातवस्त्यादिकेषु च ।

त्रिदोषजन्य मूत्राघातमा उल्लेखित सबै खालका उपचार दोष आदिको अवस्था हेरी गर्नाले फाइदा गर्दछ । केही समय मात्र भएको पत्थरी तथा वातवस्ति आदि मूत्राघात रोगमा ती सबै उपचार (नि.अ.९) गर्नाले लाभ हुन्छ ।

समष्टिगत उपचार

अमला आदिको प्रयोग

(क) सुश्रुत संहिता :

प्रपीड्यामलकानां तु रसं कुडवसंमितम् ।
पीत्वाऽगदी भवेज्जन्तुर्मूत्रदोषरुजातुरः ॥

अमला निचोरेको रस एक एक कुडव (करिब १९२ ग्राम) मह मिसाएर खाने गर्नू । यो पिउनाले पिसाबसम्बन्धी रोगले पीडित मानिस स्वस्थ हुन्छ ।

धात्रीफलरसेनैवं सूक्ष्मैलां वा पिबेन्नरः ।

अथवा अमलाको रससँग सुकुमेलका बीजको धूलो खाने गर्नू ।

आखुवर्च आदिको प्रयोग

(क) वैद्य रहस्य :

पिष्ट्वाखुवर्चः कोष्णेन काञ्जिकेन प्रलेपयत् ।
रुद्ध मूत्रं निहन्त्याशु रम्भाकन्दं तथैव च ॥

मूसाको लिँड तातो काँजीमा पिसेर लेप बनाई दल्नाले रोकिएको पिसाब खुल्दछ । केराको कन्द पिसेर दल्ने गरिए पिसाब हुन थाल्दछ ।

(ख) सुश्रुत संहिता :

निष्पीड्य वाससा सम्यग्वर्चो रासभवाजिनोः । रसस्य कुडवं तस्य पिबेन्मूत्ररुजापहम् ॥

गधा र घोडाको लिदी कपडामा राम्ररी निचोरी निस्कने रस एक कुडव (करिब १९२ ग्राम) खानू । यसले पिसाबसम्बन्धी पीडा नाश गर्दछ ।

नोट : यो जानकारीका लागि मात्र राखिएको हो, प्रयोग नगर्नू ।

एर्वारु आदिको प्रयोग

(क) चक्रदत्त, भैषज्य रत्नावली, रस रत्नाकर, वैद्य रहस्य :

कल्कमेर्वारुबीजानामक्षमात्रं ससैन्धवम् । धान्याम्लयुक्तं पीत्वैव मूत्राघाताद्विमुच्यते ॥

काँक्रोविशेषका बियाँको धूलो दुई तोला र सिँधेनुन काँजीमा मिसाएर पिउनासाथ मूत्राघात रोग नाश हुन्छ ।

ओदानेकाँडो आदिको प्रयोग

(क) चक्रदत्त, भावप्रकाश संहिता :

त्रिकण्टकैरण्डशतावरीभिः सिद्धं पयो .... ।

ओदानेकाँडो, अँडिरको जरा र कुरिलो हाली काँढापानी पकाएर पिउने गर्नाले मूत्राघात नाश हुन्छ ।

(ख) भावप्रकाश संहिता :

क्वाथं सपत्रमूलस्य गोक्षुरस्य फलस्य च ॥ पिबेन्मधुसितायुक्तं मूत्रकृच्छ्ररुजापहम् ॥

ओदानेकाँडोका पात, जरा र फल हाली काँढापानी पकाएर सेलाएपछि मह र मिश्री हालेर पिउने गर्नाले मूत्रकृच्छ्र रोग नाश हुन्छ ।

(ग) भैषज्य रत्नावली :

सपत्रफलमूलस्य क्वाथं गोक्षुरकस्य च । पिबेन्मधुसितायुक्तं मूत्राघातादि रोगनुत् ॥

पात, फल र जरा सहितको ओदानेकाँडो हालेर पकाइएको काँढापानीमा सेलाएपछि मह र मिश्री मिसाएर पिउने गर्नाले मूत्राघात, मूत्रकृच्छ्र र पत्थरी नाश हुन्छ ।

(घ) वैद्य रहस्य :

पीतो गोकण्टकक्वाथः सशिलाजतु कौशकः । मूत्रक्षयान्मूत्रशुक्रान्मूत्रोत्सङ्गाच्च मुच्यते ॥

ओदानेकाँडो, सिलाजित र कुश हाली काँढापानी पकाएर पिउने गर्नाले मूत्रक्षय, मूत्रशुक्र र मूत्रोत्सङ्ग रोगबाट मानिस मुक्त हुन्छ ।

कण्टकारी आदिको प्रयोग

(क) अष्टाङ्ग हृदय :

व्याघ्रीगोक्षुरकक्वाथे यवागूं वा सफाणिताम् ।

मूत्राघात रोगमा कण्टकारी र ओदानेकाँडोको काँढापानी हाली यवागू बनाएर त्यसमा खुँदो मिसाएर खानू ।

(ख) चक्रदत्त :

निदिग्धिकायाः स्वरसं पिबेद्वस्त्रान्तरस्रुतम् ।

अथवा कण्टकारीको रस कपडामा छानेर खाने गर्नू ।

(ग) भावप्रकाश संहिता :

निदिग्धिकायाः स्वरसं पिबेद्वा तत्परिस्रुतम् ।।

कण्टकारीको जराको रस पिउने गर्नाले मूत्राघात रोग नाश हुन्छ ।

(घ) रस रत्नाकर :

स्वरसः कण्टकार्याश्च केवलो मधुनाऽपि वा ।।

अथवा कण्टकारीको रस मात्र मह मिसाएर खाने गर्नाले पनि मूत्राघात नाश हुन्छ ।

(ङ) सुश्रुत संहिता :

निदिग्धिकायाः स्वरसं पिबेत् कुडवसंमितम् । मूत्रदोषहरं कल्यमथवा क्षौद्रसंयुतम् ।।

कण्टकारीको रस चार चार पल (करिब १९२ ग्राम) बिहान बिहान त्यत्तिकै वा मह मिसाएर (कल्य) पिउने गर्नाले पिसाबसम्बन्धी रोग नाश हुन्छ ।

कपूर आदिको प्रयोग

(क) चक्रदत्त, भैषज्य रत्नावली, वैद्य रहस्य :

मूत्रे विबन्धे कर्पूरचूर्णं लिङ्गे प्रवेशयेत् ।

पिसाब रोकिएमा कपूर राम्ररी पिसी पुरुषको जननेन्द्रियबाट भित्र छिराउनु पर्दछ ।

(ख) भावप्रकाश संहिता :

घनसारस्य चूर्णेन वस्तस्याथाविकाम्बुना ।
गुण्डयित्वा ध्वजे क्षिप्त्वा मूत्ररोधो जहाति तम्॥

कपूरको धूलो बाख्री र भेडीको मूत्रमा पिसेर कपडाको सुप्लोमा दली पुरुषको जननेन्द्रियमा राख्नाले पिसाब बन्द हुने रोग नाश हुन्छ ।

कर्पूररसजा युक्ता वस्त्रवर्त्तिः शनैः शनैः ।
मेढ्रमार्गान्तरे न्यस्ता मूत्राघातं व्यपोहति॥

कपडालाई कपूरको धूलोमा राम्ररी मुछ्नू र यसलाई पुरुषको जननेन्द्रिय भित्र छिराउनू । मूत्राघात रोग नाश हुन्छ ।

काउलो आदिको प्रयोग

(क) अष्टाङ्ग हृदय :

...कषायं ककुभस्य वा ।

मूत्राघातसम्बन्धी रोगहरूमा काउलोको बोक्राको काँढापानी पिउनू ।

काउसो आदिको प्रयोग

(क) चक्रदत्त, भावप्रकाश संहिता :

स्वगुप्ताफलमृद्वीकाकृष्णेक्षुरसितारजः॥ समांशमर्द्धभागानि क्षीरक्षौद्रघृतानि च ।
सर्वं सम्यग्विमथ्याक्षमात्रं लीढ्वा पयः पिबेत्॥ हन्ति शुक्रक्षयोत्थांश्च दोषान्वन्ध्यासुतप्रदम् ।

काउसोको बीज, दाख, पिप्ला, तालमखाना (इक्षुर) र मिश्री बराबर लिनू । दूध, मह र घिउ यसको आधा भाग लिनू । सबै मिसाएर एक एक तोलाका दरले खाने गर्नू र त्यसपछि दूध पिउने गर्नू । यसो गर्नाले वीर्य नाश भई हुने पीडा नाश हुन्छ, वन्ध्या स्त्रीलाई पनि सन्तान प्राप्त हुन्छ ।

(ख) योग रत्नाकर :

स्वगुप्ताफल मृद्विका कृष्णेक्षुर सितारजः । समानमर्धभागानि क्षीरक्षौद्रघृतानि च॥

सर्वं सम्यग्विमर्द्याक्षमात्रां लीढ्वा पयः पिबेत् । हन्ति शुक्रक्षयोत्थांश्च दोषान्बन्ध्यासुतप्रदम् ॥

काउसाका बीज, दाख, पिप्ला, तालमखाना र मिश्री : यी ओखती एक एक भाग लिनू र धूलो बनाउनू । सबै मिसाएर जति हुन्छ त्यसको आधा भाग दूध, मह र घिउ बराबर लिनू र मिसाउनू । यी सबै पदार्थ मिसाई राम्ररी मथेर एक अक्ष मात्रामा चाट्ने गर्नू । यसपछि दूध पिउनू । यो ओखतीले वीर्यक्षयका कारण हुने रोगहरू नाश गर्दछ । बन्ध्या स्त्री पनि पुत्रवती हुन्छे ।

(ग) वैद्य रहस्य :

स्वगुप्ताफलमृद्वीकाकृष्णाक्षुरसितारजः । अर्द्धभागानि सर्वाणि क्षीरक्षौद्रघृतानि च ॥
सर्वसम्यग्विपथ्याक्षमानं लिढ्वा पयः पिबेत् ।
हन्ति शुक्राशयोत्थांश्च दोषान् वन्ध्या सुतप्रप्रदम् ॥

काउसोको बीज, दाख, पिप्ला, तालमखाना र मिश्री : यी सबै एक एक भाग लिनू । दूध, मह र घिउ आध आधा भाग लिनू । सबै मिसाउनू । पहिले काउसो आदिको धूलो एक तोला खाएर त्यसपछि दूध पिउनू । शुक्राशयका रोग नाश हुन्छ र वन्ध्यालाई पनि पुत्र प्राप्त हुन्छ ।

कुभिण्डो आदिको प्रयोग

(क) चक्रदत्त, भैषज्य रत्नावली :

कूष्माण्डकरसो वापि पेयः सक्षारशर्करः ।

अथवा कुभिण्डोको रस, जवाखार र सक्खर मिसाएर पिउने गर्नू । यसले पिसाब खुल्दछ ।

(ख) भैषज्य रत्नावली :

यवक्षारं गुडोन्मिश्रं पिबेत्पुष्पफलोद्भवम् । रसं मूत्रविबन्धघ्नं शर्कराश्मरिनाशनम् ॥

कुभिण्डोको रसमा जवाखार र पुरानो सक्खर मिसाएर खाने गर्नाले मूत्राघात, शर्करा र पत्थरी नाश हुन्छ ।

कुरिलो आदिको प्रयोग

(क) योग रत्नाकर : शतवर्यादि योग

वरीगोक्षुरभूधात्रीमूलानां स्वरसं पलम् । माषमैकं यवक्षारं सौरं माषद्वये तथा ॥
द्विगुञ्जे टङ्कणे क्षारं सर्वमेकत्र मेलयेत् ।

पिबेत्तत्तु विनाशाय मूत्राघाते सुदारुणे ॥ (इति सारसंग्रहात्)

कुरिलो, ओदानेकाँडो र भुईँअमला : यी तीन थरी ओखतीको रस बराबर मिसाएर एक पल लिनू । जवाखार एक मासा, टिम्बुरको फल दुई मासा लिनू । स्वागको क्षार दुई रत्ती लिनू । सबै मिसाउनू । यो ओखती खाने गर्नाले कडा खालको मूत्राघात रोग पनि ठिक हुन्छ ।

केशर आदिको प्रयोग

(क) चक्रदत्त, भवप्रकाश संहिता :

जले कुङ्कुमकल्कं वा सक्षौद्रमुषितं निशि ॥

अथवा मूत्राघात रोगमा पानीमा केशर पिसी त्यो लेदोमा मह मिसाएर रातभर राखी बिहान पिउने गर्नू ।

खमारी आदिको प्रयोग

(क) भावप्रकाश संहिता : सदाभद्राद्यचूर्ण

सदाभद्राश्मभिन्मूलं शतावर्याः सचित्रकम् । रोहिणीकोकिलाक्षौ च वचाशैलत्रिकण्टकम् ॥
श्लक्ष्णपिष्टः सुरापीतो मूत्राघातप्रबाधनः ।

खमारीको जरा, पाषाणभेद र कुरिलोको जरा; चितू, कटुकी, तालमखाना, बोझो, पत्थरकुङ्कुम र ओदानेकाँडो राम्ररी पिसी मदिरासँग पिउने गर्नाले मूत्राघात नाश हुन्छ ।

(ख) योग रत्नाकर :

सदाभद्राश्मभिन्मूलं शतावर्याश्च चित्रकम् । रोहिणीकोकिलाक्षौ च क्रौञ्चस्थूलं त्रिकण्टकम् ॥
श्लक्ष्णपिष्टाः सुरापीता मुत्राघातप्रणाशनाः ॥

खमारीको जरा, पाषाणभेदको जरा, कुरिलोका जरा, चितू, कटुकी, तालमखाना, कमलको बीज, उखुको जरा र ओदानेकाँडो : यी सबैको धूलो बराबर लिई पिसेर सुरासँग खाने गर्नाले मुत्राघात रोग नाश हुन्छ ।

खयर आदिको प्रयोग

(क) चक्रदत्त, भैषज्य रत्नावली, रस रत्नाकर :

जलेन खदिरीबीजं मूत्राघाताश्मरीहरम् । मूलं रुद्रजटायाश्च तक्रपीतं तदर्थकृत् ॥

खयरको बीज पानीमा पिसेर तथा रुद्रजटा (एक बोटविशेष) जरा मोहीमा पिसी पिउने गर्नाले मूत्राघात र पत्थरी नाश हुन्छ ।

खस आदिको प्रयोग

(क) योग रत्नाकर : उशीरादिचूर्ण

उशीरं बालकं पत्रं कुष्ठं धात्री च मौसली । एला हरेणुकं द्राक्षा कुङ्कुमं नागकेसरम् ॥
पद्मकेसरकन्दं च कर्पूरं चन्दनद्वयम् । व्योषं मधुकलाजाश्च अश्वगन्धा शतावरी ॥
गोक्षुरं कर्कटाख्यं च जाती कङ्कोल चोरकम् । एतानि समभागानि द्विगुणाऽमृतशर्करा ॥
मत्स्यण्डिका मधुभ्यां च प्रातरेव वुभुक्षितः । क्षयं च रक्तपित्तं च पाददाहमसृग्दरम् ॥
मूत्राघातं मूत्रकृच्छ्रं रक्तस्रावं च नाशयेत् । अशीतिं वातजान्रोगान्विशेषान्मेहनुत्परम् ॥

खस, सुगन्धवाल, तेजपात, कूट, अमला, मुसलीकन्द, सुकुमेल, रेणुकाको बीज, दाख, काश्मिरी केसर, नागकेसर, कमलको केसर, कमलको जरा, कपूर, रातोचन्दन, सेतोभन्दन, सुठो, मरिच, पिप्ला, जेठीमधु, लाजा, अश्वगन्धा, कुरिलो, ओदानेकाँडो, काँक्राका बियाँ, चमेलीको फूल वा पात, कङ्कोल र चोरक : यी सबै ओखती बराबर लिई धूलो बनाउनू । जति हुन्छ त्यसको दोब्बर गुर्जोको धूलो (वा गुर्जो र मिश्री) मिसाउनू । यो मत्स्यण्डिका र महसँग मिसाएर बिहान बिहान खाने गर्नाले क्षयरोग, रक्तपित्त, पाददाह, रक्तप्रदर, मूत्राघात, मूत्रकृच्छ्र, रगत बहने रोग, असी प्रकारका वातरोग र विशेषगरी प्रमेह रोग नाश गर्दछ ।

गाईजिभ्रे आदिको प्रयोग

(क) भावप्रकाश संहिता :

गोजीनाम्नो मूलं पलमेकं क्वथितशेषितं पीतम् ।
क्षिप्त्वा मधु च सिताञ्च प्रणुदति मूत्रस्य संरोधम् ॥

गाईजिभ्रे (जिभ्रे वा जभ्रेटो, हिन्दीमा बन तम्बाखू वा गोजिया) को जरा एक पल (चार तोला) हालेर काँढापानी पकाउनू । पाकेर सेलाएपछि मह र मिश्री हालेर पिउने गर्नू । पिसाब रोकिने रोग नाश हुन्छ ।(गोजी-गोजिह्वालता : हिन्दी विश्वकोश) ।

गुन्दरगानु आदिको प्रयोग

(क) भावप्रकाश संहिता : भद्रावहघृत

अम्बष्ठा पाटला चैव वर्षाभूद्वयमेव च । विदारिकन्दः काशश्च कुशमोरटगोक्षुराः ॥
पाषाणभेदो वाराही शालिमूलं शरस्तथा । भल्लातकं शिरीषस्य मूलमेषामथाहरेत् ॥
समभागानि सर्वाणि क्वाथयित्वा विचक्षणः । पादशेषकषायेण घृतप्रस्थं विपाचयेत् ॥
कल्कं दत्त्वाऽथ मतिमान् गिरिजं मधुकं तथा । नीलोत्पलञ्च काकोली बीजं त्रापुषमेव च ॥
कौष्माण्डञ्च तथैर्वारुसम्भवञ्च समं भवेत् । उष्णवातं निहन्त्येतद् घृतं भद्रावहं स्मृतम् ॥

गुन्दरगानु, पाडरी, दुई थरी वर्षाभू (रातो पुनर्नवा ?), बिरालेलहरो, काँस, कुश, उखुको जरा, ओदानेकाँडो, पाषाणभेद, वाराहीकन्द, मार्सीधानको जरा, रामसर, भलायो र शिरिषको जरा : यी बराबर लिई काँढापानी पकाउनू । एक चौथाई बाँकी भएपछि सिलाजित, जेठीमधु, नीलकमल, काकोली, काँक्रो विशेषका बियाँ, कुभिण्डोका बियाँ र काँक्रोका बयिाँ बराबर पिसी हालेर ६४ तोला घिउ पकाउनू । यो “भद्रावह” नामको घिउले उष्णवात नामक मूत्रघात रोग नाश गर्दछ ।

गोलकाँक्री आदिको प्रयोग

(क) भैषज्य रत्नावली :

बिम्बीमूलं च सम्पिष्टं काञ्जिकेन समन्वितम् । नाभिलेपनमात्रेण मूत्ररोधं निहन्ति च ॥

गोलकाँक्रीको जरा काँजीमा पिसेर नाइटोमा दल्नाले मुत्राघात रोग नाश हुन्छ ।

चन्दन आदिको प्रयोग

(क) चक्रदत्त, भावप्रकाश संहिता, योग रत्नाकर :

शृतशीतपयोऽन्नाशी चन्दनं तण्डुलाम्बुना ॥ पिबेत्सशर्करं श्रेष्ठमुष्णवाते सशोणिते ।

तताएर सेलाएको दूधसँग हितकर खाना खाँदै चन्दन घोटेर मिश्री मिसाई चौलानीसँग पिउने गर्नू । रगत सहितको पिसाब हुने उष्णवात नामक मूत्राघात रोग नाश हुन्छ ।

(ख) भैषज्य रत्नावली :

श्रृतशीतपयोऽन्नाशी चन्दनं तण्डुलाम्बुना । पिबेत्सर्करं श्रेष्ठमुष्णवातविनाशनम् ॥

रक्तचन्दन चौलानीमा पिसेर मिश्रीको धूलो मिसाई खाने गर्नू । यसपछि उमालेर सेलाएको दूधसँग भात खाने गर्नू । यसले उष्णवात नामक मूत्राघात रोग ठिक हुन्छ ।

चितू आदिको प्रयोग

(क) चक्रदत्त : चित्रकाद्य घृत

चित्रकं शारिवा चैव बला कालानुशारिवा॥
द्राक्षा विशाला पिप्पल्यस्तथा चित्रफला भवेत्। तथैव मधुकं दद्याद्द्यादामलकानि च॥
घृताढकं पचेदेभिः कल्कैरक्षसमन्वितैः। क्षीरद्रोणे जलद्रोणे तत्सिद्धमवतारयेत्॥
शीतं परिस्रुतं चैव शर्कराप्रस्थसंयुतम्। तुगाक्षीर्याश्च तत्सर्वं मतिमान्प्रतिमिश्रयेत्॥
ततो मितं पिबेत्काले यथादोषं यथाबलम्। वातरेताः पित्तरेताः श्लेष्मरेताश्च यो भवेत्॥
रक्तरेता ग्रन्थिरेताः पिबेदिच्छन्नरोगताम्। जीवनीयञ्च वृष्यञ्च सर्पिरेतन्महागुणम्॥
प्रजाहितञ्च धन्यञ्च सर्वरोगापहं शिवम्। सर्पिरेतत्प्रयुञ्जाना स्त्री गर्भं लभतेऽचिरात्॥
असृग्दोषाञ्जयेच्चैव योनिदोषांश्च संहतान्। मूत्रदोषेषु सर्वेषु कुर्यादेतच्चिकित्सितम्॥

चितू (जरा), अनन्तमूल, बलु, कालो अनन्तमूल, दाख, इन्द्रेनीलहरो, पिप्ला, ऐरेलुविशेष वा गोठालेकाँक्रोविशेषकाको बियाँ, जेठीमधु र अमला : एक एक तोला लिनू। सबै मिसाएर धूलो बनाउनू। २५६ तोला घिउ, एक द्रोण दूध र एक द्रोण पानी लिनू। विधिपूर्वक घिउ पकाउनू। पाकेर सेलाएपछि एक प्रस्थ मिश्री र एक प्रस्थ वंशलोचन हाल्नू। दोष र बल हेरी यो घिउ खाने गर्नू। यसले वातविकाले पित्तविकारले कफविकारले र रक्तविकारले दूषित वीर्य तथा ग्रन्थियुक्त वीर्यका विका नाश गर्दछ। यो जीवनी, वीर्यवर्धक, अति गुनिलो, सन्तान बढाउने, धन्य र सबै रोग नाशगर्ने गुणको हुन्छ। यो घिउ खाने गर्नाले स्त्रीले गर्भधारण गर्दछे। यसले रक्तविकार, योनिदोष र सबै खालका पिसाबका रोग नाश गर्दछ।

(ख) योग रत्नाकर :

चित्रकं सारिवा चैव बला काला च सारिवा। द्राक्षा विशाला पिप्पल्यस्तथा च त्रिफला भवेत्॥
तथैव मधुकं दद्याद्द्यादामलकानि च। घृताढकं पचेदेतैः कल्कैरक्षसमन्वितैः॥
क्षीरद्रोणे जलद्रोणे तत्सिद्धमवतारयेत्। शीतं परिश्रृतं चैव शर्कराप्रस्थसंयुतम्॥
तुगाक्षीर्या च तत्सर्वं मतिमान्परिमिश्रयेत्। ततो मितं पिबेत्काले यथादोषं यथा कलम्॥
मूत्रग्रन्थिं मूत्रसामुष्णवातमसृग्दरम्। विड्विघातं निहन्त्येतद्वस्तिकुण्डलिमप्यलम्॥
सर्पिरेतत्प्रयुञ्जाना स्त्री गर्भं लभतेऽचिरात्। अस्रोदोषे योनिदोषे मूत्रदोषे तथैव च॥
प्रयोक्तव्यमिदं सर्पिश्चित्रकाद्यं सदा बुधैः॥

चितूको जरा, सेतो अनन्तमूल, बलु, नागबलु, कालो अनन्तमूल, इन्द्रेनीलहरोको जरा, पिप्ला, हर्रो, बर्रो, अमला, जेठीमधु र अमला : यी ओखती एक एक अक्ष लिनू। सबै पिसी एक आढक गाईको घिउ हाल्नू। दुध एक द्रोण र पानी एक द्रोण हाल्नू। घिउ पकाउनू। पाकेर सेलाएपछि यसमा एक प्रस्थ मिस्री हाल्नू। वंशलोचन एक प्रस्थ हाल्नू। सबै ओखती राम्ररी फिटेर रोगको अवस्था र रोगीको बल विचार गरी उचित समयमा आफूलाई उचित हुने मात्रामा खाने गर्नू। यो ओखतीले मूत्रग्रन्थि, मुत्रसाद, उष्णवात, रक्तप्रदर, विड्विघात र वस्तिकुण्डल नामका रोगहरू नाश गर्दछ। यो ओखती खाने गर्नाले स्त्रीले चाँडै गर्भधारण गर्दछे। रक्तसम्बन्धी रोग, जननेन्द्रियका रोग र पिसाबसम्बन्धी रोगमा बुद्धिमानले सधैं यो "चित्रकाद्यघृत" नामक ओखती प्रयोग गराउनु पर्दछ।

(ग) रस रत्नाकर :

चित्रकं शारिवा चैव बला कालानुशारिवा । द्राक्षा विशाला पिप्पल्यस्तथा चित्रा नतम्भवेत्॥
तथैव मधुकं दद्याद्दद्यादामलकानि च । घृताढकं पचेदेतैः कल्कैरक्षसमन्वितैः॥
क्षीरद्रोणे जलद्रोणे तत्सिद्धमवतारयेत्। शीतं परिस्नुतञ्चैव शर्करा प्रस्थ संयुतम्॥
तुगाक्षीर्याश्च तत्सिद्धं मतिमान्प्रतिमिश्रयेत्।
ततो मितं पिबेत्काले यथा दोषं यथा बलम्॥
वातरेताः पित्तरेताः श्लेष्मरेताश्च यो भवेत्।
रक्तरेता ग्रन्थिरेताः पिबेदिच्छिन्नरोगिताम्॥
जीवनीयञ्च वृष्यञ्च सर्पिरेतन्महागुणम्।
प्रजाहितञ्च धन्यञ्च सर्वरोगापहं शिवम्॥
सर्वैरेतत्प्रयुञ्जानं स्त्रगर्भं लभतेऽचिरात्।
असृग्दोषाञ्जयेच्चापि योनिदोषांश्च संहतान्॥
मूत्रदोषेषु सर्वेषु कुर्यादितच्चिकित्सितम्॥

गाईको घिउ आठ सेर, दूध ३२ सेर, जल ३२ सेर लिनू । चितू, अनन्तमूल, बलु, कालो अनन्तमूल, दाख, पिप्ला, इन्द्रेनीलहरो, मूषाकर्णी, तगर, जेठीमधु र अमला दुई दुई तोला लिनू । सबै मिसाएर विधिपूर्वक घिउ पकाउनू । पाकेर सेलाएपछि दुई सेर मिश्री र दुई सेर वंशलोचन हाल्नू । दोष र बल हेरी यो घिउ खाने गर्नू । यसलेवातविकाले पित्तविकारले कफविकारले र रक्तविकारले दूषित वीर्य तथा ग्रन्थियुक्त वीर्यका विकार नाश गर्दछ । यो जीवनी, वीर्यवर्धक, अति गुनिलो, सन्तान बढाउने, धन्य र सबै रोग नाशगर्ने गुणको हुन्छ । यो घिउ खाने गर्नाले स्त्रीले गर्भधारण गर्दछे । यसले रक्तविकार, योनिदोष र सबै खालका पिसाबका रोग नाश गर्दछ ।

ताड आदिको प्रयोग

(क) भेल संहिता :

तालपत्रकषायं तु मूत्राघातेषु दापयेत्। भोजनं क्रौञ्चमांसेन मूत्राघातेषु शस्यते॥

मूत्राघात रोगमा ताडका पातको काँढापानी पकाएर पिउन दिनू । यो रोगमा कर्‍याकुरुङ चराको मासु खानु हितकर हुन्छ ।

(ख) सुश्रुत संहिता :

पिष्ट्वाऽथवा सुशीतेन शालितण्डुलवारिणा॥
तालस्य तरुणं मूलं त्रपुसस्य रसं तथा । श्वेतं कर्कटकं चैव प्रातस्तु पयसा पिबेत्॥

ताडको नयाँ जरा अथवा काँक्राको रस मार्सीचामलको चौलानीमा पिसेर खाने गर्नू । अथवा बिहान बिहान कर्कटक (लौका, कर्कटश्रृङ्गी, कमलको जरा, जङ्गली अमला) दूधसँग खाने गर्नू ।

तृणपञ्चमूल आदिको प्रयोग

(क) चक्रदत्त, भावप्रकाश संहिता :

....सिद्धं पयो वा तृणपञ्चमूलैः ।

तृणपञ्चमूलको काँढापानी पकाएर पिउने गर्नाले मूत्राघात नाश हुन्छ ।

(ख) चक्रदत्त, भैषज्य रत्नावली :

नलकुशकाशेक्षुशिफां क्वथितां प्रातः सुशीतलां ससिताम् ।
पिबतः प्रयाति नियतं मुत्रग्रह इत्युवाच कचः ॥

नर्कट, कुश, काँस र उखुको जरा बराबर हाली काँढापानी पकाएर सेलाएपछि मिश्री हालेर बिहान बिहान पिउने गर्नाले मूत्राघात अवश्य नाश हुन्छ भनी कच ऋषिले बताएका छन् ।

(ग) भावप्रकाश संहिता :

नलकुशकाशेक्षुबलाक्वाथं प्रातः सुशीतलं ससितम् ।
पिबतो नश्यति नियतं मूत्रग्रह इत्युवाच कविः ॥

नर्कट, कुश, काँस, उखु र बलु हालेर काँढापानी पकाई सेलाएपछि मिश्री हालेर पिउने गर्नाले मूत्राघात अवश्य नाश हुन्छ भनी शुक्राचार्यले बताएका छन् ।

(घ) वैद्य रहस्य :

नलकाशकुशेक्षुशिफाक्वाथितं प्रातः सुशीतलं ससितम् ।
पिबतः प्रयाति नियतं मूत्रकृच्छ्रमित्युवाच कविः ॥

नर्कट, काँस, कुश, उखु र कमलको गानु हालेर काँढापानी पकाई सेलाएपछि मिश्री हालेर पिउने गर्नाले मूत्रकृच्छ्र अवश्य नाश हुन्छ भनी शुक्राचार्यले बताएका छन् ।

त्रिफला आदिको प्रयोग

(क) अष्टाङ्ग हृदय :

सुखाम्भसा वा त्रिफलां पिष्टां सैन्धवसंयुताम्॥

मूत्राघात रोगमा त्रिफला पिसेर सिँधेनुन मिसाई मनतातो पानीसँग पिउनू ।

(ख) चक्रदत्त :

त्रिफलाकल्कसंयुक्तं लवणं वापि पाययेत्॥

अथवा त्रिफलाको लेदोमा सिँधेनुन मिसाएर खाने गर्नू ।

(ग) रस रत्नाकर :

तोयेन त्रिफलाकल्कः पातव्यः सैन्धवान्वितः ।

त्रिफलाको पानीमा पिसिएको लेदोमा सिँधेनुन मिसाएर खाने गर्नू ।

(घ) सुश्रुत संहिता :

अभयामलकाक्षाणां कल्कं बदरसंमितम् । अम्भसाऽलवणोपेतं पिबेन्मूत्ररुजापहम्॥

हर्रो, अमला र बर्रो आधा आधा कर्ष (करिब ६-६ ग्राम) लिई अलिकति नुन मिसाएर पानीसँग खाने गर्नू, पिसाबसम्बन्धी रोग नाश हुन्छ ।

दाख आदिको प्रयोग

(क) सुश्रुत संहिता :

उदुम्बरसमं कल्कं द्राक्षाया जलसंयुतम् ।
पिबेत् पर्युषितं रात्रौ शीतं मूत्ररुजापहम्॥

दाखको लेदो एक कर्ष (करिब १२ ग्राम) रातभर भिजाएर बिहान पिउने गर्नू, पिसाबसम्बन्धी रोग नाश हुन्छ ।

दाडिम आदिको प्रयोग

(क) चक्रदत्त :

दाडिमाम्बुयुतं मुख्यमेलाबीजं सनागरम् ।
पीत्वा सुरां सलवणां मूत्रावाताद्विमुच्यते ॥

अथवा मूत्राघातका रोगील अनारको रस, अलैंचीको धूलो, सुठोको धूलो, सुरा र सिँधेनुन मिसाएर पिउने गर्नू ।

विरेचन (दिसा लगाउने कार्य)

(क) अष्टाङ्ग हृदय :

रेकार्थं तैल्वकं सर्पिः...।

सबै प्रकारका मूत्राघात रोगमा दिसा लगाउनका लागि तैल्वक घृतको प्रयोग गर्नू ।

(ख) चक्रदत्त, भैषज्य रत्नावली, रस रत्नाकर, वैद्य रहस्य :

दद्यात्स्निग्धविरेचनम्॥

स्नेहन गराई (वा चिल्लो मिसिएको ओखती खुवाई) दिसा लगाउनू ।

दुरालभा आदिको प्रयोग

(क) अष्टाङ्ग हृदय :

रसं वा धन्वयासस्य...।

मूत्राघातसम्बन्धी रोगहरूमा दुरालभाको रस पिउनू ।

(ख) चक्रदत्त :

रसं दुरालभाया वा कषायं वासकस्य वा ॥

अथवा मूत्राघातसम्बन्धी रोगहरूमा दुरालभाको रस वा असुरोको काँढापानी पिउने गर्नू ।

देवदार आदिको प्रयोग

(क) अष्टाङ्ग हृदय :

देवदारुं घनं मूर्वां यष्टीमधु हरीतकीम् । मूत्राघातेषु सर्वेषु सुराक्षीरजलैः पिबेत् ॥

सबै किसिमका मूत्राघात रोगमा रोगीले देवदार, नागरमोथे, मरुईलहरो, जेठीमधु र हर्रोको धूलो सुरासँग वा दूधसँग वा पानीसँग खाने गर्नू ।

धनियाँ आदिको प्रयोग

(क) भावप्रकाश संहिता : धान्यगोक्षुरघृत

धान्य गोक्षुरकक्वाथकल्कयुक्तं घृतं हितम् । मूत्राघाते मूत्रकृच्छ्रे शुक्रदोषे च दारुणे ॥

धनियाँ र ओदानेकाँडो हाली काँढापानी पकाएर त्यसमा घिउ पकाई खाने गर्नाले मूत्राघात, मूत्रकृच्छ्र र वीर्यविकार नाश हुन्छ ।

(ख) भैषज्य रत्नावली :

धान्यगोक्षुरकक्वाथकल्कयुक्तं घृतं हितम् । मूत्राघाते मुत्रदोषे शुक्रदोषे च दारुणे ॥

धनियाँ दुई सेर र ओदानेकाँडो दुई सेर सोह्र सेर पानीमा हाली पकाउनू, चार सेर पानी बाँकी भएपछि झिकेर छान्नू । यसमा दुई सेर घिउ तथा धनियाँ र ओदानेकाँडोको धूलो सोह्र सोह्र सेर हाली घिउ पकाउनू । यो घिउ खाने गर्नाले मूत्राघात, मूत्रकृच्छ्र र कडा खालको वीर्यविकार रोगमा फाइदा गर्दछ ।

(ग) योग रत्नाकर :

धान्यगोक्षुरकक्वाथकल्कसिद्धं घृतं हितम् । मूत्राघातेषु कृच्छ्रेषु शुक्रदोषे च दारुणे ॥

धनियाँ र ओदानेकाँडो बराबर लिई पिस्नू । यी दुईको मिश्रणको चौबर घिउ र घिउको चौबर यिनै दुई ओखतीको काँढापानी मिसाएर घिउ पकाउनू । पाकेपछिको यो घिउ खाने गर्नाले मूत्राघात, मूत्रकृच्छ्र र डरलाग्दो वीर्यसम्बन्धी रोग पनि नाश हुन्छ ।

धान्याम्ल आदिको प्रयोग

(क) भैषज्य रत्नावली :

धान्याम्ललवणोपेतं सूतं यश्च पिबेन्नरः । तस्य नश्यन्ति वेगेन मूत्राघातास्त्रयोदश॥

धान्याम्ल नामक काँजी र सिँधेनुनमा प्रशोधित पारोभस्म मिसाएर पिउनाले तेह्र प्रकारका मूत्राघात रोग तत्काल नाश हुन्छ ।

पत्थरीको जसरी उपचार गर्नू

(क) अष्टाङ्ग हृदय :

मूत्राघातेषु विभजेदतः शेषेष्वपि क्रियाम्॥

अन्य बाँकी मूत्राघातसम्बन्धी रोगहरूमा यिनै (पत्थरी रोग) उपचार विधि अनुसार कार्य गर्नू ।

पाडरी आदिको प्रयोग

(क) चक्रदत्त :

पाटल्या यावशूकाच्च पारिभद्रात्तिलादपि । क्षारोदकेन मदिरां त्वगेलोषणसंयुताम्॥
पिबेद्गुडोपदंशान्वा लिह्यादेतान् पृथक् पृथक् ।

पाडरी, जवाखार, फलेदो (वा बकाइनु) र तिल को क्षार, पानी, दालचिनी, अलैंची र पिप्लाको धूलो मदिरामा हालेर खाने गर्नू । अथवा पाडरी आदिको धूलो सक्खरसँग बिसाएर बेग्लाबेग्लै चटनी बनाएर चाट्ने गर्नू ।

सतैलं पाटलाभस्म क्षारवद्वा परिस्रुतम् ।

अथवा पाडरीको खरानी वा क्षार-जल तिलको तेलसँग पिउने गर्नू ।

(ख) भावप्रकाश संहिता :

सतैलं पाटलाभस्मक्षारं बद्ध्वा परिस्रुतम्॥

पाडरीको (जराको वा फेदको बोक्रा) खरानी र जवाखार पानीमा घोलेर तिलको तेल हाली पिउने गर्नाले मूत्राघात रोग नाश हुन्छ ।

(ग) सुश्रुत संहिता :

पाटल्या यावशूकाच्च पारिभद्रात्तिलादपि । क्षारोदकेन मतिमान् त्वगेलोषणचूर्णकम् ॥
पिबेद्गुडेन मिश्रं वा लिह्याल्लेखान् पृथक् पृथक् ।

पाडरी, जवाखार, फलेदो (वा बकाइनु) र तिल को क्षार-पानीसँग दालचिनी, अलैंची र पिप्लाको धूलो खाने गर्नू । अथवा पाडरी आदि हरेकको क्षार-पानीमा दालचिनी आदिको धूलो मिसाएर सक्खरसँग चटनी बनाएर चाट्ने गर्नू ।

पाटलाक्षारमाहृत्य सप्तकृत्वः परिस्रुतम् । पिबेन्मूत्रविकारघ्नं संसृष्टं तैलमात्रया ॥

पाडरीको क्षार पानीमा सात पटक भिजाएर निथार्नू । यसमा अलिकति तिलको तेल मिसाएर खाने गर्नू यसले पिसाबसम्बन्धी रोग नाश गर्दछ । (क्षारलाई चौबर पानी हालेर घोली छान्ने गर्नुपर्दछ) ।

पानी आदिको प्रयोग

(क) चक्रदत्त :

शीतोऽवगाह आवस्तिमुष्णवातनिवारणः ॥

मूत्राशयसम्म डुब्नेगरी पानीमा बस्नाले उष्णवात रोग नाश हुन्छ ।

पाषाणभेदविशेष आदिको प्रयोग

(क) चक्रदत्त :

गोधावत्या मूलं क्वथितं घृततैलगोरसैर्मिश्रम् । पीतं निरुद्धमचिराद्भिनत्ति मुत्रस्य संघातम् ॥

पाषाणभेद विशेषको जराको काँढापानीमा घिउ, तेल र गाईको दूध हाली पिउने गर्नाले पुरानो मूत्राघात रोग चाँडै निको हुन्छ ।

(ख) भावप्रकाश संहिता :

गोधापद्या मूलं क्वथितं घृततैलगोरसोन्मिश्रम् । पीतं निरुद्धमचिराद्भिनत्ति मूत्रस्य सङ्घातम् ॥

कानेसिन्को वा मुशलीकन्दको जरा हाली काँढापानी पकाएर त्यसमा घिउ, तेल र दहीको पानी (वा दूध) हाली पिउने गर्नाले लामो समयदेखि रोकिएर बसेको पिसाब पनि खुल्दछ ।

शिलोद्भिदैरण्डसमस्थिरादि पुनर्नवाभीरुरसेषु सिद्धम् ।
तैलं शृतं क्षीरमथानुपानं कालेषु कृच्छ्रादिषु सम्प्रयोज्यम् ॥

पाषाणभेद, अँडिरको जरा, वनगहत, पुनर्नवा र कुरिलो रस हाली तेल पकाउनू । यो तेल पिई दूध पिउने गर्नू । यसले मूत्रकृच्छ्र आदि रोग नाश गर्दछ ।

(ग) भैषज्य रत्नावली, रस रत्नाकर :

गोधावत्या मूलं क्वथितं घृततैलगोरसोन्मिश्रम् । पीतं निरुद्धमचिराद्भिनत्ति मुत्रस्य संरोधम् ॥

पाषाणभेद विशेष (वटपत्री) को जराको काँढापानीमा घिउ, तेल र गाईको दूध हाली पिउने गर्नाले पुरानो मुत्राघात रोग चाँडै निको हुन्छ ।

नोट : गोधापदीको अर्थ मुशलीकन्द वा कानेसिन्को हुन्छ । यसैगरी गोधावतीको अर्थ पाषाणभेदको एक जात वा वटपत्री हुन्छ । निघण्टु ग्रन्थमा बताइएका गुणका आधारमा उपचारका क्रममा पाषाणभेद नै प्रयोग गर्नु उपयुक्त देखिन्छ ।

(घ) सुश्रुत संहिता :

नलाश्मभेददर्भेक्षुत्रपुसैर्वारुबीजकान् । क्षीरे परिशृतान् तत्र पिबेत् सर्पिःसमायुतान् ॥

नर्कट, पाषाणभेद, सानो जातको कुश, उखु, काँक्रो र विजयसाल हाली दूध पकाएर घिउ मिसाई खाने गर्नू ।

बलु आदिको प्रयोग

(क) सुश्रुत संहिता :

बलाश्वदंष्ट्राक्रौञ्चास्थिकोकिलाक्षकतण्डुलान् । शतपर्वकमूलं च देवदारु सचित्रकम् ॥
अक्षबीजं च सुरया कल्कीकृत्य पिबेन्नरः । मूत्रदोषविशुद्ध्यर्थं तथैवाश्मरिनाशनम् ॥

बलु, ओदानेकाँडो, कन्याङकुरुङको हाड, तालमखाना, चामल, दूबोविशेष, देवदार, चितू र बर्रो सुरामा पिसेर पिउने गर्नू । यसले पिसाबसम्बन्धी रोग र पत्थरी नाश गर्दछ ।

बलाघृत :

बला कोलास्थि मधुकं श्वदंष्ट्राऽथ शतावरी । मृणालं च कशेरुश्च बीजानीक्षुरकस्य च ॥
सहस्रवीर्याऽशुमती पयस्या सह कालया । शृगालविन्नाऽतिबला बृंहणीयो गणस्तथा ॥

एतानि समभागानि मतिमान् सह साधयेत् । चतुर्गुणेन पयसा गुडस्य तुलया सह ॥
द्राणावशिष्टं तत् पूतं पचेत्तेन घृताढकम् । तत् सिद्धं कलशे स्थाप्यं क्षौद्र प्रस्थेन संयुतम् ॥
सर्पिरेतत् प्रयुञ्जानो मूत्रदोषात् प्रमुच्यते । तुगाक्षीर्याश्च चूर्णानि शर्करायास्तथैव च ॥
क्षौद्रेण तुल्यान्यालोड्य प्रशस्तेऽहनि लेहयेत् । तस्य खादेद्यथाशक्ति मात्रां क्षीरं ततः पिबेत् ॥
शुक्रदोषाञ्जयेन्मर्त्यः प्राश्य सम्यक् सुयन्त्रितः । व्यवायक्षीणरेतास्तु सद्यः संलभते सुखम् ॥
ओजस्वी बलवान्मर्त्यः पिबन्नेव च हृष्यति ।

बलु, बयर, जेठीमधु, ओदानेकाँडो, कुरिलो, कमलको डाँठ, मशेरु, तफमखानाका बीज, दूबो, शालपर्णी, बिरालेलहरो, कालो अनन्तमूल, पृश्निपर्णी, अतिबलु र काकोल्यादि गणका ओखती (गुर्जो बाहेक) : यी हरेक बराबर लिई चार गुना पानीमा हालेर पकाउनू । पकाउँदा एक तुला (एक सय पल) सक्खर हालेर पकाउनू । एक द्रोण (चार आढक) बाँकी भएपछि झिकी त्यसमा एक आढक घिउ हालेर पुनः पकाउनू । यो घिउ खाने गर्नाले मानिस पिसाबसम्बन्धी सबै रोगबाट मुक्त हुन्छ । वंशलोचनको धूलो र मिश्रीको धूलो बराबर लिई इ दुई बराबर मह मिसाएर उपयुक्त दिनमा खान शुरु गर्नू । यसलाई पाचनशक्ति अनुसार खाई त्यसपछि दूध पिउने गर्नू । मैथुन नगरी यो ओखती खाने गर्नाले मानिस वीयसम्बन्धी रोगबाट मुक्त हुन्छ । मैथुनका कारण दुब्लाएको मानिस तुरुन्त स्वस्थ हुन्छ । ओजस्पी र बलियो मानिस उत्तेजित हुन्छ ।

महाबलाघृत :

चित्रकः सारिवा चैव बला कालानुसारिवा ॥

द्राक्षा विशाला पिप्पल्यस्तथा चित्रफला भवेत् । तथैव मधुकं पथ्यां दद्यादामलकानि च ॥
घृताढकं पचेदेभिः कल्कैः कर्षसमन्वितैः । क्षीरद्रोणे जलद्रोणे तत्सिद्धमवतारयेत् ॥
शीतं परिस्रुतं चैव शर्कराप्रस्थसंयुतम् । तुगाक्षीर्याश्च तत्सर्वं मतिमान् परिमिश्रयेत् ॥
ततो मितं पिबेत्काले यथादोषं यथाबलम् । वातरेताः श्लेष्मरेताः पित्तरेतास्तु यो भवेत् ॥
रक्तरेता ग्रन्थिरेताः पिबेदिच्छन्नरोगताम् । जीवनीयं च वृष्यं च सर्पिरेतद्बलावहम् ॥
प्रज्ञाहितं च धन्यं च सर्वरोगापहं शिवम् । सर्पिरेतत् प्रयुञ्जाना स्त्री गर्भं लभतेऽचिरात् ॥
असृग्दोषाञ्जयेच्चापि योनिदोषांश्च संहतान् । मूत्रदोषेषु सर्वेषु कुर्यादेतच्चिकित्सितम् ॥

चितू, अनन्तमूल, बलु, कालो अनन्तमूल, दाख, इन्द्रेनीलहरो, पिप्ला, अँडिर, जेठीमधु, हर्रो र अमला : एक एक कर्ष लिई एक द्रोण पानी र एक द्रोण घिउ हालेर एक आढक हुनेगरी पकाउनू । पाकेपछि झिकेर छानी सेलाएपछि मिश्री एक प्रस्थ र वंशलोचन एक प्रस्थ राम्ररी मिसाउनू । यसलाई सीमित मात्रामा उचित समयमा रोग र रोगीको बल हेरी पिउने गर्नू । वातजन्य, पित्तजन्य र कफजन्य वीर्यका रोयी, रक्तविकारका रोगी, ग्रन्ति वीर्य हुने तथा स्वस्थ र निरोगी हुन चाहने व्यक्तिले यो ओखती पिउने गर्नू । यो घिउ जीवनदायक, पौष्टिक र बलवर्धक हुन्छ । यो बुद्धिका लागि हितकर, धन्य, सबै रोग नाश गर्ने रकल्याणकारी हुन्छ । यो घिउ खाने गर्नाले स्त्रीलाई चाँडै पुत्र प्राप्त हुन्छ । रगतजन्य रोग र सबै खालका स्त्री जननेन्द्रियका रोग यो घिउले नाश गर्दछ । सबै खालका पिसाबसम्बन्धी रोगमा यही ओखतीको प्रयोग गर्नू ।

बृहत्यादि गणको प्रयोग

(क) अष्टाङ्ग हृदय :

बृहत्यादिगणे सिद्धं द्विगुणीकृतगोक्षुरे । तोयं पयो वा सर्पिर्वा सर्वमूत्रविकारजित्॥

बृहत्यादि गणमा पर्ने ओखती जम्मा पारी त्यसको दोब्बर ओदानेकाँडो हालेर पकाइएको काँढापानी वा दूध वा घिउ खाने गर्नाले सबै खालका पिसाबसम्बन्धी रोग नाश हुन्छ ।

मधुरगणका ओखतीको प्रयोग

(क) सुश्रुत संहिता :

शृतं वा मधुरैः क्षीरं सर्पिर्मिश्रं पिबेन्नरः । मूत्रदोषविशुद्ध्यर्थं तथैवाश्मरिनाशनम्॥

मधुरगणका ओखती हालेर पकाइएको दूधमा घिउ मिसाएर मानिसले पिउने गर्नू । यसले पिसाबसम्बन्धी रोग र पत्थरी नाश हुन्छ ।

मह आदिको प्रयोग

(क) भावप्रकाश संहिता : क्षौद्रार्द्धघृत

क्षौद्रार्द्धभागः कर्तव्यो भागः स्यात्क्षीरसर्पिषोः॥
शर्करायाश्च चूर्णं च द्राक्षाचूर्णं च तत्समम्। स्वयंगुप्ताफलञ्चैव तथैवेक्षुरसस्य च॥
पिप्पलीनां तथा चूर्णं समभागं प्रदापयेत्। तदैकध्यं समानीय खल्लेनातिविमथ्य च॥
तस्य पाणितलं चूर्णं लिहेत्क्षीरं ततः पिबेत्। एतत्सर्पिः प्रयुञ्जाना योनिदोषात्प्रमुच्यते॥

एक भाग दूध, एक भाग घिउ, आधा भाग मह, एक भाग मिश्री, दाख, काउसोका बीज, तालमखाना र पिप्ला : यी एक एक भाग लिनू। सबै मिसाएर बेस्सरी पिसी मथ्नू। यसमध्येबाट हरेक दिन एक तोला घिउ निकालेर चाट्ने गर्नू । यसपछि दुध पिउनू । यस्तो घिउ पिउने स्त्री योनिका रोगबाट मुक्त हुन्छे ।

(ख) योग रत्नाकर :

क्षौद्रार्धभागः कर्तव्यो भागः स्यात्क्षीरसर्पिषोः । शर्करायाश्च चूर्णं च द्राक्षचूर्णं च तत्समम्॥
स्वयंगुप्ताफलं चैव तथैवेक्षुरकस्य च । पिप्पलीनां तथा चूर्णं समभागं प्रदापयेत्॥
तदेकस्थं मेलयित्वा खल्पेनोन्मथ्य च क्षणम्। तस्य पाणितलं चूर्णं लिहेत्क्षीरं ततः पिबेत्॥
एतत्सर्पिः प्रयुञ्जानः शुद्धदेहो नरः सदा । शुक्रदोषाञ्जयेत्सवनिवापि भृशदुर्जयान्॥
जयेच्छोणितदोषांश्च वन्ध्या स्त्री गर्भमाप्नुयात्॥

मह आधा भाग, दूध एक भाग, घिउ एक भाग, मिश्री एक भाग, दाख एक भाग, काउसोको फलको बीज एक भाग, तालमखाना एक भाग र पिप्लाको धूलो एक भाग : यी मिसाएर एकछिन फिट्नू । त्यसपछि यसमध्येबाट एक कर्ष ओखती निकाली खाएर दूध पिउने गर्नू । यो घिउ खाने गर्नाले शरीर शुद्ध हुन्छ, डरलाग्दो र छिप्पिएको वीर्यदोष नाश हुन्छ, स्त्रीहरूको रजसम्बन्धी रोग नाश भई वन्ध्या स्त्रीले पनि गर्भधारण गर्दछे ।

(ग) सुश्रुत संहिता :

क्षौद्रार्धपात्रं दत्त्वा च पात्रं तु क्षीरसर्पिषः । शर्करायाश्च चूर्णं च द्राक्षाचूर्णं च तत्समम्॥
स्वयङ्गुप्ताफलं चैव तथैवेक्षुरकस्य च । पिप्पलीचूर्णसंयुक्तमर्धभागं प्रकल्पयेत्॥
तदैकध्यं समानीय खजेनाभिप्रमन्थयेत् । ततः पाणितलं चूर्णं लीढ्वा क्षीरं ततः पिबेत्॥
एतत् सर्पिः प्रयुञ्जानः शुद्धदेहो नरः सदा । मूत्रदोषाञ्जयेत् सर्वानन्ययोगैः सुदुर्जयान्॥
जयेच्छोणितदोषांश्च वन्ध्या गर्भं लभेत च । नारी चैतत् प्रयुञ्जाना योनिदोषात् प्रमुच्यते॥

मह आधा आढक, दूध मथेर निकालिएको घिउ एक आढक, मिश्रीको धूलो र दाखको धूलो एक एक आढक; काउसो, तालमखाना र पिप्लाको धूलो आधा आधा आढक : यी सबै मिसाएर मदानीले मथ्नू । यो ओखती एक कर्ष चाटी त्यसपछि दूध पिउने गर्नू । बान्ता आदि गरी शुद्ध भएपछि यो घिउ नित्य खाने गर्नाले अन्य उपचारले ठिक नहुने पिसाबसम्बन्धी सबै रोग शान्त हुन्छन् । यसले रगतजन्य रोग पनि शान्त हुन्छ । वन्ध्या स्त्री पनि गर्भवती हुन सक्षम हुन्छे । यो घिउ खाने गर्नाले स्त्रीको जननेन्द्रिय रोगबाट मुक्त हुन्छ ।

मालकागुनु आदिको प्रयोग

(क) भावप्रकाश संहिता :

सिताक्षारान्वितं मूलं वायसीतैलकूर्चयोः । कोशकाररसैः पीतं वस्तिकुण्डलजिद्भवेत्॥

मालकागुनु (वायसी) र चाभो (तैलकूर्च, चौये) को जरा पिसी मिश्री र जवाखार हाली उखुको रससँग पिउनाले वस्तिकुण्डल नामक मूत्राघात नाश हुन्छ ।

मूत्रकृच्छ्रको जसरी उपचार गर्नू

(क) चक्रदत्त, भैषज्य रत्नावली, रस रत्नाकर, वैद्य रहस्य :

मूत्राघातान् यथादोषं मूत्रकृच्छ्रहरैर्जयेत् ।

मूत्राघात रोगमा वात आदि दोष विचार गरी मूत्रकृच्छ्र नाशक ओखती विधिपूर्वक प्रयोग गर्नू ।

(ख) भावप्रकाश संहिता :

मूत्रकृच्छ्रेऽश्मरीरोगे भेषजं यत्प्रकीर्त्तितम् । मूत्राघातेषु कृच्छ्रेषु तत्कुर्याद्देशकालवित् ॥

मूत्रकृच्छ्र रोगमा तथा पत्थरी रोगमा बताइएका ओखती देश, काल हेरी मूत्राघात र मूत्रकृच्छ्र रोगमा समेत प्रयोग गर्नू ।

(ग) योग रत्नाकर :

अश्मरीमूत्रकृच्छ्रेषु भेषजं यत्क्रिया च या । मुत्रघातेषु सर्वेषु कुर्यात्तत्सर्वमादरात् ॥

पत्थरी र मूत्रकृच्छ्र रोगमा जेजस्ता ओखतीउपचार गरिन्छ ती सबै मूत्राघात रोगमा पनि गर्नू ।

रसश्चन्द्रकलाख्यश्च कृच्छ्रघ्नो यः पुरेरितः । मुत्राघातेषु सर्वेषु स प्रयोज्यो विजानता ॥

मूत्रकृच्छ्र रोगको उपचारका लागि बताइएको चन्द्रकला रस नामक ओखती ती सबै मूत्राघात रोगमा पनि प्रयोग गर्नुपर्दछ ।

(घ) शाबरमन्त्रसागर :

पिसाब रोकिएमा :

खाने सोडा २ ग्राम, जवाखार २ ग्राम, पदमचाल २ ग्राम, सुप २ ग्राम र गुड ८ ग्राम पिसेर धूलो बनाउनू । हरेक दिन २ ग्राम पानीसँग खानू ।

सुप ४ ग्राम, खरबुजोको बियाँ ४ ग्राम, काँक्रोको बियाँ ४ ग्राम, जङ्गली काँक्रोको बियाँ ३ ग्राम र सानो जातको ओदानेकाँडो ४ ग्राम मिसाएर पिसी १२० मिलिलिटर पानीमा उमाल्नू । छान्नू र दुई दुई ग्राम गुडसँग खाने गर्नू ।

पदमचालको धूलो ५०० मिलिग्राम पानीसँग खाने गर्नू ।

मूसाकाने झार आदिको प्रयोग

(क) भावप्रकाश संहिता :

पिष्ट्वाऽऽखुम(मू)लमुष्णेन चारनालेन पेश्यते । बद्धमूत्रं निहन्त्याशु तथैव करभीभवम् ॥

मूसाकाने झार (आखुमल) को जरा वा रहर (सेतो गिनेरी) को जरा पिसी तातो आरनाल नामक काँजीसँग पिउने गर्नाले पिसाबको अवरोध तुरुन्त नाश हुन्छ ।

नोट : करभीको अर्थ हिन्दी विश्वकोशमा सानो जातको भेडासिङ्गी वा सेतो अपराजिता भनी दिइएको छ । निघण्टुविशेषमा करभीको अर्थ रहर भनी दिइएको छ ।

मोथे आदिको प्रयोग

(क) सुश्रुत संहिता :

मुस्ताऽभयादेवदारुमूर्वाणां मधुकस्य च । पिबेदक्षसमं कल्कं मूत्रदोषनिवारणम् ॥

मोथे, हर्रो, देवदार, मरुईलहरो र जेठीमधुको लेदो एक एक कर्ष (करिब १२ ग्राम) खाने गर्नू । यसले पिसाबसम्बन्धी रोग नाश गर्दछ ।

वस्तिको प्रयोग

(क) अष्टाङ्ग हृदय :

रास्नादि निरूहण वस्ति कल्पले मूत्राघात नाश गर्दछ ।

..वस्तिकर्म च शीलयेत् ।

सबै प्रकारका मूत्राघात रोगमा निरूहण वस्ति र अनुवासन वस्तिको प्रयोग गर्नू ।

(ख) चक्रदत्त, भैषज्य रत्नावली, रस रत्नाकर, वैद्य रहस्य :

वस्तिमुत्तरवस्तिं च दद्यात्...।

वस्ति र उत्तरवस्ति दिनू ।

(ग) भावप्रकाश संहिता :

स्नेहस्वेदोपपन्नस्य हितं स्नेहविरेचनम् । दद्यादुत्तरवस्तिं च मूत्राघाते सवेदने ॥

दुख्ने किसिमको मूत्राघात भए स्नेहन र स्वेदन गरी चिल्ला पदार्थको विरेचन दिनु तथा उत्तरवस्ति दिनु हितकर हुन्छ ।

वस्तिमुत्तरवस्तिं वा सर्वेषामेव दापयेत् ।

सबै थरी मूत्राघातमा रोगमा वस्ति र उत्तरवस्ति दिनू ।

(घ) भावप्रकाश संहिता, योग रत्नाकर, सुश्रुत संहिता :

ताम्रचूडवसातैलं हितं चोत्तरवस्तिषु ।

वीर्यजन्य मूत्राघात रोगमा मा बृंहण उपचार पछि कुखुराको बोसो र तिलको तेलले उत्तरवस्ति दिनू ।

(ङ) सुश्रुत संहिता :

स्नेहस्वेदोपपन्नानां हितं तेषु विरेचनम् । ततः संशुद्धदेहानां हिताश्चोत्तरवस्तयः ॥

रोगीलाई स्वेदन दिई विरेचन गराउनू । यसले रोगी शरीर प्रशोधन हुन्छ, यसपछि उत्तरवस्ति दिनू ।

विदारीकन्द आदिको प्रयोग

(क) भावप्रकाश संहिता : विदारीघृत

विदारी बृषको यूथी मातुलुङ्गी च भूस्तृणम् । पाषाणभेदः कस्तूरी वसुको वशिरोऽनलः ॥
पुनर्नवा वचा रास्ना बला चातिबला तथा । कशेरुविषशृङ्गाटतामलक्यः स्थिरादयः ॥

शरेक्षुदर्भमूलञ्च कुशः काशस्तथैव च । पलत्रयन्तु संहृत्य जलद्रोणे विपाचयेत् ॥
पादशेषे रसे तस्मिन्घृतप्रस्थं विपाचयेत् । शतावर्यास्तथा धात्र्याः स्वरसो घृतसम्मितः ॥
षट्पलं शर्करायाश्च कार्षिकाण्यपराणि च । यष्ट्याह्वं पिप्पलीद्राक्षाकाश्मर्यं सपरुषकम् ॥
एला दुरालभा कौन्ती कुङ्कुमं नागकेशरम् । जीवनीयानि चाष्टौ च दत्त्वा च द्विगुणं पयः ॥
एतत्सर्पिर्विपक्तव्यं शनैर्मृद्वग्निना बुधैः । मूत्राघातेषु सर्वेषु विशेषात्पित्तजेषु च ॥
शर्कराऽश्मरिशूलेषु शोणितप्रभवेषु च । हृद्रोगे पित्तगुल्मे च वातासृक्पित्तजेषु च ॥
कासश्वासक्षतोरस्कधनुः स्त्रीभारकर्षिते । तृष्णाच्छर्दिमनःकम्पशोणितच्छर्दने तथा ॥
रक्ते यक्ष्मण्यपस्मारे तथोन्मादे शिरोग्रहे ।
योनिदोषे रजोदोषे शुक्रदोषे स्वरामये ॥
एतत्स्मृतिकरं वृष्यं वाजीकरणमुत्तमम् ।
पुत्रदं बलवर्णाढ्यं विशेषाद्वातनाशनम् ॥
पानभोजननस्येषु न क्वचित्प्रतिहन्यते ।
, सहसविदारीघृतमित्युक्तं रसायनमनुत्तमम् ॥

विदारीकन्द, असुरो, जूही, बिमिरो, भूतृण, पाषाणभेद, कस्तूरी, साँभरनुन, वशिर नुन, चितू, पुनर्नवा, बोझो, फ्याक्सेकन्द, बलु, अतिबलु, कशेरु, कमलको डाँठ, सिँगडा, भुइँअमला, स्थिरादि गण, राशर, उखु, सानो जातको कुश, कुश र काँस : यी सबै आठ आठ तोला १६ सेर पानीमा पकाउनू । एक चौथाई बाँकी भएपछि एक सेर घिउ, कुरिलो र अमलाको ६४ ताला रस, २४ तोला मिश्री, जेठीमधु, पिप्ला, दाख, खमारी, फाल्सा, अलैंची, दुरालभा, रेणुक, केसर, नागकेशर, र जीवनीयगणका आठ

थरी ओखती हरेक एक एक तोला तथा दुई सेर दूध हाली सानो आगोमा पकाउनू । यसरी विदारीघृत तयार हुन्छ । यो घिउ सबै प्रकारका मूत्राघात, विशेषगरी पित्तजन्य मूत्राघात, शर्करा, पत्थरी, शूल, रगतविकारजन्य शूल, मुटुका रोग, पित्तजन्य गुल्म, पित्तजन्य वातरक्त, खोकी, दम, क्षत, धनुष चलाएर वा मैथुन शरीर सुकेका, तिर्खा, वाकवाकी, मनको पीडा, कम्पन, रगत बान्ता गर्ने, क्षयरोग, छारेरोग, उन्माद, शिरोग्रह, योनिका रोग, रजका रोग, वीर्यका रोग र स्वरभङ्ग आदि स्वरसम्बन्धी रोगमा हितकर हुन्छ । यसले सम्झनाशक्ति बढाउँदछ, वीयवर्धक हुन्छ, उत्तम वाजीकरण गर्ने, पुत्रदायक, वल र वर्ण दिने र विशेषतः वातविकार नाश गर्ने गुणको हुन्छ । यो घिउ पिउन, खान, नस लिन सबैतिर उपयोगी र रसायनी हुन्छ ।

(क) सुश्रुत संहिता :

पृथक्पर्ण्यादिवर्गस्य मूलं गोक्षुरकस्य च ।
अर्धप्रस्थेन तोयस्य पचेत् क्षीरचतुर्गुणम् ॥
क्षीरावशिष्टं तच्छीतं सिताक्षौद्रयुतं पिबेत् ।
नरो मारुतपित्तोत्थमूत्राघातनिवारणम् ॥

विदारीगन्धादि वर्गका ओखती र ओदानेकाँडोको जरा आधा प्रस्थ दूध र त्यसको चौबर पानी हालेर पकाउनू । पानी सुकेर दूध मात्र बाँकी भएपछि झिकेर सेलाउन दिनू । सेलाएपछि मिश्री र मह मिसाएर पिउने गर्नू । यसले मानिसको वातजन्य र पित्तजन्य मूत्राघात नाश हुन्छ ।

वीरतरादि गणका ओखतीको प्रयोग

(क) अष्टाङ्ग हृदय :

क्वाथे वीरतरादेर्वा ताम्रचूडरसेऽपि वा ॥
अद्याद्वीरतराद्येन भावितं वा शिलाजतु ।
सर्वथा चोपयोक्तव्यो वर्गो वीरतरादिकः ॥

मूत्राघात रोगमा वीरतरादि गणका ओखती हालेर पकाइएको काँढापानीमा अथवा कुखुराको मासुको रसमा पेया बनाकर पिउने गर्नू । अथवा वीरतरादि गणका ओखती हालेर पकाइएको काँढापानीमा भिजाएर सिलाजित खाने गर्नू । सबै प्रकारका मूत्राघात रोगमा वीरतरादि गणका ओखतीको प्रयोग काँढापानी पकाउन, पेया बनाउन वा पेय जलका रूपमा गर्नुपर्दछ ।

सखर आदिको प्रयोग

(क) चक्रदत्त, भावप्रकाश संहिता :

गुडप्रगाढं सघृतं पयो वा रोगेषु कृच्छ्रादिषु शस्तमेतत् ॥

सक्खर मिसाइएको घिउ दूधमा हालेर पिउने गर्नाले मूत्रकृच्छ्र आदि रोगमा फाइदा गर्दछ ।

सहस्रजरी आदिको प्रयोग

(क) भावप्रकाश संहिता :

पिबेद्बर्हिशिखामूलं दुग्धभुक्तण्डुलाम्भसा ॥

बर्हिशिखा (सहस्रजरी) को जरा चौलानीमा पिसेर खाई दूधभात खाने गर्नाले मूत्राघात नाश हुन्छ ।

सिलाजित आदिको प्रयोग

(क) अष्टाङ्ग हृदय :

तल्लोपेट अथवा पिसाबसम्बन्धी रोगमा शिलाजित ओखती हुन्छ ।

(ख) चक्रदत्त :

पिबेच्छिलाजतु क्वाथे गणे वीरतरादिके ।

अथवा सिलाजित मिसाएर वीरतरादि गणका ओखतीको काँढापानी पिउने गर्नू ।

(ग) भावप्रकाश संहिता :

पिबेच्छिलाजतु क्वाथे युक्तं वीरतरादिजे ।

(पत्थरीको उपचारका क्रममा बताइएको) सिलाजित हालेर वीरतरादि गणको ओखती हालेर पकाइएको काँढापानीमा पिउने गर्नाले मूत्राघात नाश हुन्छ ।

सौँचरनुन आदिको प्रयोग

(क) चक्रदत्त :

सुरां सौवर्चलवतीं मूत्राघाती पिबेन्नरः ॥

अथवा मूत्राघातका रोगीले सुरामा सौंचर नुन मिसाएर पिउने गर्नू ।

मूत्राघातमा हितकर कुरा

(क) भैषज्य रत्नावली :

अभ्यञ्जनस्नेहविरेकवस्तिस्वेदावगाहोत्तरवस्तयश्च ।
पुरातना लोहितशालयश्च मांसानि धन्वप्रभवानि मद्यम् ॥
तक्रं पयो दध्यपि माषयूषः पुराणकूष्माण्डफलं पटोलम् ।
महार्द्रकं तालफलास्थिमज्जा हरीतकी कोमलनारिकेलम् ॥
गुवाकखर्जूरकनारिकेलतालद्रुमाणामपि मस्तकानि ।
यथामलं सर्वमिदं च मूत्राघातातुराणां हितमाबहन्ति ॥

शरीरमा तेल दलेर मालिस गर्नु, घिउ आदि चिल्लो पिउनु, दिसा लगाउनु, वस्ति लिनु, पसिना निकाल्नु, चिसो पानीमा छिरेर नुहाउनु, उत्तरवस्ति लिनु, पुरानो रातामार्सीको भात खानु, सुक्खा जमिनमा हुने पशुप.क्षीको मासुको रस खानु, मासको यूष खानु, मदिरा पिउनु, मोही, गाईको दूध, दही, पुरानो कुभिण्डो, परबर, बन अदुवा, ताडका फलको गुदी, हर्रो, काँचो नरिवल, सुपारी, खजूर, नरिवलका पालुवा र ताडका पालुवा : यी मूत्राघातका रोगमा हितकर हुन्छन् ।

(ख) योग रत्नाकर :

पुरातना लोहितशालयश्च मांसानि धन्वप्रभवाणि मद्यम् ।
तक्रं पयो दध्यपि माषयूषः पुराणर्कष्माण्डफलं पटोलम् ॥
उर्वारुखर्जूरकनारिकेलतालद्रुमाणामपि मस्तकानि ।
यथामलं सर्वमिदं च मूत्राघातातुराणां हितमादिशन्ति ॥

पुरानो रातोमार्सी चामल, सुक्खा स्थानमा हुने पशुपंक्षीको मासु, मद्य, मोही, दूध, दही, मासको दाल वा यूष, पुरानो कुभिण्डो, परबर; लामो काँक्रोविशेष, खजूर, नरिवल र ताडको मुना वा भेटनुतिरको भाग : यी सबै पदार्थ रोग अनुसार मूत्राघातका रोगीहरूलाई हितकर हुन्छ ।

(ग) वैद्य रहस्य :

घृतशीतपयोन्नाशी चन्दनं तन्दुलाम्बुना । पिबेत्सशर्करं श्वेतं उष्णवाते सशोणिते ॥

घिउ, शीतल पानी र शीतल अन्न खानू । चन्दनको लेदो वा धूलो चौलानीसँग सेतो मिश्री मिसाएर खानू । रगत सहितको उष्णवात नाश हुन्छ ।

(क) सुश्रुत संहिता :

कषायकल्कसर्पींषि भक्ष्यान् लेहान् पयांसि च । क्षारमद्यासवस्वेदान् बस्तींश्चोत्तरसंज्ञितान् ॥२७॥ विदध्यान्मतिमांस्तत्र विधिं चाश्मरिनाशनम् ।

बुद्धिमानले मूत्राघात रोगमा काँढापानी, लेदो, घिउ, भक्ष्यपदार्थ, चटनी, दूध, क्षार, मद्य, आसव, स्वेदन, उत्तरवस्ति र पत्थरी नाशक उपचारको प्रयोग गर्नू ।

मूत्रोदावर्तयोगांश्च कात्स्न्र्येनात्र प्रयोजयेत् ॥

मूत्राघात रोगमा पिसाबजन्य उदावर्त रोगका उपचार विधिको पनि प्रयोग गर्नू ।

बार्नुपर्ने कुरा

(क) चक्रदत्त :

स्त्रीणामतिप्रसङ्गेन शोणितं यस्य सिच्यते ॥ मैथुनोपरमश्चास्य बृंहणीयो हितो विधिः ।

स्त्रीसँग धेरै मैथुनमा सहभागी हुने गर्नाले जुन पुरुषको जननेन्द्रियबाट रगत आउने गर्दछ उसलाई मैथुन गर्न नदिनू र बृंहण उपचार गर्नू ।

(ख) भावप्रकाश संहिता :

स्त्रीणामतिप्रसङ्गेन शोणितं यस्य रिच्यते । मैथुनोपरमश्चास्य बृंहणीयो विधिर्हितः ॥

जसको धेरै मैथुन गरेका कारण पिसाबमा मिसिएर रगत आउने गर्दछ उसले मैथुन रोकी धातु बढाउने उपचार गर्नू ।

(ग) भैषज्य रत्नावली :

विरुद्धानि च सर्वाणि व्यायामं मार्गशीलनम् । रूक्षं विदाहि विष्टम्भि व्यवायं वेगधारणम् ॥ करीरं वमनं चापि मूत्राघाती विवर्जयेत् ॥१

सबै प्रकारका परस्पर विरोधि खानपिन, व्यायाम, पैदल यात्रा, रुखा खानपिन, डाह गर्ने खानपिन, कब्जियत गराउने खालका खानपिन, मैथुन, दिसापिसाब आदिको बेग रोक्ने कार्य, तामा खाने कार्य र बान्ता गर्ने कार्य मूत्राघातका रोगीले नगर्नू ।

(घ) योग रत्नाकर :

विरुद्धाशन सर्वाणि व्यायामं मार्गशीलनम् । रूक्षं विदाहि विष्टम्भि व्यवायं वेगधारणम्॥
करीरं वमनं चापि मूत्राघाती विवर्जयेत्॥

सबै खालका परस्पर विरोधी खानपिन, व्यायाम, पैदल यात्रा; रुखा, डाह गर्ने र कब्जियत गर्ने पदार्थ; मैथुन गर्ने र दिसापिसाब आदिको वेग रोक्ने कार्य; करीर खानु र बान्ता गर्नु : यी कार्य मूत्राघातका रोगीले अहितकर भनी परित्याग गर्नू ।

स्त्रीणामतिप्रसङ्गेन शोणितं यस्य सिच्यते । मैथुनोपरमश्चास्य बृंहणीयो विधिर्मतः ॥

स्त्रीसँग धेरै मैथुनमा सहभागी हुने गर्नाले जुन पुरुषको जननेन्द्रियबाट रगत आउने गर्दछ उसलाई मैथुन गर्न नदिनू र बृंहण उपचार गर्नू ।

(ङ) सुश्रुत संहिता :

स्त्रीणामतिप्रसङ्गेन शोणितं यस्य दृश्यते । मैथुनोपरमस्तस्य बृंहणश्च विधिः स्मृतः ॥

अति धेरै मैथुन गर्नाले जुन् पुरुषको पिसाबमा रगत मिसिएर आउने गर्दछ, उसले मैथुन गर्न छाडी पौष्टिक उपचार गर्नू ।

खण्ड ३
बहुमूत्र रोग

(क) चिकित्सा चन्द्रोदय :

डुम्री (गूलर) को बीजको धूलो, जामुन वा फणिरको बीजको धूलो, सिमलको खोटो, काँचो हलेदोको रस, अमलाको रस, सिमलका नया पालुवा (मूसल) को रस, चुत्रोको धूलो, मजिठो र अश्वगन्धा हाली काँढापानी पकाएर दिनू । सेतो चन्दन, कदमको बोक्राको रस र गुँद भिजाइएको पानी पिउन दिनू । धेरै पिसाब आइरहने रोग ठिक हुन्छ ।

(ख) भैषज्य रत्नावली :

कदलीनां फलं पक्वं विदारीं च शतावरीम् । क्षीरेण पाययेत्प्रातरपां धारणमुत्तमम्॥

केराको पाकेको फल, बिरालेलहरोको गानु र कुरिलोको धूलो बराबर लिई दूधमा घोलेर पिउने गर्नाले स्त्रीहरूलाई हुने बुहमूत्र रोग नाश हुन्छ ।

धात्रीफलस्य रसकं मधुना च पिबेत्सदा । बहुमूत्रक्षयं कुर्यात्क्षारेण वासकस्य च॥

अमलाको रस (दुई चमच) मह (एक चमच) मा मिसाएर खानेगर्नाले अथवा असुरोको पातको रसमा जवाखार मिसाएर बढीमा पाँच ग्राम दिनहुँ बिहान बिहान खाने गर्नाले धेरै पिसाब भइरहने बहुमूत्र नामक स्त्री-रोग नाश हुन्छ ।

(ग) वैद्यरहस्य :

बलामूलत्वचश्चूर्णं ससितं कर्षसम्मितम् । पिबेत्कुडवदुग्धेन मुहुर्मूत्र प्रशान्तये॥

बलुको जराको बोक्राको धूलो र मिश्री एक एक कर्ष (करिब १२, १२ ग्राम) मिसाएर एक कुडव (करिब १९२ ग्राम) दूधसँग पिउने गर्नाले पटकपटक पिसाब भइरहने बहुमूत्र नामक रोग शान्त हुन्छ ।

पथ्याविभीतधात्रीणां चूर्णं चूर्णं मृतायसः । मधुनासह लीढं मुहुर्मूत्र प्रशान्तिकृत्॥

हर्रो, बर्रो र अमलाको धूलो तथा प्रशोधित लोहभस्म मिसाएर महसँग चाट्ने गर्नाले गर्नाले पटकपटक पिसाब भइरहने बहुमूत्र नामक रोग शान्त हुन्छ ।

(घ) शाबरमन्त्रसागर :

जामुनु वा फणिरको बीजको गुदी सुकाएर राम्ररी पिस्नू । तीन तीन ग्राम धूलो बिहानबेलुकी पानीसँग खानू । धेरै पिसाब हुने रोग ठिक हुन्छ ।

कपासका बीजको गुदी दुई ग्राम ७५० मिलिलिटर पानीमा हालेर २५० मिलिलिटर पानी बाँकी हुँदासम्म उमाल्नू । यसपछि छानेर दिनको दुई पटक १२-२४ मिलिलिटर पिउने गर्नू । धेरै पिसाब हुने रोग ठिक हुन्छ ।

फाल्साको बोक्रा १२ ग्राम २५० मिलिलिटर पानीमा रातभर भिजाउनू र बिहान छानेर पिउने गर्नू । धेरै पिसाब हुने रोग ठिक हुन्छ ।

करेलो पिसेर रस निचार्नू । २५ मिलिलिटर रस दिनको दुई पटक पिउनू । लो प्रेशर हुनेले नखानू । धेरै पिसाब हुने रोग ठिक हुन्छ ।

नीमका कोपिला ६० मिलिग्राम पानीमा पिसेर छान्नू । बिहान बिहान पिउने गर्नू । लो प्रेशर हुनेले नखानू । धेरै पिसाब हुने रोग ठिक हुन्छ ।

जाइपत्रि र गुड बराबर मिसाएरमसिनु धूलो बनाउनू । एक एक ग्राम धूलो दिनको दुई पटक खानू । पटकपटक पिसाब आउने रोग नाश हुन्छ ।

जाइपत्री, नागरमोथे, सुठो र भाङ्का बीज बराबर लिई मसिनो धूलो बनाउनू । दिनको दुई पटक ३ ग्रामका दरले पानीसँग खानू । पटकपटक पिसाब आउने रोग नाश हुन्छ ।

कालो तिल, जङ्गली ज्वानु र गुड बराबर लिनू । पहिले कालो तिल र जङ्गली ज्वानु राम्ररी पिस्नू । अनि गुड मिसाएर मोल्नू । सुत्ने बेलामा छ ग्राम खाने गर्नू । पटकपटक पिसाब आउने रोग नाश हुन्छ ।

दालचिनीको धूलो एक ग्राम पानीसँग सुत्ने बेलामा खानेगर्नू । पटकपटक पिसाब आउने रोग नाश हुन्छ ।

गेरु र कुंदर नामक झार बराबर लिई धूलो बनाउनू । सुत्ने बेलामा २ ग्राम पानीसँग खाने गर्नू । पटकपटक पिसाब आउने रोग नाश हुन्छ ।

खण्ड ४
निद्रामा पिसाब गर्नेको उपचार

(क) शाबरमन्त्रसागर :

सुतेको बेलामा पिसाब गर्नेले

अमलाको बोक्रा १० ग्राम, कालो जीरा १० ग्राम र मह ६० ग्राम मिसाई पिसेर सुत्ने बेलामा ६, ६ ग्राम खाने गर्नू ।

अथवा अनारको बोक्रा धूलो पारी पानीसँग ३ ग्राम सुत्ने बेलामा खाने गर्नू ।

अथवा सुकेको सिँगडा र चिनी पिसेर धूलो पारी दिनको दुई पटक ६, ६ ग्राम खाने गर्नू ।